वर्ष : १६, अंक : ४४, काठमाडौं, २०७७ फागुन ७ गते शुक्रबार, 19 February 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## ‘ओलीको तीनवर्षे उपलब्धि हत्या, हिंसा र प्रतिगमन’

कपिलवस्तु । जनता समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले प्रधानमन्त्री केपी शर्मा ओली सरकारको तीनवर्षे उपलब्धि मुलुकमा हत्या, हिंसा, बलात्कार र संविधानमाथिको प्रतिगमन रहेको बताएका छन् । कपिलवस्तुमा सोमबार बिहान आयोजित पत्रकार भेटघाट कार्यक्रममा नेता महतोले यस्तो बताएका हुन् । उनले प्रधानमन्त्री ओलीको तीन वर्ष गफ मात्रै रहेको समेत बताए । ‘देशको प्रधानमन्त्री गफाडी हुनु पनि एउटा उपलब्धि हो । उहाँले चुटकुला दिएको दियै हुनुहुन्छ नि, यो पनि उपलब्धि हो’ महतोले भने । उनले जसपा निर्वाचनका लागि जतिबेला तयार रहेको बताउँदै आफूहरु निर्वाचनबाट कहिल्यै नभाग्ने बताए । उनले भने, ‘प्रधानमन्त्री ओलीले निर्वाचन गराउनका लागि संसद विघटन गराएकै होइन, आफ्नो सत्ता लम्ब्याउनका लागि मात्रै विघटन गरिएको हो ।’ संसद पुनर्स्थापना कि निर्वाचन विषयमा जसपामा दुई धार रहेको भन्ने सञ्चारकर्मीको जिज्ञासामा महतोले भने, ‘जसपामा दुई धार मिडियामा मात्रै देखिएको हो । प्रायोजितरुपमा केही मिडियाबाट प्रचार गराइएको हो ।’
उनले जसपामा कुनै पनि दुई वा चार धार नरहेको प्रष्ट पारे । कांग्रेस र कम्युनिष्ट पार्टी यो देशमा नालायक भइसकेकोले जनताले विकल्प खोजिरहेको अवस्थामा जसपा विकल्प दिन निर्माण भएको उनले दाबी गरे ।

## संविधान खतरामा : निधि

राजविराज । प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानलाई नै खतरामा पार्न खोजेको नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले बताएका छन् । प्रतिनिधिसभा विघटनको विरोधमा सप्तरीले सदरमुकाम राजविराजमा आयोजित विरोधसभालाई सम्बोधन गर्दै निधिले भने, ‘संसद् विघटन गरेर ओलीले संविधानमाथि प्रहार गर्नुभएको छ । संविधान जोगाउन दुई विकल्प मात्रै बाँकी छ ।’
‘जनताले चुनावमा मत हालेर संसदको गठन गर्न सक्छ,’ उनले भने, ‘त्योभन्दा अगाडि अदालतले सटकट तरिकाले पुनर्स्थापना पनि गर्न सक्छ ।’ संसद पुनःस्थापना भए ठीक हुने, तर चुनाव भएपनि कांग्रेस पछाडि नहट्ने उनले बताए । कांग्रेसका सप्तरी सभापति दिनेश कुमार यादवले प्रधानमन्त्री केपी शर्मा ओलीले निरंकुशता प्रदर्शन गर्दै संसद् विघटन गरेको आरोप लगाए ।

# गफमा बितेको तीन वर्ष : प्रतिबद्धता बढी, काम कम

**मधेशवाणी डेस्क**

काठमाडौं । प्रदेश २ सरकार गठन भएको तीन वर्ष पूरा भएको छ । सपथ लिएकै दिन मुख्यमन्त्री लालबाबु राउतले पाँच ‘स’ अर्थात् शिक्षा, स्वास्थ्य, सिँचाइ, सुशासन र सडक) लाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिवद्धता जनाएका थिए । तर उनको प्रतिवद्धता कागजमै सीमित बनेको छ ।

मुख्यमन्त्री लालबाबु राउतले प्रदेश सरकारको ३ वर्षे कार्यकाल पूरा सफल भएको दाबी गर्छन तर उनका ती दाबी भने बोली र कागजमा मात्रै सीमित छन् ।

प्रदेश २ सरकारले आफ्नो कार्यकाल गाली गलौज र गफैगफमा बिताएको प्रतिपक्षी नेताहरुको आरोप छ । उनीहरुले सरकारका बाचा अनुसारका महत्वपूर्ण काम कुनै पनि पूरा गर्न नसकेको टिप्पणी गरे ।

प्रदेशमा शिक्षा र स्वास्थ्यको अवस्था खस्कँदो छ । मल र सिँचाइको अभाव छ । बर्सेनि उत्पादन घटिरहेको छ । सडकको अवस्था जर्जर छ । तर त्यतातिर प्रदेश सरकारको ध्यान छैन ।

हरेक महिना कोही न कोही कर्मचारी घुससहित पक्राउ पर्दै आएका छन र यसले प्रदेश सरकारको सुशासनको अवस्था दर्शाउँदैछ । तर पनि मुख्यमन्त्री लालबाबु राउत यी कुराहरु स्विकार गर्दैनन ।

राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका माध्यमबाट प्रदेशका जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने कार्यलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताए पनि व्यवहारमा भने उल्टो देखिएको छ ।

फागुन ३ गते जनकपुरस्थित मधेश भवनमा पत्रकार सम्मेलन गरी आफू नेतृत्वको सरकारले ३ वर्षमा गरेको उपलब्धिको फेहरिस्त सार्वजनिक गरे जसमा सुशासनको अभावसहितका विषयहरु अटाएनन ।

मुख्यमन्त्री राउतले ‘बेटी पढाऊ, बेटी बचाउ अभियान’लाई ठूलो सफलता ठाने र सोअन्तर्गत हालसम्म ६ हजार ९०६ जना छोरीलाई २० वर्षपछि ३ लाख रूपैयाँ पाउने गरी छोरी बीमारमुद्दती खाता खोली प्रदेश सरकारबाट रकम जम्मा गरिएको जनाए ।



*प्रदेश २ सरकारले आफ्नो तीनवर्षे उपलब्धि सार्वजनिक गर्दै ।*

मुख्यमन्त्री राउतले उपलब्धि ठानेको छोरीहरूको सुरक्षा, शिक्षा र सशक्तिकरणका लागि गरिएको बीमा र साइकल वितरणलाई उनको आफ्नै दल जसपाका साँसदहरूले व्यापक भ्रष्टाचार भइरहेको भन्दै सदनमै पटक-पटक छानबिनको माग गरिसकेका छन् । विपक्षी दलले ‘बेटी पढाऊ, बेटी बचाऊ’ अभियान र ‘मुख्यमन्त्री स्वच्छता अभियान’ कार्यकर्ता पोस्ने थलोमात्र बनेको भन्दै आलोचना गर्छन् ।

स्रोत साधन, कर्मचारी र कानूनको अभावमा प्रदेश सरकारले सोचे अनुसारको काम गर्न नसकेको राउत स्वीकार्छन् । उनी भन्छन्, ‘सेवा प्रवाहमा जनशक्तिको अपर्याप्तता, संघीय कानून समयमै नबन्दा प्रदेश कानून निर्माण र कार्यान्वयनमा जटिलताजस्ता कारणले प्राप्त उपलब्धिलाई संस्थागत गर्न प्रदेश सरकारले कठिन परिस्थितिको सामना गर्नुपरिरहेको छ ।’ प्रत्येक वर्ष आइपर्ने विभिन्न विपद् र संक्रामक रोगको प्रकोपले पनि काम गर्न समस्या भएको उनको भनाइ छ ।

नाम र राजधानी चर्चा

प्रदेश सरकार गठन भएको ३ वर्ष बित्यो तर अहिलेसम्म प्रदेशको नाम र राजधानीको टुंगो लागेको छैन । मुख्मयन्त्री राउतले सरकारको काम सार्वजनिक गर्दा प्रदेशको नाम र राजधानी तयबारे एक शब्द निकालेनन् ।

**तीनवर्षे उपलब्धीको पूर्णपाठ पृष्ठ ४ मा**

प्रदेशको राजधानी जनकपुरधामलाई तोक्ने विषयमा सत्तारुढ जसपा तथा प्रतिपक्षी दल नेपाली कांग्रेस र नेकपाबीच सहमति बनिसकेको थियो । प्रदेशको नाम के राख्नेमा विवादपछि यो विषय सदनमा पुग्यो । तर ‘मधेस’प्रदेश नाम राख्ने विषयमा नेकपा र कांग्रेसले सहमति नजनाउँदा जसपाको प्रस्ताव फेल भयो । त्यसपछि जसपाले पनि राजधानी जनकपुरधामलाई कायम गर्ने प्रस्ताव पास हुन दिएनन् ।

नाम र राजधानीको टुंगो चुनावबाट पनि नलाग्दा करिब एक वर्षदेखि यसबारे सरकार पनि मौन देखिन्छ । कांग्रेसले प्रदेशको नाम मिथिला वा जनक राख्नुपर्ने र नेकपाले मिथिला-भोजपुरा राख्नुपर्ने अडान अझै त्यागेका छैन । प्रदेशको नाम र राजधानी टुंगो नलाग्दा मन्त्रालयहरूको स्थायी भवन निर्माण गर्ने योजना अलपत्र छ । यस प्रदेशमा उद्योग कलकारखाना खोल्न चाहने लगानीकर्ताहरू उदासीन बनेका छन् ।

प्रदेश सभाबाट हालसम्म ४२ वटा विधेयक पारित भइसकेको छ । जसमध्ये ४० वटा प्रदेश प्रमुखबाट प्रमाणीकरण भइ ऐनको रूप लिइसक्यो । तर, कुनै पनि ऐन कार्यान्वयन हुन सकेका छैन ।

दलित सशक्तिकरण, प्रदेश प्रहरी, निजामती कर्मचारी, सुशासनका लागि लोकपाललगायतका ऐन बनिसक्दा पनि कार्यान्व्यिन गर्न चुनौती देखिएको छ । संघीय सरकारको असहयोगले ऐन कानूनहरू कार्यान्वयन गर्न नसकेको मन्त्रीहरू बताउँछन् ।

प्रदेश लोकसेवा आयोग गठन गरेको डेढ वर्षसम्म कर्मचारी भर्ना भएका छैनन् । आयोगले २८ जना इन्जिनियर माग गरेपनि त्यसको प्रक्रिया कहिल्यैदेखि शुरू हुने अन्योल छ ।

मुख्यमन्त्री राउतले आफ्नो उपलब्धिमा कोरोना भाइरसको सम्भावित संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा खटिएका जनशक्तिलाई जोखिम भत्ता दिएको भनेर झुटो विवरण पेस गरेका छन् ।

कोरोना संक्रमण नियन्त्रण खटिएका प्रदेश २ का कुनै जिल्लाका जनशक्तिले जोखिम भत्ता पाएका छैन । यतिसम्म कि तलब पनि धेरैले पाउन नसकेको गुनासो गर्छन् । सिरहा अस्पताल, जनकपुरको प्रादेशिक अस्पताल, वीरगञ्जको नारायणी अस्पताल लगायतका जनशक्तिले त पटक पटक आन्दोलन गरेका छन् । तर, प्रदेश सरकार उनीहरुलाई तलब र जोखिम भत्ता उपलब्ध गराउने चासो देखाएको छैन ।

प्रदेश २ सरकारले अनुत्पादक क्षेत्रमा अत्यधिक रकम खर्चिएको छ । मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत पोखरी, मन्दिर तथा मस्जिदहरू सौन्दर्य नाममा कैयौं रकम प्रदेश सरकारले खर्च गरेको हो । जसको चौतर्फी आलोचना भइरहेको छ ।

मुख्यमन्त्री राउतले सार्वजनिक गरेको उपलब्धिहरूको विवरणमा भनिएको छ, ‘जानकी मन्दिरको सौन्दर्यीकरणको काम अन्तिम चरणमा पुगेको छ । धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धन गर्ने उदेश्यले प्रदेश २ का विभिन्न स्थानमा रहेको सांस्कृतिक सम्पदाहरुको सौन्दर्यीकरण गर्ने कार्य भइरहेको छ ।’ तर हालसम्म सौन्दर्यीकरणको नाममा कति रकम खर्च भएको कुरा उल्लेख गरिएको छैन ।

मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत एउटै पोखरीको सौन्दर्यीकरण गर्न ३० करोड रुपैयासम्म खर्च गरिएको छ । सबभन्दा कम ३ करोड पोखरीमा खर्च गरेको देखिन्छ । यसरी पोखरी सौन्दर्यीको नाममा ठूलो रकम खर्च गरेर प्रदेश सरकारले गल्ती गरिरहेको भन्दै प्रदेशमा चौतर्फी आलोचना भइरहेको छ ।

## प्रदेश २ को दलित विकास समितिका पदाधिकारीहरु नियुक्त



जनकपुरधाम । प्रदेश २ को सरकारले दलित विकास समितिका पदाधिकारीहरु नियुक्त गरेको छ । सामाजिक विकास मन्त्रालयको पहिलो ऐनको रुपमा स्वीकृत भएको दलित सशक्तीकरण सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन २०७६ अनुसार बिहीबारको मन्त्रिपरिषद्ले दलित विकास समितिको उपाध्यक्ष र सदस्यहरु नियुक्ति गरेको छ । दलित विकास समितिको उपाध्यक्षमा दलित अधिकारकर्मी सर्लाहीका रामप्रबेश बैठालाई नियुक्त गरिएको छ । यस्तै, सदस्यहरुमा सिरहाकी सेवकी देवी दास, सप्तरीका श्यामसुन्दर सरदार, रौतहटका राजकुमार दास तत्मा र सिरहाकी सुनिता मरिक रहेका छन् । सामाजिक विकासमन्त्री नवलकिशोर साहको सिफारिसमा मन्त्रिपरिषदले उक्त निर्णय लिएको हो ।

## ‘भारतबाट २० लाख डोज कोरोना खोप खरिद गरिने’



काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्री हृदयश त्रिपाठीले भारतको सेरम इन्सटिच्युट अफ इडियाबाट २० लाख डोज खोप खरिद गर्ने प्रक्रिया पूरा भएको बताएका छन् । बिहीबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री त्रिपाठीले ४ डलरका दरले सहुलियतमा खरिद गर्न लागेको उक्त खोप दुई साताभित्र नेपाल आउने जानकारी दिए । ‘प्रतिडोज चार डलर तिरेर २० लाख डोज खरिद गर्ने प्रक्रिया पूरा गरिसकेका छौं । आउने दुई हप्तामा उक्त खोप नेपाल आइपुग्ने अवस्था छ,’ मन्त्री त्रिपाठीले भने । उक्त खोप फागुन २३ गतेदेखि जोखिम समूहमा रहेका ५५ वर्षभन्दा माथिको उमेर समूहका व्यक्तिलाई लगाइनेछ । यसअघि अस्पताल र खोप केन्द्रबाट खोप लगाइने गरिएकोमा अब समुदायमा गएर खोप लगाइने मन्त्री त्रिपाठीले जानकारी दिए । त्यसबाहेक कोभ्याक्सले प्रतिवद्धता जनाएअनुसार साढे २२ लाख डोज खोप प्राप्तीका लागि आफूहरुले सम्पूर्ण प्रक्रिया पूरा गरेको पनि मन्त्री त्रिपाठीले जानकारी दिए ।

## कांग्रेसको महाधिवेशन भाद्रमा



काठमाडौं । नेपाली कांग्रेसको १४ औं महाधिवेशन आगामी भाद्रको ७ देखि १० गतेसम्म गर्ने प्रस्ताव गरिएको छ । फागुन पहिलो साता महाधिवेशन गर्ने कार्यतालिका कार्यान्वयन नहुने भएपछि त्यसलाई परिमार्जन गर्दै कांग्रेसले भाद्र पहिलो साता महाधिवेशनको प्रस्ताव गरेको हो । बैठकका पार्टीका तर्फबाट महामन्त्री पूर्णबहादुर खड्काले महाधिवेशनको नयाँ मितिको प्रस्ताव बैठकमा गरेका थिए । यसका साथै पार्टीको महाधिवेशन अन्तरगत बडास्तरको अधिवेशन असार २० गतेबाट प्रारम्भ गर्ने प्रस्ताव बैठकमा गरिएको छ । पार्टीको केन्द्रीय समितिको बैठकमा सभापति देउवाको हालको कार्यकाल छ महिना थप गर्ने प्रस्ताव समेत गरिएको छ । देउवा नेतृत्वको पार्टीको केन्द्रीय कार्यसमितिको पाँच वर्षको कार्यकाल आगामी फागुन १० गते सकिदैछ । यसअघि पार्टीले एक वर्ष कार्यकाल थप गर्ने निर्णय गरेको थियो । काँग्रेसको विधान अनुसार पार्टीको कार्यसमितिको कार्यकाल चार वर्ष हो । बैठकमा पार्टीको विधान संशोधन गर्ने प्रस्ताव समेत बैठकमा राखिएको जनाइएको छ ।




# निकासका लागि सर्वदलीय गोलमेच सम्मेलन



**सत्यनारायण मण्डल**

देशमा उत्पन्न राजनीतिक संकटको निकास बहुत गाह्रो छ । किनभने यस देशका भ्रष्ट नेताहरुले देशलाई यस्तो परिस्थितिमा पुर्‍याइसक्यो कि संसदको पुनर्स्थापना हुँदा पनि फेरि संसदमा प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने अवस्था आउँछ । विश्वासको मतमा हर्स ट्रेडिङ, खिचातानी, सांसद खरिद बिक्री इत्यादि हुन्छ अनि ठूलो झडपको स्थिति उत्पन्न हुन्छ । यदि संसदको पुनर्स्थापना नभए घोषित मिति बैशाख १७ र २७ गते नहुने नै देखिन्छ । तोकिएको मितिमा निर्वाचन सम्पन्न गराउनका लागि निर्वाचन आयोग पूर्ण तयारीका साथ बसेको छैन । अहिले दल दर्तासम्बन्धी आह्वान नै भएको छैन । नेकपाको दलीय विवाद समाधान नै भएको छैन । यस कारणले यी सबै कुराहरु समाधान गर्दागर्दै बैशाखको १७ र २७ आइहाल्छ र चुनाव हुँदैन । यसकारणले वर्तमान अवस्थामा संसदको पुनर्स्थापना वा चुनाव होस् दुवै स्थितिमा मुलुकमा संकट नै बढ्ने देखिन्छ ।

अहिलेको राजनीतिक संकटको निकास एउटा मात्रै छ । प्रधानमन्त्रीले सर्वदलीय गोलमेच सम्मेलनको आह्वान गर्नुपर्दछ । यो समस्याको समाधानका लागि अविलम्ब सर्वदलीय गोलमेच सम्मेलन आह्वान होस् । सबै दलका प्रतिनिधिहरु एक ठाउँमा बसेर यस समस्याको समाधान कसरी गर्न सकिन्छ भनेर एउटा समझदारी पत्र तयार गर्ने, त्यसमा सबै पार्टीका अध्यक्षहरुले हस्ताक्षर गर्ने गरी समस्याको समाधान गर्नुपर्छ । त्यो गोलमेच सम्मेलनबाट जे निर्णय हुन्छ, त्यो निर्णयलाई सबै दलले मान्ने गरी यो समस्याको समाधान गरिनुपर्दछ । त्यसअनुसार देशलाई तीव्र गतिमा अगाडि बढाउनुपर्छ ।

यदि सर्वदलीय गोलमेच सम्मेलनबाट एउटा समझदारी बनेन भने मुलुकमा बहुत संकटपूर्ण अवस्थाको सिर्जना हुनेछ । संसद पुनर्स्थापनाबारे अहिले सर्वोच्च अदालतमा बहस भइरहेको छ । यदि पुनर्स्थापना भयो भने संसदमा युद्धको स्थिति सुरु हुन्छ । संसदमा केपी ओली र प्रचण्ड-माधव नेपाल समूहबीच घमासानको स्थिति हुन्छ र विश्वासको मत लिँदा घोडा किनबेच जस्तै सांसदको खरिद बिक्री होला, पार्टीहरु टुटफुटको स्थितिमा जाला । संसदको भित्र र बाहिर मारपिटको स्थिति हुनसक्छ । त्यसपछि पनि संसदको निकास निस्केन भने संकटकालको घोषणासम्म हुनसक्छ । सैनिक शासन लागू हुनसक्छ । त्यसबाट उत्पन्न परिस्थितिले अनेक किसिमका वितण्डा हुनसक्छ । त्यसपछि देशभन्दा बाहिरका शक्तिहरुले चलखेल सुरु गरेर गृहयुद्ध सुरु भई विखण्डनको स्थिति पनि हुनसक्छ । यसकारणले प्रतिनिधिसभाको स्थितिमा यस्तो किसिमको परिस्थिति आउन सक्छ ।

अहिले नेकपाको आधिकारिकतासम्बन्धी मुद्दा निर्वाचन आयोगमा लम्बित छ, आयोगले आफ्नो झझल्को दिइसकेको छ । आयोगले सूर्य चुनाव चिन्हलाई डिफ्युज गर्छ, उसले कुनै पनि पार्टीलाई मान्यता दिँदैन । यो मुद्दा पनि सर्वोच्च अदालततिर जान्छ । त्यसले गर्दा बैशाख १७ र २७ गते तोकिएको मितिमा चुनाव पनि हुँदैन । चुनाव भएन भने मुलुकमा संवैधानिक शून्यता कायम हुन्छ । किनभने संसद विघटनको ६ महिनाभित्र चुनाव भएन भने संविधान नै डिफ्युज भएर जान्छ । शून्यता कायम भएपछि जो प्रधानमन्त्री हुन्छ, उसले संकटकाट घोषणा गरेर आफ्नो कार्यकाल लम्ब्याउँछ ।

त्यसकारणले यो स्थितिमा प्रतिनिधिसभाको पुनर्स्थापना वा चुनावले मुलुकमा संकटकालको अवस्था सिर्जना हुन्छ । देश गृहयुद्ध र विदेशी चलखेलको अखाडा जाने भएकोले यदि नेताहरुमा बुद्धि छ भने यिनीहरुले सर्वदलीय गोलमेच सम्मेलन गरोस् । नभए अहिले वर्तमान अवस्थाले देश पश्चगमनतिर जाने दिशामा धकेलिसक्यो ।

जुन बेला मधेशमा सयौं नागरिकको छाती र टाउकोमा गोली ठोकेर संविधान आयो, त्यसैबेलादेखि हामी भनिरहेका छौं कि यो संविधानमा २८ प्रतिशत जनताले मात्रै अपनत्व ग्रहण गर्न सकेका छन् । एकल जातीय निरंकुश संविधान बनाएको हुनाले यो संविधान टिक्दैन र जसरी ६ वटा संविधान खारेज भयो, त्यस्तै यो सातौं संविधानको पनि कालगतिले मृत्यु हुन्छ भन्ने कुरा अहिले प्रमाणित भयो । यो सातौं संविधान अब कुनै पनि हालतमा टिक्नेवाला छैन । किनभने यो संविधानले २८ प्रतिशत

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# प्रदेश सरकारहरूको तीनवर्षे यात्रा

प्रदेश सरकारहरु गठन भएको फागुन ३ गते तीन वर्ष पूरा भएको छ । २०७४ फागुन ३ मा गठन भएयता प्रदेश सरकारहरूले जनताको तहसम्मै प्रत्यक्ष अनुभूति हुने गरी काम गर्न नसकेको आमबुझाइ छ ।

जनशक्ति, संरचना, कानुन, पूर्वाधारलगायत क्षेत्रका सबैजसो काम नयाँ भएकाले पहिलो वर्ष अलमलमै बिताएका प्रदेश सरकारहरूले पछिल्ला दुई वर्ष पनि गतिशील बनाउन सकेका छैनन । कानुन निर्माण र विकासका काममा केन्द्रित भएर जनमुखी बनिरहेको दाबी गरिए पनि सरकार गठनताका गरेका प्रमुख निर्णय नै कार्यान्वयन गर्न सकेका छैनन । नेकपा नेतृत्वको सरकार रहेका ६ वटा प्रदेशमा पार्टी विभाजनले झन् अन्योल थपिदिएको छ ।

वस्तुतः प्रदेश सरकारले लगानी, योजना र बजेट कार्यान्वयन गरेर संघीयताको अनुभूत गराउन सकेको छैन । यस अवधिमा राजनीतिक रूपमा मात्रै केही काम भएको देखिन्छ । सरकारले संघीय संरचना र कानुनहरू बनाउनु सकारात्मक भए पनि आर्थिक र सामाजिक क्षेत्रमा हात पनि हाल्न नसक्नु दुर्भाग्य हो ।

प्रदेश २ मा जनता समाजवादी पार्टीको बहुमतको सरकार छ। संघीयता कार्यान्वयन हेतु प्रदेशलाई दिइएको अधिकार खोसेको भन्दै यहाँको सरकारले संघीय सरकारविरुद्ध आधा दर्जन मुद्दा हालेको छ/ । जसमा सागरनाथ वन परियोजना, सिँचाइ, प्रहरी समायोजन, कर्मचारी समायोजनलगायत छन् । प्रदेश सरकारले संघीयता कार्यान्वयनको आधार तय गर्न र सामाजिक रूपान्तरणकै काममा सरकारले तीन वर्ष खर्चिएको दाबी गर्छ तर व्यवहारमा भने देखिएको छैन ।

च्याउको बीउ तथा घाँस-पराल काट्ने यन्त्र वितरण, लोक सेवा तयारी कक्षा

**प्रदेश सरकारले संघीयता कार्यान्वयनको आधार तय गर्न र सामाजिक रूपान्तरणकै काममा सरकारले तीन वर्ष खर्चिएको दाबी गर्छ तर व्यवहारमा भने देखिएको छैन ।**

सञ्चालन, शौचालय निर्माणजस्ता टुक्रे योजनालाई समेत प्रदेश सरकारले तीन वर्षको उपलब्धिका रूपमा व्याख्या गरेका छन् । सोचेजति काम गर्न नसकिए पनि सरकार गठनको तीन वर्षमा जनताको समस्या पहिचान भने भएको छ । सुरुवातका वर्षमा केही राम्रा कार्यक्रम ल्याएर चर्चा बटुलेको प्रदेश २ सरकार पछिल्ला वर्ष सुस्त देखिएको छ। विकास निर्माणमा गति बढाउन सकेको छैन । प्रदेश २ सरकारमाथि फजुल खर्च तथा आर्थिक अपारदर्शिताको औँला उठिरहेको छ। सुरुवातमा निकै चर्चित बनेका केही महत्वपूर्ण कार्यक्रमलाई प्रदेश सरकारले निरन्तरतासमेत दिन सकेको छैन ।

तर, आफ्नो तीनवर्षे सफलता सार्वजनिक गर्दै मुख्यमन्त्री महोम्मद लालबाबु राउतले ९३ बुँदे उपलब्धि पढेर सुनाए। उनले पछिल्लो तीन वर्षमा ३९ वटा कानुन बनाएर उपलब्धि गरेको दाबी पनि गरे। बेटी पढाउ बेटी बचाउ अभियान, एक सहिद परिवार एक रोजगारी, ३९ विधेयक प्रमाणीकरण, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, मुख्यमन्त्री स्वच्छता अभियान, प्रत्येक निर्वाचन क्षेत्रमा पाँच किलोमिटर कालोपत्रे सडक निर्माणलगायतलाई उपलब्धिका रूपमा प्रदेश २ सरकारले लिएको छ ।

ठूलो चर्चा गरिएको 'मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ' कार्यक्रमअन्तर्गत २४१ वटा विद्यालयका १४ हजार किशोरीलाई साइकल वितरण गरिएको तथा सात हजार छोरीको खातामा शिक्षा बीमाको रकम गराइसकेको सरकारले जनाएको छ। तर केही महिनादेखि यो कार्यक्रमअन्तर्गत बीमा पोलिसीको रकम टुंगो नलाग्दा कार्यक्रम नै प्रभावित भइरहेको छ । प्रदेश सरकार गठन भएको ३ वर्षमा प्रदेशको नाम र राजधानीको टुंगो लागेको छैन । मुख्मयन्त्री राउतले सरकारको काम सार्वजनिक गर्दा प्रदेशको नाम र राजधानी तयबारे एक शब्द निकालेनन् ।

नाम र राजधानीको टुंगो चुनावबाट पनि नलाग्दा करिब २ वर्षदेखि यसबारे सरकार पनि मौन देखिन्छ । कांग्रेसले प्रदेशको नाम मिथिला वा जनक राख्नुपर्ने र नेकपाले मिथिला(भोजपुरा राख्नुपर्ने अडान अझै त्यागेका छैन । प्रदेशको नाम र राजधानी टुंगो नलाग्दा मन्त्रालयहरूको स्थायी भवन निर्माण गर्ने योजना अलपत्र छ । यस प्रदेशमा उद्योग कलकारखाना खोल्न चाहने लगानीकर्ताहरू उदासीन बनेका छन् ।

प्रदेश सभाबाट हालसम्म ४२ वटा विधेयक पारित भइसकेको छ । जसमध्ये ४० वटा प्रदेश प्रमुखबाट प्रमाणीकरण भइ ऐनको रूप लिइसक्यो । तर, कुनै पनि ऐन कार्यान्वयन हुन सकेका छैन । दलित सशक्तिकरण, प्रदेश प्रहरी, निजामती कर्मचारी, सुशासनका लागि लोकपाललगायतका ऐन बनिसक्दा पनि कार्यान्व्यन गर्न चुनौती देखिएको छ। संघीय सरकारको असहयोगले ऐन कानूनहरू कार्यान्वयन गर्न नसकेको मन्त्रीहरू बताउँछन् । प्रदेश लोकसेवा आयोग गठन गरेको डेढ वर्षसम्म कर्मचारी भर्ना भएका छैनन्। आयोगले २८ जना इन्जिनियर माग गरेपनि त्यसको प्रक्रिया कहिल्यैदेखि शुरू हुने अन्योल छ ।

# राजनीतिमा नैतिक मूल्यको शून्यता

**विचार - विश्लेषण** भाग-८४



उपेन्द्र झा

वर्गीय राज्यसत्ताले जनउत्तरदायी राजनेता उत्पादनभन्दा शासक उत्पादनमा बढी जोड दिएको छ । देशमा परिवर्तनको दबाबलाई अनिच्छापूर्वक स्वीकार गरी समाजवाद र साम्यवादी दर्शनको अभ्यास वर्गीय स्वार्थ हितमा बडो नाटकीय ढंगले गरेको यो सूक्ष्म षड्यन्त्रको जनतालाई किञ्चित अनुभव हुन दिएको छैन । यो र त्यो बहानामा नेपाली कांग्रेस र नेकपा राजनीतिलाई महँगो बनाएर जनताको पहुँचभन्दा टाढा लगेर आफ्नो पूर्ण वर्चस्व कायम गरेको छ ।

परिवर्तनको स्वाद चखाएर सम्पूर्ण हिस्सामाथि यी दुई पार्टीका तथाकथित नेताहरुको एकाधिकार कायम छ । यति खर्चिलो चुनाव आमजनताले लड्नै सक्दैन । नीति निर्माणको तहसम्म आमजनताको पहुँच नभएसम्म समाजवाद वा अन्य जनहितवादको जनताले अनुभव गर्न सक्दैन । भ्रष्टाचारबाट अकूत धनराशी जम्मा गरेर राजनीतिमा एकल वर्चस्व कायम गरेका शासकवर्गले मात्र चुनाव जित्ने सौभाग्य प्राप्त गर्दछ । चुनावमा जनता उपभोगको वस्तु मात्र बन्दछ ।

आफ्नो हक अधिकार सुनिश्चित गर्न ल्याइएको संविधानसभालाई शासकवर्गले मनोनुकूल प्रयोग गरे । आम जनताको विरोधको बाबजुद पनि आफ्नो स्वार्थ अनुसारको संविधानलाई बलपूर्वक लागू गरे । आज त्यहीं संविधानको औचित्यमाथि प्रश्न खडा गरेको छ । तीन वर्ष नपुग्दै संविधानको औचित्यमाथि शासकवर्गले नै प्रश्न चिन्ह खडा गरिदिएको छ ।

नेपालमा राणाकालीन समयमा 'मुखे कानून' को प्रचलन रहेको बुढापाकाहरुको मुखबाट सुनिन्थ्यो । त्यसको छाया अहिलेको उदार शासन प्रणालीमा खुबै देख्न पाइन्छ । पहिले निरंकुश सामन्तको रुपमा राणाहरु शासक थिए भने अहिले जनप्रतिनिधिको रुपमा उदार सामन्तहरु शासकको रुपमा विद्यमान छन् । राणाहरुको मुखे कानून अहिले उदारवादी शासकहरुमा अहिले प्रष्ट रुपमा देखिएको छ ।

अनैतिक बाटोबाट पद प्राप्त गरी आर्थिक अनियमितताको माध्यमबाट धनलाभ गरी पुनः चुनावबाट नीति निर्माणको तहमा आउने पार्टीका चाटुकारहरुलाई आमजनता र जनप्रतिनिधि भनिएको छ । चुनावमा करोडौंको रकम खर्च गरेको निर्वाचन आयोगले देख्दैन, देखेपनि शासकीय वर्चस्वको अगाडि निरीहता प्रदर्शन बाहेक कुनै कारबाही गर्न सक्दैन । कारबाही गर्नै पर्‍यो भने शोख मेटाउन आइपुगेका नयाँ उम्मेदवारहरु बलीका बोका बन्छन् ।

मधेश आन्दोलनदेखि सजग भएका यी शासकहरु वर्गीय राजनीतिक दुर्गलाई मजबुत बनाउन अनेक सूक्ष्म साजिशलाई जन्म दिएको छ : (१) चुनावलाई महँगो बनाएर जनताको पहुँचभन्दा बाहिर राख्ने, (२) पार्टीका कार्यकर्ता घेरालाई मजबुत बनाउन चुनावमा जिताएर ल्याउने, (३) नीति निर्माणको तहमा शासक वर्गको उपस्थिति देखाउने तथा (४) जनविश्वास हासिल गर्न लोकतन्त्र र सर्वहाराको मुकुण्डो लगाई राख्ने । शासकवर्गका यी मिहिन रणनीतिक कार्ययोजना हुन् जसका माध्यमबाट यिनी अजेय बनेका छन् ।

नेपाली कांग्रेस बुर्जुवा पार्टी हुन् । यिनले पुँजीपति वर्गको हित सोच्छ भनेर दिनरात आमजनतालाई पाठ घोकाउने नेकपा आफ्नो दुई तिहाइको शक्तिशाली सरकार बनेको तीन वर्षमै आर्थिक अनियमिततामा चुर्लुम्म डुब्दा नेपाली जनतामा रहेको कम्युनिष्टप्रतिको मोह टुटेको छ । भ्रमको बादल हटेको छ । जनतामा ओली सरकार अलोकप्रिय हुँदै जाँदा विभिन्न बहानामा प्रतिनिधिसभा भंग गरी पुनश्चः नयाँ छवि बनाउने नाटक मञ्चन गरिएको त्यसै अनुमान गर्न सकिन्छ ।

निरंकुश सामन्ती शासन कठोर जहर थियो भने उदारवादी सामन्ती प्रणाली मन्द जहर हो यसले जनतालाई मर्न दिँदैन बाँच्न पनि दिँदैन । उदारवादी शासन प्रणालीमा तुलनात्मक रुपमा देश र जनता बढी पीडित भएको आम बुझाइ छ ।

आर्थिक रुपान्तर, समान अधिार, समन्यायको माध्यमबाट नेपाललाई विकासशील र समृद्ध बनाउने समाजवादको वैज्ञानिक अवधारणालाई मूर्तरुप दिने नेकपाको दीक्षामन्त्र आफ्नो शक्तिशाली सरकारमा टाँय-टायँ फिस्स भएपछि कम्युनिष्टको आवरणमा शासकको तानाशाही स्वरुप प्रष्टिएको छ । लोकतान्त्रिक सरकारमा हुनुपर्ने गुणहरुको सट्टामा स्वेच्छाचारिता, छलकपट, जाल, फरेब, धोका, चरम भ्रष्टाचार, प्रधानमन्त्रीले नै भ्रष्टाचारलाई प्रश्रय दिएको आरोप आदिको जगमा यो सरकार आलोच्य बन्नु स्वाभाविक हो ।

आफ्नो अकर्मण्यता, भ्रष्ट आचरण आदिलाई लुकाउन र चर्चामा रहन चालिएको प्रतिनिधिसभा विघटनको असंवैधानिक कदमलाई सही सावित गर्न सर्वोच्च अदालतलाई अग्निपरीक्षा दिन बाध्य गरेको, निर्वाचन आयोगलाई निरुत्तर गरेको, ओली पक्षको अनावश्यक जनप्रदर्शन र विपक्षको जनप्रदर्शनको कुनै तुक छैन । मधेश विरोधी संविधान घोषणा गराउने शासक वृत्तका एकजना भूपू प्रधानमन्त्रीलाई मधेशलाई उचालेर आन्दोलन गर्न पठाइएको छ । एउटा शासकलाई अपदस्थ गराई अर्को शासकलाई पद स्थापना गराउन गरिने मधेश आन्दोलन कति उचित हुन सक्ला ?

नेपाली राजनीतिक दल नेकपा र नेपाली कांग्रेसको कठोर पञ्जामा कैद छ । नेपाली राजनीति जबसम्म शासकवर्गको गुलाम बनि रहन्छ, न यो देशमा प्रगति हुन्छ न जनता सुखी हुन्छन् । भ्रष्ट आचरणका यी पार्टीहरुको भ्रष्टाचार गर्ने एक मात्र एजेन्डा रहेका छन् र त्यो प्राप्त गर्न रक्तपातपूर्ण आन्दोलन गर्न पनि तयार रहन्छन् ।

**अहिले ओलीको राजनीतिक रथयात्रा कुन दिशामा जाने, कसैले जानेका छैनन् तर नवीन अकल्पनीय घटना घटाउने कुरामा सबै सशंकित छन् । जनधरातल सचेत नभई नेपालको राजनीतिक स्थिर सम्भव छैन ।**

अहिले ओलीको राजनीतिक रथयात्रा कुन दिशामा जाने, कसैले जानेका छैनन् तर नवीन अकल्पनीय घटना घटाउने कुरामा सबै सशंकित छन् । जनधरातल सचेत नभई नेपालको राजनीतिक स्थिर सम्भव छैन । जनता जागरुक हुन जरुरी छ ।

janukjha24@gmail.com

# मधेशी दलले बिर्सिएका तिवारीको माग




भोला बनिया

तराई काङ्ग्रेसका संस्थापक नेता स्व. रामजनम तिवारी एक यस्ता व्यक्तित्व हुनुहुन्थ्यो जसले कहिल्यै कुर्सीको मोहमा फसेर आफ्नो एजेण्डालाई शासकहरू सामु सर्मपण गरेनन् । पटक-पटक तत्कालीन राजाले मधेशको मुद्दालाई विसाएर मन्त्री बन्न आग्रह गर्दा पनि उनी मधेशको मुद्दा माथी कुठाराघात गरेन्न् । जुन वर्तमानका मधेशी नेताहरूले बुझ्नुपर्ने कुरा हो । तर वर्तमानका मधेशी नेताहरू चाहे त्यो ओली समूहका हुन चाहे त्यो नेपाल-दाहाल समूहका हुन वा काङ्ग्रेसका हुन अथवा जसपाका नेताहरू हुन । यी मधेशी नेताहरू अधिकांश सत्ताको लोलुपतामा फसेका छन । स्व. रामजनम तिवारी जस्ता मधेशको क्रान्तिकारी नेतालाई वर्षको १ दिन पनि राम्ररी सम्झन्नन । जुन मुद्दा स्व. रामजनमतिवारीले वि. स. २००९ सालमा नै उठाएका थिए । त्यही मुद्दालाई वर्तमानका मधेशी नेताहरूले उठाइरहेका छन । उनका मुद्दालाई चोरेर अहिले केही मधेशका नेताहरू आफूलाई जननायक सम्झन्छन । तर सच्चा जननायक त स्व. रामजनम तिवारी नै थिए । अहिलेका मधेशी नेताहरू बाल्यकालमा रहदै अथवा नजन्मदै उनले मधेशका मुद्दाहरू जस्तै सेना प्रहरीमा मधेशीलाई समावेश गरी समानुपातिक प्रतिनिधित्व गराउने, प्रशासनतर्फ समानुपातिक समावेश गर्नुपर्ने, विभिन्न राजनीतिक नियुक्तिमा मधेशीलाई अनिवार्य राख्नुपर्ने, सम्पूर्ण तराईलाई एउटा स्वायत्त प्रदेश बनाउनु पर्ने, भाषा, संस्कृतिको आधारमा विभेद गर्न नपाउने आदि मुद्दाहरू उनले वि. स. २००९ सालमा नै उठाए तर अर्को संस्थापक नेता स्व. वेदानन्द झाको कुर्सी मोहका कारण उनले उठाएका मुद्दाहरू ओझेलमा परे । वर्तमानका युवाहरूले उनले उठाएका मुद्दाहरूलाई आत्म सम्मान गर्दै उनको एजेण्डालाई जोडतोडका साथै उठाउने कर्तव्य देखिन्छ । किनभने वर्तमानका नेताहरू केवल कुर्सीको मोहमा फसेका छन् । यसले गर्दा मधेश वर्तमान नेताहरूको लागिका कुर्सी प्राप्त गर्ने थलो बनेको छ । जुन कदापी राम्रो होइन । स्व. तिवारीले मधेशीलाई उनीहरूकै मातृभाषामा शिक्षा दिनुपर्ने, स्वास्थ्यमा पहुँच हुनुपर्ने, मधेशको संस्कृतिलाई सम्मान गर्नुपर्ने, मधेशको वन जंगललाई संरक्षण गर्नुपर्ने, सरकारी कामकाजको भाषामा मातृभाषाको प्रयोग गर्न पाउनुपर्ने, राज्यले उपलब्ध गराउने अवसरमा समान सहभागिता हुनुपर्ने, मधेशीलाई राष्ट्रिय मूलधारमा ल्याइ उनीहरूको भाषालाई प्राथमिकता दिनुपर्ने, उपेक्षित मधेशी समुदायलाई नेपालीको दर्जा दिनुपर्ने आदि मागहरू स्व. रामजनम तिवारीले उठाएका थिए । उनको यो मुद्दालाई उठाएर वर्तमानमा मधेशी नेताहरू आफूलाई क्रान्तिकारी सम्झन्छन तर स्व. तिवारीलाई वर्षमा १ दिनपनि सम्झन्नन् ।

**वर्तमानका युवाहरूले उनले उठाएका मुद्दाहरूलाई आत्म सम्मान गर्दै उनको एजेण्डालाई जोडतोडका साथै उठाउने कर्तव्य देखिन्छ । किनभने वर्तमानका नेताहरू केवल कुर्सीको मोहमा फसेका छन् ।**

# ओलीको संघीयताविरोधी मानसिकतालाई बल पुऱ्याउँदै प्रदेश २ सरकार

अहिलेका प्रधानमन्त्री केपी ओली आफै घोर संघीयता विरोधी र लोकतन्त्र विरोधी हुनुहुन्छ । अहिलेको घटनाक्रमले पनि यो कुरालाई पुष्टि गरेको छ । पहिला पनि प्रधानमन्त्री ओलीले बाध्यताले संघीयता मानिदिएको भन्ने अभिव्यक्ति दिनुभएको थियो । प्रदेश सरकारको अहिले जुन काम गराई र क्रियाकलाप छ, ओलीको मानसिकतालाई बल दिने खालको छ ।



रामसरोज यादव

प्रदेश २ को संसदीय दलका नेता, नेपाली कांग्रेस

**० प्रदेश २ सरकारको तीनवर्षे अवधिलाई प्रतिपक्षी नेपाली कांग्रेसले कसरी हेरिरहेको छ ?**

– प्रदेश २ सरकारको तीनवर्षे कार्यकाल विकास र पूर्वाधार निर्माणको दृष्टिकोणले असफल नै हो । यो सरकारको करिब ६० प्रतिशत समय बितिसकेको छ । यो सरकारले कार्ययोजना बनाएको थियो, त्योअनुसार प्रदेशस्तरीय देखिने गरी कामै गर्न सकेको छैन । नीति तथा कार्यक्रम राम्रो आएको थियो, हामीले प्रशंसा पनि गऱ्यौं । तर बजेटको पैसा डेढ लाख, दुई लाख गरी कनिका छरेजस्तै देखियो । सरकारको बजेट डेढ दुई लाखको हुँदैन । उपभोक्ता समितिहरु बनाएर कार्यकर्ता पाल्ने, कमिशन खानेभन्दा अन्यथा कुनै राम्रो काम भएको छैन ।

**० तर प्रदेश सरकारले कार्यको विवरण त धेरै राम्रो प्रस्तुत गरेको छ नि ?**

– झुठो बोलेर जनतालाई ठग्नु बेग्लै कुरा हो । प्रदेश २ मा प्रचूर सम्भावना भएको मुख्यगरी तीनवटा कुराहरु छन् । यस प्रदेशमा सबभन्दा ठूलो आधार कृषि हो, पर्यटनको पनि ठूलो सम्भावना छ र उद्योग कलकारखानाको पनि निकै सम्भावना छ । कृषि, पर्यटन र उद्योग व्यवसायको क्षेत्रमा पटक्कै काम भएको छैन । यहाँका अधिकांश जनता कृषिमा निर्भर छन्, यदि कृषि, उद्योग र पर्यटनमा लगानी हुँदैन भने कसरी समृद्धि आउँछ । खेत-खेतमा पानी, हात-हातमा काम भनेर यो सरकारले नारा दिएको थियो । चुरे विनासका कारण वर्षेनी हजारौं बिघा जमीन बालुवामा परिण हुँदै गएको छ । तर, यो सरकारले प्राथमिकता र आवश्यकतालाई टेकेर बजेट छुट्याएको छैन । कुनै पनि उत्पादनमूलक काममा सरकारको लगानी छैन । प्रदेश २ को मानव सूचकांक हेर्ने हो भने लगभग कर्णाली प्रदेशको हाराहारीमा छ । कुनै पनि कुरामा प्रदेश सरकारको विषयगत लगानी छैन । यहाँका मुख्यमन्त्री र मन्त्रीहरुसँग भिजन नै छैन, विकासको प्राथमिकता र सिद्धान्त बुझेका छैनन्, अनि यो सरकारले के गर्छ त ?

**० भनेपछि प्रदेश सरकारको प्रगति विवरण कागज मात्र सीमित छ ?**

– निश्चितरुपमा प्रदेश २ को सरकारले सार्वजनिक गरेको प्रगति विवरण कागजमै सीमित छ, जनतालाई ठग्ने काम हो । यो प्रदेशलाई सबभन्दा समृद्ध, विकसित र सातै प्रदेशमध्ये एक नम्बरको प्रदेश बनाउँछु भने हावादारी कुरा गरेर जनतालाई ठग्नु नितान्त जनविरोधी कार्य हो । यो सरकारले भैंसी बाँड्यो, त्यो भैंसी भूतपूर्वमन्त्री, आफ्ना नातागोतालाई बाँडियो । अहिले पनि धेरै शहीद परिवारहरु रोइरहेका छन् । कमसेकम तिनीहरुका लागि पनि राम्रो काम गरिदिएको भए हुन्थ्यो । अर्को कुरा छोरीहरुलाई साइकल बाँड्ने काम भयो, यो गलत होइन । तर साइकल मात्रै बाँडेर शिक्षाको स्तर राम्रो हुन्छ त ? यो सरकारले अर्बौं रुपैयाँ पोखरी सौन्दर्यीकरणमा लगानी गरेको छ, त्यसले प्रदेशको समृद्धि हुन्छ ? त्यो अर्बौंको लगानी यदि चुरे संरक्षणमा गरिदिएको भए राम्रो हुन्थ्यो ।

**० तर प्रदेश सरकारले संघीय सरकारको असहयोगका कारण राम्ररी काम गर्न पाएन भन्ने गुनासोहरु हुन्छन् नि ?**

– संघीय सरकारले प्रदेश सरकारलाई सहयोग गरेन भन्ने कुरालाई हामी पनि स्वीकार गर्छौं । संघीय सरकारका कारण सचिव तथा मुख्यसचिव सरुवा हुने, कर्मचारीको अभाव हुने एउटा कारण त छ । तर हामीले त करारमा कर्मचारी राख्ने बिल पनि पास गरेका छौं । करारमा कर्मचारी राखेर काम गर्दा हुन्थ्यो नि त । विभिन्न कामहरुमा प्रदेश सरकारको पैसा खर्च भइरहेको छ, त्यसमा कसैले रोकेको छैन । अन्य कामहरु संघीय सरकारले अवरोध गऱ्यो भनेर हुँदैन नि । जबदेखि प्रदेशमा बेटी पढाउ, बेटी बचाउ कार्य आएको छ, तबदेखि महिला हिंसा, बलात्कार, चोरी, डकैती, असुरक्षा लगायतका घटनाहरु सबभन्दा बढी भएको छ । हामीले प्रदेश प्रहरीको कानून पनि संसदबाट सर्वसहमतिले पास गरेका छौं, तै पनि प्रदेश सरकारले प्रदेशमा शान्ति सुरक्षा कायम गर्न सकेन । भ्रूण हत्या त्यतिकै भइरहेको छ, यदि छोरी नै बाँच्दैन भने विद्यालयमा को पढ्न जान्छ ? प्रदेश सरकारले भारतको नक्कल गरेको छ । भारतमा बेटी बचाउ बेटी पढाउ अभियान । बेटी बाँचेपछि पढ्छ । नक्कल गर्दा अक्कल चाहियो नि । त्यसैले यो सरकार असफल नै हो, म यो सरकारलाई ५/७ मार्क मात्रै दिन्छु ।

**० संघीयता कार्यान्वयनमा प्रदेश २ सरकारको भूमिका कस्तो रहयो ?**

– अहिलेका प्रधानमन्त्री केपी ओली आफै घोर संघीयता विरोधी र लोकतन्त्र विरोधी हुनुहुन्छ । अहिलेको घटनाक्रमले पनि यो कुरालाई पुष्टि गरेको छ । पहिला पनि प्रधानमन्त्री ओलीले बाध्यताले संघीयता मानिदिएको भन्ने अभिव्यक्ति दिनुभएको थियो । प्रदेश सरकारको अहिले जुन काम गराई र क्रियाकलाप छ, ओलीको मानसिकतालाई बल दिने खालको छ । यिनीहरुको क्रियाकलापले संघीयता विरोधी संघीय सरकारलाई बल पुऱ्याएको छ ।

**० संघीयता विरोधीलाई प्रदेश २ को सरकारले कसरी बल पुऱ्याएको छ त ?**

– विकास भएको छैन, कमिशन मात्रै खाने, उपभोक्ता समिति बनाउने, कार्यकर्तालाई बाँड्ने । अहिले प्रदेशभरिका जनताले पनि यस्ता गुनासाहरु गरिरहेका छन् र मिडियाहरुमा पनि तथ्यसहित समाचारहरु पनि आइरहेका छन् । प्रदेश २ लाई संघीयताको जननी पनि भन्छन्, भनेपछि यदि यो प्रदेशका जनता नै सन्तुष्ट हुँदैन भने संघीयता असफल भयो, खारेज गरौं भन्न पनि बेर लगाउँदैन प्रधानमन्त्रीले ।

**० प्रदेश २ का बेथितिहरुबारे मिडियामा समाचार आउँदा मुख्यमन्त्री र मन्त्रीहरुले प्रदेश २ लाई बदनाम गर्न खोज्यो, संघीयता विरोधी लगायतका आरोपहरु पनि लगाउँछन् नि ?**

– जो मान्छे गलत हुन्छ, उसमाथि आरोप लाग्ने गर्छ । यदि मिडिया, नागरिक समाज वा प्रतिपक्षले कमी कमजोरी उजागर गर्छ भने त्यसलाई सकारात्मकरुपमा लिनुपर्छ । मिडिया र प्रतिपक्षाको काम नै हो कि कमीकमजोरीलाई उजागर गर्ने । काम गर्ने मुख्यमन्त्री, मन्त्री वा नेताले यस्ता कुरालाई सकारात्मक लिन्छ, तर जो कामै गर्दैन, भ्रष्टाचारमा लिप्त हुन्छ, उसको कमीकमजोरी बाहिर ल्याउँदा उनीहरु उल्टै आरोप लगाउनु स्वाभाविक हो ।

**० भनेपछि, संघीयता कार्यान्वयनमा पनि यो सरकार असफल रहयो ?**

– यो प्रदेश सरकारको क्रियाकलापले संघीयता धरापमा पर्दै गएको छ । प्रदेश २ संघीयताको जननी त हो, मधेशका जनता शहीद भए । प्रदेशको सबभन्दा महत्वपूर्ण कुरो नाम र राजधानीको विषयमा प्रदेशसभामा अड्किएको छ । हामीले सुरुदेखि नै भन्दै आयो कि नाम र राजधानीको प्रस्ताव सरकारले ल्याओस्, तर ल्याएन । बरु हामी सांसदहरुले नै सभामुखलाई विश्वासमा लिएर भित्रबाटै समिति ल्यायौं । उनीहरु भन्छन् मधेश प्रदेश । मधेश आन्दोलनमा धेरै शहीद भए, अंगभंग भए । एक मधेश स्वायत्त प्रदेशको नारा दिएर यिनीहरुले अन्तिम लडाइ लडेका हुन् । एक मधेश भनेको २२ जिल्लाको मधेश हो । यदि यो पाइएन भने यिनीहरु किन आठ जिल्लाको मधेशमा मन्त्री बने, यसलाई स्वीकार गरे । संविधान पनि जलाउने, यही संविधानको सपथ पनि लिने ।

**० प्रदेश सरकारले यो कार्यकालमा प्रदेशको राजधानी र नामाकरण टुंगो लगाउन सक्छ कि सक्दैन ?**

– यो कार्यकालमा प्रदेश सरकारले राजधानी टुंगो लगाउन सक्छ तर नामाकरणमा सक्दैन । किनभने दुई तिहाइ न त सरकारी पक्षलाई पुग्छ न त हामीलाई । प्रदेशको स्थायी राजधानीका लागि यसभन्दा पहिला नै सर्वदलीय सहमति बनिसकेको थियो । तर सत्तारुढ दलको हठका कारण राजधानीको प्रस्ताव विफल बनाइयो । हामीले राजधानीमा सहमति गऱ्यौं र नामाकरणका लागि सहमतिको वातावरण बनाउँदै टुंगो लगाउने भनेका थियौं । तर सत्तापक्षले नामाकरण टुंगो नलागे राजधानी पनि सफल हुन्न दिनौं भन्ने हठ राख्यो । त्यसैले प्रदेशको नामाकरण प्रदेशसभाको यो अवधिमा हुँदैन ।

# अब हामी जेल भरो अभियान सुरु गर्दैछौं



सुरेन्द्र चौधरी

संयोजक, टीकापुर राजबन्दी रिहाइ राष्ट्रिय अभियान

**० टीकापुर घटनामा जेल जीवन बिताइरहेकाहरुको रिहाइका लागि चलाइएको अभियानले के गर्दैछ ?**

– टीकापुर राजबन्दी रिहाइ राष्ट्रिय अभियानको मुख्य दुईटा मागहरु छन् । टीकापुरको विद्रोह विशुद्ध राजनीतिक विद्रोह थियो । राजनीतिक मुद्दा र सवाललाई लिएर त्यो आन्दोलन उठेको थियो । राजनीतिक मुद्दा भएकाले राजनीतिक संवादमार्फत् यसलाई समाधान गरिनुपर्छ । सरकारले यथाशीघ्र वार्ता र सम्वादमार्फत् राजनीतिक तवरले टुंगो लगाउनुपर्छ, सबैको मुद्दा फिर्ता लिनुपर्छ र राजबन्दीहरुलाई निःर्शत रिहाइ गर्नुपर्छ । अर्को कुरा यो मुद्दा अदालती प्रक्रियामा गइसकेकोले अदालत र न्यायिक प्रक्रियाबाट भाग्ने कुरा आउँदैन । सर्वोच्चमा फेरि पुनरावेदन जानुपर्ने होला । आउने दिनमा अदालतले आफ्नो प्रक्रियाबाट यो मुद्दाको छिनोफानो गर्दा यो विषयलाई लिएर जति पनि सरकारी/गैरसरकारी छानबिन समितिहरु बनेका थिए, ती सबै छानबिन समितिहरुको प्रतिवेदन आइसकेको अवस्था छ । सबै प्रतिवेदनहरुलाई प्रमाणको रुपमा ग्रहण गरेर अदालतले यो मुद्दालाई छिनोफानो गरोस् । त्यसका लागि पहिला ती प्रतिवेदनहरु यथाशीघ्र सार्वजनिक गर्नुपऱ्यो भन्ने हाम्रा माग हो ।

**० यो अभियानले अहिलेसम्म के-के गऱ्यो ?**

– अहिलेसम्म हामीले यो अभियानको तहत तराईका जिल्लाहरुमा जनजागरण कार्यक्रम गरिरहेका छौं । थारुहरुले उठाएका मागहरु देशका सम्पूर्ण नागरिकहरुको सरोकारको विषय हो, यो राष्ट्रिय बहसको विषय बन्नुपर्छ । त्यसैले हामी हरेक जिल्लामा गएर सर्वपक्षीय भेलाहरु गर्दै सबैलाई टीकापुर घटनाबारे बुझाउने प्रयास गरिरहेका छौं । तराईको जिल्लाहरुमा हामीले एक चरणको जनजागरण अभियान सम्पन्न गरिसकेका छौं ।

**० प्रधानमन्त्री, मन्त्रीदेखि सबै राजनीतिक दलका नेताहरुले टीकापुर घटनालाई राजनीतिक घटना हो भनेर स्वीकार गरिसकेको अवस्थामा यसलाई राजनीतिक रुपमै समाधान गर्ने पहल किन नभएको होला ?**

– हाम्रो गुनासो पनि यही हो कि यदि सबैले टीकापुर घटनालाई राजनीतिक घटना भनिरहेका छन् भने राजनीतिक रुपले नै किन समाधान गर्ने तर्फ पहल भइरहेको छैन । प्रधानमन्त्री तथा नेकपाका अध्यक्ष केपी शर्मा ओली, प्रचण्ड-माधव नेपाल समूहका अध्यक्ष प्रचण्डले पनि यसलाई राजनीतिक घटना भनिरहनुभएको छ । उहाँहरुले बोलेर मात्रै त हुँदैन, पहल गर्नुपऱ्यो नि त । थारुहरुको गाउँमा गएर आमसभामा यो कुरा बोल्ने, त्यसपछि काठमाडौं आएर चुप लागेर बस्ने, यो विडम्बना छ । केही दिन अगाडि प्रधानमन्त्री केपी शर्मा ओली पनि धनगढी जानुभयो थियो, त्यहाँको आमसभामा बोल्नु नै भएको थियो कि टीकापुर घटनामा थारुहरु दोषी छैनन्, दोषीहरु अर्कै मान्छेहरु छन्, रेशम चौधरी लगायतले न्याय पाउनुपर्छ भनेर भन्नुभएको थियो । प्रधानमन्त्रीसँग उच्चस्तरीय जाँचबुझ आयोग प्रतिवेदन पनि छ, उहाँले पढेर नै भन्नुभएको होला । प्रधानमन्त्रीले बोल्नुभएको जस्तो यदि थारुहरु साँच्चिकै निर्दोष हुन् भने न्याय दिन के कुराले उहाँलाई रोकेको छ त ? मन्त्री लेखराज भट्टले पनि बोल्नुभएको छ कि टीकापुर घटनामा रेशम चौधरी योजनाकार र दोषी पनि होइनन्, दोषी अरु कोही छन् भन्नुभएको छ । यदि दोषी अरु कोही छ भने देखाउनुपऱ्यो, होइन भने राजबन्दीहरुलाई छोड्नुपऱ्यो । रेशम चौधरी लगायतका थारुहरु निर्दोष छन् भन्ने, आफै सरकारको नेतृत्व गरेर बस्ने तर समाधानको कुनै बाटो नै ननिकाल्ने हो भने उहाँहरुको बोलीको के अर्थ हुन्छ । यसले देशमा अर्को विग्रह र द्वन्द्व सिर्जना गर्छ । यदि जिम्मेवार तरिकाले अभिव्यक्ति दिएको हो भने जिम्मेवार तरिकाले समाधान गर्नुपऱ्यो ।

**० उहाँहरुले अभिव्यक्ति दिने काम मात्रै गर्नुलाई कसरी लिनुभएको छ ?**

– अहिले मध्यावधि निर्वाचन घोषणा भएको छ, थारुहरुको भोट चाहिने होला । तर थारुहरु पनि अब राजनीतिक हिसाबले जागरुक भइसकेका छन् । कुन नेताले किन बोल्दैछन्, कुन उद्देश्यले बोल्दैछन् भन्ने कुरा थारुहरुले पनि बुझिरहेका छन् । यदि साँच्चिकै थारुहरुलाई न्याय दिन चाहन्छन् भने गरेर देखाउनुपऱ्यो ।

**० तर टीकापुर घटनामा अदालतले फैसला सुनाइसकेको छ, सरकारले कसरी हस्तक्षेप गर्न सक्छ ?**

– हामीले अदालतको फैसलालाई मान्दैनौं भनेका छैनौं । तर कुनै पनि मुद्दामा हचुवाको भरले फैसला गर्नु हुँदैन । छानबिनका लागि सरकारले नै गठन गरेको उच्चस्तरीय समितिको प्रतिवेदन आइसकेको छ, सरकारसँग त्यो प्रतिवेदन छ । सरकारी स्तरबाट नै छानबिन भएकोले ती तथ्यहरुलाई प्रमाणको रुपमा राखेर फैसला गर्नुपऱ्यो नि । सरकारले नै गठन गरेको छानबिन समितिले के प्रतिवेदन दिएको छ त ? ती कुराहरुलाई अदालतले पनि प्रमाणको रुपमा ग्रहण नगरिकन एकपक्षीय ढंगले निर्णय आउनु दुर्भाग्यपूर्ण छ । अदालती प्रक्रिया भएपनि सरकारले गर्न सक्दैन भन्ने छैन । उहाँहरुले चाहेको अवस्थामा संविधान र कानूनअनुसार नै सरकारी महान्यायाधिवक्ताले एउटा टिप्पणी उठाएर यो एउटा राजनीतिक मुद्दा हो र यसलाई राजनीतिक रुपमा नै कार्यान्वयन गरौं भन्ने कुराबाट प्रधानमन्त्रीले त स्वतः यसलाई फिर्ता लिन सक्नुपर्छ । नभए सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको नेतृत्वमा सरकारले नै बनाएको उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदनअनुसार फैसला गर्नुपऱ्यो ।

**० यो विषयमा प्रधानमन्त्रीसँग तपाईंहरुको छलफल भएको छ कि छैन ?**

– यो सवालमा प्रधानमन्त्रीसँग धेरै पटक कुराहरु भएका छन् । टीकापुर राजबन्दी राष्ट्रिय अभियानको संयोजक हुनुभन्दा पहिला पनि विभिन्न चरणमा सरकारी पक्षहरुसँग वार्ता भएको छ । प्रधानमन्त्रीका सबभन्दा नजिकको मान्छे प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलजीसँग मेरो वार्ता भएको छ । टेलिफोनमार्फत् गृहमन्त्रीलाई चेतावनीसहित मैले भनेको छु । प्रधानमन्त्रीका पार्टीका नेता सुवास नेम्वाङसँग पनि कुरा गरेको छु ।

**० तपाईंहरुको आगामी कदम कस्तो हुनेछ ?**

– हामी आगामी कदम चाल्नुभन्दा पहिला बढीमा दुई हप्ता पर्खन्छौं । यो राजनीतिक मुद्दा भएकोले मन्त्रिपरिषद्ले सम्पूर्ण प्रक्रिया पुऱ्याएर थारुहरुमाथि लगाइएका सबै मुद्दा फिर्ता लिओस्, यति दिनसम्म जेलमा रहेकाहरुलाई क्षतिपूर्तिसहित फिर्ता गरोस् । योभन्दा बढी हामी कुर्न सक्दैनौं । यदि दुई हप्ताभित्र पनि पहल भएन भने हामी देशव्यापीरुपमा दौडाहामा जान्छौं । त्यसपछि हामी सार्वजनिक गिरफ्तारी दिन्छौं । थारु भनेको अपराधी भने सबैलाई थुन्नुस् भन्छौं । त्यसका लागि हामी जनपरिचालन गर्दैछौं । हामी जेल भरौं अभियान सुरु गर्छौं ।

**० थारुहरु जब दोषी नै छैन भने जबरजस्ती दोषी बनाएर राज्यले थुनामा किन राखेको होला ?**

– थारुहरुलाई दमन गर्ने शासकीय चिन्तन र चरित्रको दोष हो । थारुहरुको विरुद्धमा कुनै अमुक दल मात्रै दोषी छैन । थारुहरुले आन्दोलन गर्दै गर्दा शेरबहादुर देउवा, भीम रावल, लेखराज भट्ट, राप्रपाका लोकेन्द्रबहादुर चन्द लगायतले एउटै मञ्चबाट थारुहरुलाई चुनौती दिएका थिए । तिनीहरुको एउटै लक्ष्य थियो कि थारुहरुको माग मुद्दालाई मान्दैनौं, दबाउनु पर्छ । उनीहरु मौसामौसीको छोराछोरी जस्तै एक भएका थिए । त्यसैले टीकापुर घटनाको जिम्मा उहाँहरुले लिनुपर्छ । मधेश जागिसकेको थियो, मधेशले छोड्ने अवस्थामा थिएन । विगतमा थरुहट आन्दोलन हुँदा शासकवर्गलाई के लागेको थियो भने थारु र मधेशी लडिरह्यो भने यिनीहरुबीच कहिल्यै एकता हुनै सक्दैन । जब संविधान जारी भइसकेपछि थारु र मधेशका नेताहरुले पनि महसुस गरे कि हाम्रो साझा एजेन्डा र लक्ष्य छन् भने आपसमै लडेर केही हुँदैन, मिलेरै आफ्ना एजेन्डा स्थापना गरौं भन्नेतिर लागिसकेको थियो । थारु र मधेशीहरु एउटै मञ्चमा बसेर साझा एजेन्डाका लागि जब सँगै संघर्ष गर्छन् भन्ने कुरा शासकहरुका लागि कल्पनाभन्दा बाहिरको कुरा थियो । टीकापुर घटना हुनुभन्दा दुई हप्ताअगाडि एउटा आमसभा भएको थियो, त्यसमा थारु, मधेशी, आदिवासी जनजातिका मुख्य-मुख्य नेताहरु एउटै मञ्चमा साझा संकल्पसहितको भाषण दिएपछि शासकवर्गले मानसिक सन्तुलन गुमायो । अब थारु मधेशीहरुको एकतालाई तोड्न सकिँदैन भनेर आन्दोलन दबाउनका लागि प्रपञ्च रच्यो र त्यसको प्रतिफल थियो टीकापुर घटना ।

**० अब थारु र मधेशीहरुले के गर्ने ?**

– थारुहरुले उठाएको माग र मुद्दा थारुको लागि मात्रै होइन, यसले सम्पूर्ण उत्पीडित वर्ग र समुदायका लागि हो । त्यसैले अब यो आन्दोलन थारुहरुका लागि मात्रै होइन । यो न्यायिक आन्दोलनमा यसमा सबैले साथ र सहयोग दिनुपर्छ । राज्यले नियतवश दमन गर्न खोजिरहेको छ, निर्दोष थारुहरुलाई नियतवश जेलमा राखिरहेको छ । त्यसैले अब हामीले जेल भरो अभियान सुरु गर्दैछौं । त्यसले पनि शासकहरुले सुनेन भने हामी असहयोग आन्दोलनमा जान्छौं । त्यसपछि दुर्भाग्यपूर्ण स्थिति आउन सक्छ । त्यसको सम्पूर्ण जिम्मेवारी अहिलेका राज्य सञ्चालक र प्रधानमन्त्री केपी शर्मा ओलीले लिनुपर्ने हुन्छ ।

**० कस्तो किसिमको असहयोग आन्दोलन ?**

– हामी अत्यन्त शान्तिपूर्ण आन्दोलनमा विश्वास गर्छौं । हामी बन्द, हडताल, आगजनीजस्ता कुरामा विश्वास गर्दैनौं । कुनै पनि हिंसालाई हामीले स्वीकार्न सक्दैनौं । थारुहरुको सबभन्दा ठूलो शक्ति भनेको श्रम हो । जसको श्रमले यो देशका शासकहरु राज गरिरहेका छन् । हामी जनपरिचालन गर्छौं । जसले हामीलाई आफ्नो राजनीतिक अधिकार दिन चाहँदैन, जसले हामीलाई दमन गर्न चाहन्छ, त्यस्ताहरुको काम नगर्नुस् भनेर अभियान चलाउँछौं ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# प्रदेश २ सरकारको तीनवर्षे उपलब्धिको पूर्णपाठ

१. पृष्ठभूमि
नेपालको संविधान २०७२ ले परिकल्पना गरे बमोजिम मुलुक संघीय संरचनामा रुपान्तरण भइसकेपछि वि.सं. २०७४ साल फागुन ३ गते प्रदेश नं. २ को प्रदेश सरकार गठन भएको हो । नेपालको लागि नयाँ स्वरुपको शासन व्यवस्था रहेको संघीय शासन प्रणालीमा प्रदेश सरकारको स्थापना हुँदाका बखत विभिन्न चुनौतीहरुको सामना गर्नु परेको थियो । विभिन्न मन्त्रालय तथा मातहतका निकायहरुको स्थापना, कर्मचारी व्यवस्थापन, भौतिक पूर्वाधारको विकास, सेवा सञ्चालनका लागि कानूनको अभाव लागायतका कैयौं चुनौतिकाबीच प्रदेश सरकारले नागरिक प्रतिको दायित्व तथा जिम्मेवारी निर्वाह गरिरहेको छ । प्रदेश सरकारको काम कारवाहीलाई सुशासनमैत्री बनाई सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, कानून निर्माण, सामाजिक सुरक्षा लगायतका कार्यहरु प्रभावकारी ढङ्गबाट संचालन गरिदैं आएको छ । प्रत्येक वर्ष आइपर्ने विभिन्न विपद, संक्रामक रोगको प्रकोप, सेवा प्रवाहमा जनशक्तिको अपर्याप्तता, संघीय कानून समयमै नबन्दा प्रदेश कानून निर्माण र कार्यान्वयनमा जटिलता, जस्ता कारणले प्राप्त उपलब्धिलाई संस्थागत गर्नप्रदेश सरकारले कठिन परिस्थितको सामना गर्नु परिरहेको छ ।

राजनैतिक उपलब्धिको रक्षा, सुदृढिकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणका माध्यमबाट प्रदेशका जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने कार्यलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको छ ।

२. विशेष कार्यक्रम
(क) छोरीलाई विद्यालय पठाई उनीहरुको वैयक्तिक विकासको अतिरिक्त शसक्तिकरणको माध्यमबाट विभेदमुक्त समाजको निर्माण र समाज रुपान्तरणको लागि प्रदेश सरकारले महिला सशक्तिकरण तथा सामाजिक सुधारका लागि ूबेटी पढाउ, बेटी बचाउ अभियानू सञ्चाकलन गर्दै आएको छ । प्रदेश नं. २ मा जन्मिएका छोरीहरुको सुरक्षा, शिक्षा र सशक्तिकरणका लागि बेटी पढाउ, बेटी बचाउ कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो। यस कार्यक्रम अन्तर्गत हालसम्म छ हजार नौ सय छ (६,९०६) जना छोरीहरुलाई बीस वर्ष पछि रु तीन लाख पाउने गरी छोरी बीमारमुद्दति खाता खोली प्रदेश सरकारबाट रकम जम्मा गरिएको छ । हालसम्म छब्बीस हजार नौ सय छपन्न (२६,९५६) जना छोरीहरुको तथ्याङ्क संकलन गरिएको छ ।

(ख) छोरीलाई विद्यालयमा पहुंच पुर्याउन र प्रोत्साहित गर्ने उद्देश्यले २४१ ओटा सामुदायिक विद्यालयमा १४ हजार साईकल वितरण गरिएको छ। सोही कार्यक्रम अन्तर्गत थप २० हजार साईकल वितरण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

(ग) सामुदायिक विद्यालयमा अध्ययन गरी क्ष्भ् परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्न सफल ८ वटै जिल्लाका उत्कृष्ट २८ जना छात्राहरुलाई जनही प्रथम, दि्बतीय र तृतीयलाई क्रमशः २५ हजार, रु २० हजार र १५ हजार रकम प्रदान गरिएको छ ।

(घ) छोरीहरुको सशक्तिकरण तथा निजामती सेवामा पहुँच बढाउने उद्देश्यले निशुल्क लोक सेवा तयारी कक्षा संचालन गरिएको छ । यसबाटप्रदेशका १०५ जना महिला लाभान्वित भएका छन् ।

(ङ) प्रदेशका ८ वटै जिल्लाका सामुदायिक विद्यालयहरुमा छात्रामैत्री शौचालयको अभावको समस्या समाधान गर्न तथा विद्यालयमा छात्राहरुको पढाइलाई निरन्तरता बढाउने उद्देश्यले १०० वटा सामुदायिक विद्यालयहरुमा छात्रामैत्री शौचालय निर्माण कार्य गरिएको छ।परिणाम स्वरुप पठनपाठनमा छात्राहरुको उपस्थितीमा सुधार आएको छ ।

(च) मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गतधार्मिक पर्यटनलाई बढावा दिन प्रदेश स्थित विभिन्न समुदायमा गौरवको रुपमा रहेको जानकी मन्दिर,रौजा मजार, छिन्नमस्ता भगवती, सहलेश स्थान, पारशनाथ, भिसवा बौद्ध गुम्बाहरुको संरक्षण तथा सौन्दर्यीकरणको कार्य अगाडिबढाइएको छ ।यस अभियान अन्तर्गत २७ वटा पोखरी एवम् सार्वजनिकर पर्यटकीयर धार्मिक स्थलहरुको संरक्षण तथा सौन्दर्यीकरणको कार्य सुरु भएको छ ।साथै प्रदेश स्थित ८ वटै जिल्लाका सेवा प्रवाह गर्ने सरकारी कार्यालय ( मालपोत, नापी, अदालत आदि), र अन्य सार्वजनिक स्थलहरुमा ६० वटा सार्वजनिक शौचालय निर्माण, जनकपुरका उत्तरी भेग एवम् सिराहा जिल्लामा २० वटा ईनार निर्माण, १०० वटा सामुदायिक विद्यालयहरुलगायत अन्य सार्वजनिक स्थलहरुमा खानेपानी सुविधा पुर्याउन १५० वटा ह्यान्ड पम्प जडान गरिएको छ ।

(छ) मधेश आन्दोलनका शहिद परिवारलाई ूएक शहिद परिवार, एक रोजगारू योजना अन्तर्गत २७ जना शहिद परिवारलाई रोजगार उपलब्ध गराईएको छ ।

(ज) प्रदेश सरकारले मधेश आन्दोलनको क्रममा शहादत प्राप्त गरेका नागरिकको सम्मान र स्मरण स्वरुप वीरगंज महानगरपालिकाको तिलावेमा मधेश आन्दोलनशहिद स्तम्भ तथा पार्क निर्माणको कार्य सुरु गरिएको छ।आन्दोलनका क्रममा घाइते व्यक्ति तथा पिडित परिवारलाई राहत उपलब्ध गराइएको छ ।

३. सुशासन, सेवा प्रवाह तथा कानूनी व्यवस्थाः
(क) प्रदेशको सेवा प्रवाहलाई विधिसम्मत, सेवाग्राहीमैत्री बनाउन आवश्यक कानून निर्माणको कार्यलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको छ । हाल सम्म माननीय प्रदेश प्रमुखज्यूबाट ३९ वटाविधेयक प्रमाणित भई कार्यान्वयनमा आएकोछ । साथै २२ वटा विधेयक प्रदेश सभाको विधायन समितिमा विचाराधीन अवस्थामा रहेका छन्।यसबाट प्रदेश सरकारलाई कार्यसञ्चालन गर्न मार्ग प्रशस्त हुनुका साथै संविधान प्रदत्त अधिकारको प्रयोग तथा परिपालनामा सघाउ पुगेको छ ।

(ख) संघीयता कार्यन्वयनमा प्रदेश नं। २ सरकारले नेतृत्वदायी भूमिका खेलिरहेको छ । सोही सन्दर्भमा संबिधानले प्रदान गरेको प्रदेशको अधिकारलाई संस्थागत गर्दै प्रदेशको समग्र विकासका लागि सागरनाथ वन, सिंचाई, प्रहरी समायोजन, कर्मचारी समायोजन लगायतका छ वटा विषयमा संघीय सरकारको विरुद्धमा प्रदेश सरकारले मुद्दा दायर समेत गरेको छ । जसले आगामी दिनमा अधिकार क्षेत्र तथा जिम्मेबारी बाँडफाँडमा स्पष्टता कायम गर्नेछ ।

(ग) सार्वजनिक प्रशासनलाई चुस्त, प्रभावकारी, नतिजामुखी तथा पारदर्शी बनाई सुशासन प्रबर्द्धन गर्न प्रदेश सरकारले जन(लोकपाल ऐन जारी गरेको छ । निजामती प्रशासनलाईव्यवसायिक, मर्यादित र प्रभावकारी बनाउनएवम् निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउने प्रयोजनको लागि प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्तसम्बन्धी कानुनी "प्रदेश निजामती सेवा ऐन,२०७७" हालै जारी गरिएको छ । यसबाट प्रदेशको सार्वजनिक प्रशासन संचालनमा सघाउ पुग्ने छ ।

(घ) प्रदेशको सन्तुलित र समष्टिगत विकासका लागि आवश्यक नीति तथा रणनीतिक योजना बनाउन र नीति निर्माणमा प्रदेश सरकारलाई सहयोग गर्न प्रदेश नीति तथा योजना आयोग गठन भएको छ। उक्त आयोगले प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१) समेत जारी गरिसकेको छ । यसले कृषिको आधुनिकिकरण, व्यसायिक कृषि प्रणालीको विकास, पर्यटकीय क्षेत्रको प्रवर्द्धन र भौतिक विकासका कार्यक्रम कार्यान्वयनका लागि दिशा निर्देश गरेको छ ।

(ङ) मध्यमकालीन खर्च संरचना (२०७६/७७-७८/७९) जारी गरिएको छ । यसबाट प्रदेशमा सञ्चालन गरिने आयोजनाको लागि स्रोतको आँकलन तथा व्यवस्थापन र प्राथमिकिकरण गर्न आधार तयार भएको छ ।

(च) प्रदेश भित्र गर्नु पर्ने बिकासको आवश्यकतालाई पहिचान गरी प्रदेशस्तरीय आयोजना बैंकतयारगरिएको छ ।यसबाट प्रदेशमा सञ्चालन हुने आयोजनाहरुको छनौट गर्न र बजेट सुनिश्चितता गर्न एबम संघीय सरकारबाट उपलब्ध हुने सशर्त, समपुरक र विशेष अनुदान माग गर्न सहज भएको अवस्था छ ।

(छ) प्रदेश पार्श्वचित्र २०७७ प्रकाशन गरिएको छ । यसबाट प्रदेशले जारी गर्ने नीति, रणनीति, योजना, कार्यक्रम तथ्यमा आधारित भइ तर्जुमा गर्न मार्गदर्शन गरेको छ ।

(ज) प्रदेशका आठवटै जिल्लामा कानूनी सहायता अधिकृत नियुक्ती गरी महिला हिंसा, घरेलु हिंसा, जातीय विभेद लगायतका संरचनात्मक विभेदमा परेकाहरुलाई विगत तीन वर्षदेखि निःशुल्क कानूनी सहायता प्रदान गरिदै आइएको छ ।

(झ) प्रदेश तथा स्थानीय शासन प्रणाली र प्रकृयाहरु एवं अन्तर सरकार सम्बन्ध सुदृढ गरी नागरिकहरुको लागि सहकारी संघीयताका लाभहरु अभिबृद्धि गराउने र प्रादेशिक तथा स्थानीय तहको क्षमता अभिवृद्धि गरी नागरिक सेवा र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रमुख उद्देश्यका साथ प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम (Provincial and Local Governance Support Programme – PLGSP) संचालनमा रहेको छ । यसबाट प्रदेशका राजनैतिक नेतृत्व र कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने कार्यको थालनी गरिएको छ।

(ञ) स्थानीयबिकासप्रशिक्षणप्रतिष्ठानअन्तर्गतको ग्रामिण विकास प्रशिक्षण केन्द्र
प्रदेश सरकार अन्तर्गत सञ्चालनमा आएको छ । यसबाट हालसम्म प्रदेश सरकार अन्तर्गत कार्यरत कर्मचारीहरु र स्थानीय तहका जनप्रतिनिधी समेत गरी २९० जनालाई विभिन्न विषयमा तालिम प्रदान गरिएको छ ।

(ट) भूमि, कृषि, पशुपन्छी, मत्स्य तथा सहकारी सम्बन्धी प्रदेश स्तरीय अभिमुखिकरण तालिममा १५५ जना कृषकरउद्यमीहरु तथा १०७ जना प्राविधिकहरुलाई विभिन्न विषयमा प्रशिक्षण दिदै प्रविधिक ज्ञानरसीप दक्षतामा अभिबृद्धि गर्ने कार्य सम्पन्न भएको छ । यसका अतिरिक्त जिल्ला स्तरमा संचालित बिभिन्न तालिम गोष्ठीहरुबाट थप कृषक व्यवसायी, उद्यमीहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।

(ठ) International rice research institute (IRRI), नेपाल कृषि अनुसंधान परिषद् (NARC) को राष्ट्रिय धान वाली अनुसंधान केन्द्र हर्दिनाथ, धनुषा र कृषि यन्त्र परीक्षण तथा अनुसन्धान केन्द्र, नवलपुर सर्लाहीसंगको सहकार्यमा कृषि यन्त्र संचालन एंव मर्मत सम्भार सम्बन्धी तालिम प्रदान गरिएको छ ।

(ड) Technical cooperation facliity (TCF) to the Agriculture Development Qmrategy(ADS) कार्यक्रममार्फत कृषि विकास रणनीति ९ब्क्० सम्बन्धमा प्रदेशका सबै पालिकाहरुमा सचेतना र योजना तर्जुमा बारे सहजिकरण कार्य गरिदै आएको छ। यसबाट स्थानीय तहमा कार्यरत कृषि तथा पशुपन्छी विकासका प्राविधिकहरुलाई कृषि विकास योजना तर्जुमा गर्न आवश्यक पर्ने ज्ञान, सीप तथा दक्षतामा अभिवृद्धि गर्ने कार्य सम्पन्न गरिएको छ ।

(ढ) प्रदेश रेडियो कृषि कार्यक्रम मार्फत रेडियो नेपाल, बर्दिवासबाट प्रत्येक शनिवार अपरान्ह ४ बजे कृषि प्रविधि र समस्या समाधान मूलक सामाग्रीहरुको प्रसारण मार्फत कृषक, कृषि व्यवसायी, प्राविधिकहरुको सचेतना/ज्ञान र सूचना अभिबृद्धिमा टेवा पुर्याहइएको छ।

(ण) Buliding Provincial Capacity for Sustainable Agriculture Mechanization in Nepal(Roadmaps)Project मार्फत CIMMYT Nepal सँगको सहकार्यमा प्रदेश नं २ को लागि सन् द्दण्घण् सम्मका लागि कृषि यान्त्रिकरण सम्बन्धी सोच र रणनीति (vision and strategy) तयार गरी कृषि यान्त्रिकरण सम्बन्धी प्राविधिक क्षमता, सीप र दक्षता विकासका कार्यहरुमा सहकार्य भईरहेको छ । यसबाट प्रदेशमा कृषि यान्त्रिकरण र दीगो सघन खेती प्रणालीको विकासमा सहयोग पुगेको छ ।

४. संगठन संरचना निर्माण र व्यवस्थापन
(क) प्रदेश सरकारलेसार्वजनिक सेवा सहज रुपमा उपलब्ध गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत प्रदेशमा आवश्यक मन्त्रालयहरु सहित ज्ञघण् निकाय तथा कार्यालयहरु स्थापना गरेको छ । प्रदेश सरकारको विभिन्न मन्त्रालय निकाय तथा कार्यालयको कूल दरबन्दी ३,१२५ कायम भएको छ ।

(ख) प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेद्वारको छनौटमा स्वच्छता, निश्पक्षता र योग्यता प्रणालीलाई प्रवर्द्धन गरी रिक्त पदको पदपुर्ति गर्न प्रदेश लोक सेवा आयोग गठन भएको छ । यसले विभिन्न पदहरुको विज्ञापन र पदपूर्ती गर्ने कार्यको शुरुवात गरेको छ । पहिलो चरणमा ईन्जिनियरिङ्ग सेवाको २४ पदमा पदपुर्तिका लागि विज्ञापन समेत प्रकाशन गरिएको छ ।

(ग) २०७७ साल देखिमहोत्तरी र सिरहा जिल्लामा कृषि ज्ञान केन्द्र एवं सप्तरी र बारामा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरुको स्थापना भई संचालनमा ल्याईएको छ। यसबाट कृषकहरुलाई कृषि र भेटेनरी सेवा प्राप्त गर्न सहज भएको छ ।

(घ) सामाजिक विकास मन्त्रालय अन्तर्गत जिल्ला स्तरीय सामाजिकविकास इकाई कार्यालय स्थापना गरिएको छ । यसबाट जनतालाई घरदैलोमै प्रदेश सरकारबाट प्राप्त हुने सेवा उपलब्ध गर्न सहज भएको छ ।

(ङ) आम संचारमाध्यम प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र तथा लोकसञ्चार प्रवर्दन बोर्डको गठन गरीपदाधिकारीको नियुक्ति गरिएको छ । यसबाट नेपालको संविधानले प्रत्याभूत गरेको बिचार तथाअभिव्यक्ति स्वतन्त्रता एवं संचार र सूचनाको हक सुनिश्चित गरीआमसंचार क्षेत्रलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी, मर्यादित रव्यवसायिक बनाई लोकतन्त्रको सुदृढीकरण गर्न मद्दत मिल्नेछ ।

५. वित्तीय व्यवस्थापन तथा आर्थिक सुशासन
(क) प्रदेश सरकार स्थापना भएदेखि हालसम्म सेवा प्रवाह तथा विकास गतिविधि सञ्चालन गर्न १ खर्ब ७ अर्ब बजेट व्यवस्था गरिएको छ । प्रदेश सरकार तथा स्थानीय तहबीच सहकार्य समन्वय तथा साझेदारीको भावना अभिबृद्दि गर्न प्रदेश भित्रका १३६ स्थानीय तहहरुलाई यस अवधिमा वित्तीय हस्तानतरण मार्फत ४ अर्ब ७७ करोड समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान तथा राजश्व बाँडफाँडबाट उपलब्ध गराइएको छ ।

(ख) प्रदेश सरकारलाई संघबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, राजश्वको बाँडफाँट र प्रदेशको आन्तरिक राजश्व समेतबाट यस अवधिमा प्रदेश सञ्चित कोषमा रु।५७ अर्व प्राप्त भई बजेटको व्यवस्थापन गरिएको छ ।

(ग) विकासआयोजना, कार्यक्रमलाई सूचनामैत्री बनाउन बजेट विनियोजन निकासा तथा खर्च एवं प्रतिवेदन प्रणालीलाई प्रविधिमैत्री बनाउन प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) लागू गरिएको छ क्ष यस सूचना प्रणालीसंगै प्रदेशका सबै निकायहरुमा CGAs\ (Computerized Government Accountabliity System), एकल कोष प्रणाली (TSa\ ), PAMs\ (Provincial Asset Management System) लागू गरिएको छ ।

(घ) प्रदेशका सबै निकायको बेरुजुहरुलाई अभिलेखीकरण गरी बेरुजु फर्छ्यौट प्रक्रियालाई प्रभावकारी बनाउन बेरुजुको software तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइएको छ । यसबाट वितीय अनुशासन कायम गर्न मद्दत मिल्ने देखिन्छ ।

(ङ) प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी, जिम्मेबार, पारदर्शी बनाई सरकारको खर्चलाई मित्तव्ययी, प्रभावकारी र परिणाममुखी बनाउने उद्देश्यले प्रदेशका सबै निकायहरुमा लागू हुने गरी खर्च मापदण्ड निर्देशिका २०७७ जारी गरीलागू गरिएको छ। यसबाट चालु खर्चलाई नियन्त्रणमा राख्न सहयोग पुर्यामएको छ ।

६. भौतिक पुर्वाधार विकास तथा विस्तारः
(क) प्रदेश सरकारले एक निर्वाचन क्षेत्र १ सडक कार्यक्रम निर्माणलाई प्राथमिकतामा राखे अनुसार प्रदेशका ६४ वटा प्रदेश सभा निर्वाचन क्षेत्रमा कम्तिमा ५ किामी सडक निर्माण गरी कूल ३२० कि.मी. पक्की सडक निर्माण गर्ने कार्यको थालनी गरिएको छ । यस अवधिमा प्रदेश सरकारले विभिन्न स्थानमा ५०.९५ किमि कालोपत्रे सडक निर्माण,७४.९० कि.मि. पक्की सडक ढलान,१७०.१७ किमि ग्राभेल सडक निर्माण, ५.५४ किमि नाला निर्माण, १४ वटा कल्भर्ट निर्माण, ५९.८१ किमि नयाँ कच्ची सडक निर्माण गरेको छ । प्रदेशका विभिन्न स्थानहरुमा ३० वटा पुल निर्माणको क्रममा रहेका छन् । यी पुल निर्माणका लागि प्रदेश सरकारले बजेटको सुनिश्चितता गरिसकेको छ ।

(ख) प्रदेशको कृषि उत्पादन र उत्पादकत्व बढाई आम कृषकको जीवनस्तर अभिवृद्दि गर्न १६५ वटा नहर प्रणाली मर्मत सम्भार गरीसंचालनमा ल्याइएको छ ।

(ग) २४० वटा डीप टयूबवेल तथा ३३ वटा पावरड्रिल टयूबवेल निर्माण सम्पन्नभई प्रदेशको करिब ५४३० हेक्टर थप जमीनमा सिंचाई सुबिधा पुगेको छ ।

(घ) प्रत्येक जिल्लामा २ वटा क्लस्टर सिंचाई अन्तर्गत पावर ड्रिल ट्यूबवेल निर्माण गरी प्रदेशका करिब १६०० हेक्टर खेतीयोग्य जमीनमा सिंचाई सुविधा प्रदान गर्ने कार्यको थालनी गरिएको छ।

(ङ) नदी कटान र डुबानबाट करिब १५०० हेक्टर खेतीयोग्य जग्गा संरक्षण र २० वटा जोखिमयुक्त बस्ती संरक्षण गरिएको छ ।

(च) २० वटा नयाँ खानेपानी योजनाको शुरुवात गरिएको छ । यस्तै ६५ किमि खानेपानी पाईप लाईन विस्तार गरी स्वच्छ खानेपानीको व्यवस्था मिलाइएको छ ।

(छ) २६ वटा धर्मशाला निर्माण,९वटा दलित छात्रावास को निर्माण, ८ वटा जेष्ठ नागरिक आवास निर्माण,जनता आवास तर्फ ४६५९ वटा घर निर्माणको समझौता भएकोमा हालसम्म २१०१ वटा घर निर्माण भई हस्तान्तरण भईसकेको, अवस्था छ । बाँकी २५५८ घर निर्माणधीन अवस्थामा रहेकोछ ।

(ज) ऐतिहासिक तथा पर्यटकीय स्थल बाराको गढीमाईमातिर्थालु तथा पर्यटकलाई लक्षित गरी सुरु गरिएको धर्मशाला निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

(झ) मालपोत तथा नापी कार्यालयहरुमा बैज्ञानिक तामेली शाखाको बिस्तार गरीम्ष्नषतबष्शिबतष्यल गर्ने कार्यको लागिआवश्यक यन्त्र उपकरणहरु वितरणगरिएको छ।मालपोत तथा नापी कार्यालयहरुमा आधारभूत प्रबिधिमैत्री पूर्वाधार निर्माण गर्न स्रोतसाधनको व्यवस्थागरिएको छ।

७. स्वास्थ्य तथा शिक्षा क्षेत्र सुधार
(क) प्रदेश सरकार अन्तर्गत सञ्चालित जलेश्वर, पोखरिया, भारदह र डुमरिया अस्पताललाई ५० बेडमा स्तरोन्नतिगरिएको छ । यसबाट गुणस्तरीय तथा सुलभ स्वास्थ्य उपचार तथा परामर्श सेवा उपलब्ध गराउन सहज भएको छ ।

(ख) प्रदेशलाई प्राविधिक शिक्षाको हव बनाउन ६४ वटै निर्वाचन क्षेत्रमा प्राबिधिक बिद्यालय संचालनको पूर्व तयारी गरिएको छ । यसबाट उद्योग व्यवसाय लगायतमा दक्ष जनशक्तिको आपुर्ती हुनेछ ।

(ग) प्रदेशको गौरवको आयोजनाको रुपमा सरुवा रोग तथा महामारी नियन्त्रण अस्पतालको निर्माणकालागि बाराको भिट्कैयामा प्रारम्भिक कार्य शुरु गरिएको छ ।

(घ) स्वास्थ्य क्षेत्रको पुर्वाधार विकास गरी स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरी मुख्य पदाधिकारीहरु समेत नियुक्ति गरीसकिएको छ ।

(ङ) नारायणी अस्पताल वीरगंज, गजेन्द्रनारायणसिंह अस्पताल राजविराज र प्रादेशिक अस्पताल जनकपुरमा २५/२५ वेड एवम् कलैया, गौर, मलंगवा, जलेश्वर र सिराहा अस्पतालमा १५र१५ बेडको ज्भ्ग् स्थापना गर्ने कार्य शुरु गरिएकोछ ।

(च) प्रदेशमा विश्वविद्यालय स्थापनाका लागि वीरगंजमा प्रविधि विश्वविद्यालय, सप्तरीमा कृषि विश्वविद्यालय र प्रादेशिक विश्वविद्यालयहरु स्थापनाको लागि प्रारम्भिक कार्य अगाडि बढाइएको छ।

(छ) प्रदेश सरकारबाट घोषित कार्यक्रम तथा सुधारका अभियानबाट विद्यालय शिक्षाको आधारभूत तह ९ कक्षा १ - ८ ० र माध्यामिक तह ९ कक्षा ९( १२ मा० खुद भर्नादर क्रमशः ८८ प्रतिशत र ५० प्रतिशत पुगेको छ । पूर्व प्राथमिक शिक्षा पुरा गरी कक्षा १ मा भर्ना हुने दर ९६ प्रतिशत पुगेको छ ।(ज) प्रदेशमा बसोबास गर्ने व्यक्तिहरुको औसत आयू ७१।५ वर्ष पुगेको छ ।

(झ) बाल मृत्युदर र मातृ मृत्युदरमा उल्लेख्य सुधार भएको छ। कुपोषणको दर घटेको छ।

(ञ) आधा घन्टाको दुरीमा स्वास्थ्य सेवामा पहुँच वृद्दि भएको छ ।

(ट) बालबालिकासङ्ग सम्बन्धित सूचकहरुमा समेत उल्लेख्य सुधार हुँदै गएको छ ।

८. कृषि तथा पशुपालन कार्यक्रम
(क) कृषि उपजहरु सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्न कम्प्युटर सफ्टवेयर निर्माणजततउसरउढ़्रयफिबअलभउबीअफर गरिएको छ। जसबाट कृषि तथ्याङ्क अध्यावधिक गर्न, योजना तर्जुमा र प्रतिवेदन तयारी कार्यमा टेवा पुगेको छ।

(ख) जन आन्दोलनका घाईते तथा सहिद परिवारलाई १२२ दुधालु भैसी वितरण गरिएको छ।यसबाट शहिद र जन आन्दोलनका योद्धाको योगदानको सम्मानका साथै तिनको जिविकोपार्जनमा सहयोग पुगेको छ ।

(ग) पशुहरुमा कृत्रिम गभाधानको लागि स्थानीय तहको पशु सेवा शाखाहरुलाई 204 थान तरल नाईट्रोजन कन्टेनर तथा सिमेन निस्शुलक वितरण गरिएको छ । यसबाट स्थानीय जातको पशुहरुको नश्ल सुधारमा मद्दत पुगेकोछ।

(घ) प्रदेशका सबै पालिकाहरुको पशु सेवा शाखाको सुदृढिकरण गरी सहज एवं प्रभावकारी सेवा प्रवाहका लागि प्रदेश सरकारले सहयोग दिदै आएको छ। यस अन्तर्गत प्रदेशका ज्ञघट बटा स्थानीय तहका लागिमेशिनरी औजार सेट (Burdizo castrator 3, Microscope 1, Surgical set 1 Centrifugal machine-1) वितरण गरिएको छ।

(ङ) सहकारी संघ, विषयगत सहकारी संघ तथा महिला सहकारीहरुलाई दुई सय थान ऋयफउगतभच, एचष्लतभच वितरण गरिएको छ। यस बाट कृषि तथा पशुपन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तिकरणलाई केन्द्रित गर्दै साना तथा व्यवसायिक महिलामुखी कार्यक्रम सञ्चालन गर्न सहयोग पुगेको छ ।

(च) किसानहरुलाई तीस हजार प्याकेट च्याउको बिउ बितरण गरिएको छ । बगर खेती कार्यक्रममा 125 घरधुरी प्रत्यक्ष लाभाबित

बाँकी पृष्ठ ६ मा

## मधेश अपडेट

### 'जनमतको परीक्षण निर्वाचनको परिमाणमार्फत गरौं'

रुपन्देही । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष केपी शर्मा ओलीले जनमतको परीक्षण निर्वाचनको मत परिणाममार्फत गर्न प्रचण्ड–माधव समूहलगायतका राजनीतिक शक्तिहरुलाई आह्वान गरेका छन् । नेकपा ओली समूहको लुम्बिनी प्रदेश कमिटिद्वारा बुटवलमा शनिबार आयोजित सभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भने, 'चुनावमा गयो भने प्रतिगमन हुन्छ अरे ! ताजा जनादेश हुँदैन भने कस्तो व्यवस्था खोजिएको ? प्रतिनिधिसभा विघटन र चुनावको घोषणा संविधानसम्मत ढंगले गरिएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले अन्यथा भए राजनीति पुनः अस्थिरता, पटक पटक समीकरण र मोलतोलको तहमा जाने र लोकतन्त्रको हुर्मत लिने अवस्थामा पुग्ने बताए । पार्टीको आधिकारिकता र चुनावचिन्ह बहस गरिरहनु नपर्ने विषय भएको बताउँदै प्रधानमन्त्रीले आफूले अहिलेसम्म सूर्य चिन्हबाट मात्र चुनाव लडिरहेको पनि प्रधानमन्त्रीले उल्लेख गरे । देशको अतिक्रमित भूभाग समेटेर नक्सा प्रकाशन गर्ने र त्यसलाई संविधानको अंग बनाउने काम गरेपछि आफूलाई हटाउने चलखेल सुरु भएको पनि प्रधानमन्त्रीले उल्लेख गरे । 'गत वैशाखमा मलाई हट्न भनियो, मैले सोधेँ किन ? जवाफ अरु छैन, मलाई प्रधानमन्त्री हुन मन लाग्यो मात्र । फेरि मलाई अध्यक्षबाट हट्न भनियो, मैले सोधेँ किन ? जवाफ आयो, म आफैं अध्यक्ष हुनुपर्‍यो । मैले 'प्रधानमन्त्री हुने भए चुनावसम्म र अध्यक्ष हुने भए महाधिवेशनसम्म पर्खन भनेँ । भनियो, उधारो हुँदैन हाताहाती, नगद चाहिन्छ', प्रधामन्त्रीको भनाई थियो । प्रधानमन्त्रीले समृद्धिको सपना पूरा गर्न नदिने समूहले अहिले सडकमा डम्फु बजाइरहेको समेत बताए ।

### 'प्रदेशमा अनुभूति हुने गरी विकास कार्य'

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले विभिन्न चुनौतिका बाबजुद पनि प्रदेश सरकार गठन भएको तीन वर्षमा प्रदेशवासीले अनुभूति गर्ने किसिमको काम गरेको दावी गरेका छन् । प्रदेश सरकारले तीन वर्ष पूरा गरेको अवसरमा मुख्यमन्त्री राउतले आफ्नो सरकारका बारेमा जानकारी दिने उद्देश्यले सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा आयोजना गरेका पत्रकार सम्मेलनमा राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणको माध्यमले प्रदेशका जनताको सर्वोत्तम हितलाई उच्च प्राथमिकतामा राख्दै काम गरेको बताए । उनले बेटी पढाउ बेटी बचाउ अभियान, एक सहिद परिवार एक रोजगारी, ३९ विधेयक प्रमाणीकरण, २२ वटा विधेयक प्रदेश सभाको विधायन समितिमा विचाराधीन अवस्थामा रहेको, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, मुख्यमन्त्री स्वच्छता अभियान, प्रत्येक निर्वाचन क्षेत्रमा ५ किलोमिटर कालोपत्रे सडक निर्माण लगायतलाई उपलब्धिका भएको बताए । उनले प्रदेश सरकारले गरेको कामकाजका बारेमा ११ शीर्षकमा ९३ बुँदामा सरकारको उपलब्धिहरुको बारेमा उल्लेख गर्दै सुशासन स्थापित गर्न प्रदेश सरकार पूर्ण रुपमा प्रतिबद्ध रहेको बताए । मुख्यमन्त्री राउतले प्रदेशमा जन्मिएका छोरीहरुको सुरक्षा, शिक्षा र सशक्तिकरणका लागि बेटी पढाउ, बेटी बचाउ कार्यक्रम कार्यान्वयनमा ल्याइएको बताउदै यसको सकारात्मक प्रभावहरु पनि समाजकम पर्न थालेको दावी पनि गरे । उनले यस अवधिमा छ हजार ९०६ जना छोरीहरुलाई २० वर्ष पछि तीन लाख पाउने गरी छोरी बीमा र मुद्दति खाता खोली प्रदेश सरकारबाट रकम जम्मा गरिएको जानकारी दिए । उनले प्रदेशमा २६ हजार ९५६ जना छोरीको तथ्याङ्क संकलन गरिएको जानकारी दिदै छोरीलाई विद्यालयमा पहुंच पुर्याउन तथा प्रोत्साहित गर्नका लागि २४१ वटा सामुदायिक विद्यालयमा १४ हजार साईकल वितरण गरिएको र चाडै २० हजार साईकल वितरण गर्ने बताए ।

### 'मुलुक संवैधानिक शून्यतामा पुग्ने खतरा'

वीरगन्ज । प्रदेश २ का भौतिक पूर्वाधार विकासमन्त्री जीतेन्द्र सोनलले राजनीतिक अस्थिरता नटुङ्गिए मुलुक संवैधानिक शून्यतामा पुग्ने खतरा रहेको बताएका छन् । विश्व रेडियो दिवसको अवसरमा आइतबार वीरगन्जमा सामुदायिक रेडियो प्रसारक संघ (अकोराब)ले आयोजना गरेको महामारी र विपदका बेला सामुदायिक रेडियो भूमिका विषयक अन्तरक्रियामा मन्त्री सोनलले यस्तो बताएका हुन् । मन्त्री सोनलले भने, 'पुष ५ देखि जुन राजनीतिक अस्थिरता शुरु भएको छ, यो छिट्टै टुङिगएन भने मुलुक संवैधानिक शून्यतामा पुग्छ । त्यसपछि अहिलेकोभन्दा पनि भयावह अवस्था आउछ ।' संविधान जारी गर्ने बेला विश्वकै सर्वोत्कृष्ट संविधान भनेर डंका (डम्फु) पिटेकाले नै अहिले संविधान मास्ने षडयन्त्र गरिरहेको उनको आरोप थियो । मन्त्री सोनलले भने, 'हामीले त अहिले पनि यो संविधान अधुरो छ भनेकै छौं । हाम्रा केही माग संविधानले समेटको छैन तर हिजो हामीलाई जेलमा कोचेर जबरजस्ती संविधान जारी गरियो । जसले सर्वोत्कृष्ट भने आज उनैले संविधान कुल्चिएका छन् ।' फरक प्रशंगमा बोल्दै मन्त्री सोनलले कोरोना महामारीका बेला एफएम रेडियोले निर्वाह गरेको भूमिकाको सह्राहनिय भएको बताए । यस्तै, सामुदायिक रेडियो प्रसारक संघ (अकोराव) का महासचिव गोविन्द देवकोटाले कोरोना जस्तो महाविपद्का बेला पनि जनतालाई सुसूचित गर्न प्रदेश २ सरकारले सामुदायिक रेडियोसंग सहकार्य नगरेको गुनासो गरे ।

### रोहिणी गाउँपालिकाको आठौं गाउँसभा सम्पन्न

भैरहवा । गत आर्थिक वर्षको ५३ करोड १५ लाख ८५ हजार ३ सय ३६ रुपैयाँको आय व्यय विवरण सार्वजनिक गर्दै रोहिणी गाउँपालिकाको ८ औं गाउँ सभा सोमबार सम्पन्न भएको छ । गाउँसभाले गाउँपालिकामा रहेका सडकहरुको मापदण्ड समेत तय गरेको छ । गाउँपालिकाको गल्ली बाटोको लागी न्यूनतम १४ फिट, भित्रि सडकका लागि २० फिट, महत्वपूर्ण सडकहरु, दुई वा सो भन्दा बढी वडा जोडने सडकहरुको चौडाई न्यूनतम २४ देखी ३० फिट तोकिएको गाउँपालिका अध्यक्ष सनोज कुमार यादवले जानकारी दिए । यस्तै प्रदेश स्तरिय र संघ स्तरिय सडकहरु प्रदेश र संघ सरकारले कायम गरेको मापदण्ड बमोजिम रहने तथा गल्ली र सडकको चौडाई पछि ५ फिट सेट ब्याक कायम हुने सभाले निर्णय गरेको छ । चालु आर्थिक बर्षको माघ मसान्त सम्ममा गाउँपालिकाले चालु खर्च तर्फ ३० दशमलव ८९ प्रतिशत र पूजिंगत तर्फ ३ दशमलव ५६ प्रतिशत खर्च भएको गाउँपालिका अध्यक्ष यादवले बताए । यस्तै गाउँपालिका अर्न्तगत रहेको सामूदायिक तथा सरकारी आधारभूत तह र माध्यमिक तहमा कार्यरत करार तथा पिसिएफ तर्फका शिक्षक र कार्यलय सहयोगीको समस्यालाई पनि सभाले सम्बोधन गरेको छ ।

### ओलीले जनादेशको अपमान गरे : भण्डारी

जनकपुरधाम । नेपाली काँग्रेसका केन्द्रीय सदस्य शङ्कर भण्डारीले प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् विघटन गरेर जनताको जनादेश एवम् मतको अपमान गरेको बताएका छन् । र नेपाल तरुण दल केन्द्रीय समिति विभागले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै पूर्व मन्त्री समेत रहेका भण्डारीले प्रतिनिधिसभा विघटन गरेर जनतालाई धोका दिइएको बताए । भण्डारीले वर्तमान सरकारले अवैधानिक कदम चालेर संसद् विघटन गर्नु जनतासँग बेइमानी गरेको आरोप समेत लगाए । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली सहितको व्यवस्था र संविधानको रक्षाका लागी प्रतिनिधिसभा आवश्यक रहेकोले सर्वोच्च अदालतको फैसला मान्नुपर्ने अवस्था नै उपयुक्त रहेको उनले बताए । देश, जनता, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली र संविधानका लागी प्रतिनिधिसभा प्राप्त गर्नु नै अपरिहार्य छ । काँग्रेसको एजेन्डा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र यसको सुरक्षा नै रहेको उनले दाबी गरे । केपी ओली सरकारले अहिले ठुला-ठुला नारा र भाषण गरेर जनतालाई भ्रमित गर्नमा लागेको नेता भण्डारीले आरोप लगाए । नेपाल तरुण विभाग केन्द्रीय समितिको तेस्रो बैठक जनकपुरधाममा सुरु भएको छ ।

### ग्यास सिलिन्डर तथा चुल्हो वितरण

रौतहट । शहरी विकास मन्त्री प्रभु साहले चुनावी प्रतिबद्धता पूरा गर्दै गुजरा नगरपालिकाको वडा नम्बर ८ र ९ मा ग्यास सिलिन्डर तथा चुल्हो वितरण गरेका छन् । जिल्लाको उत्तर-पश्चिम भेगमा अवस्थित गुजरा नगरपालिकाको दुबै वडामा नेकपा नगर कमिटीद्वारा आयोजित औपचारिक कार्यक्रममार्फत ७ सय ७१ परिवारलाई ग्यास सिलिन्डर तथा चुल्हो वितरण गरिएको छ । गुजरा नगरपालिकाको वडा नम्बर ८ को जुगौलियामा २१४, देवीपुरमा ६२ र पिपरामा ९५ घर परिवार तथा वडा नम्बर ९ को दयालपुरमा १४०, अमतवामा १३०, अमतवा चौधरी टोलमा ग्यास १३० घर परिवारलाई ग्यास सिलिन्डर तथा चुल्हो वितरण भएको हो । कार्यक्रममा प्रदेश सांसद कुन्दन कुश्वाहाले खाना पकाउनमा सहजता ल्याउन तथा धुवाँका कारण स्वास्थ्यमा हुने असर न्युनीकरण गर्न मन्त्री साहको धुवाँ चुल्हो मुक्त अभियानले ठूलो भूमिका खेलेको भन्दै प्रसंशा गरे । प्रतिनिधिसभाको निर्वाचन ताका मन्त्री साहले आफ्नो निर्वाचन क्षेत्रलाई धुवाँमुक्त बनाउने घोषणा गरेका थिए । सोही अनुरुप निरन्तर क्षेत्रका विभिन्न गाउँमा ग्यास सिलिन्डर तथा चुल्हो वितरण गर्दै आएका छन् । यसअघि यस क्षेत्रको मौलापुर नगरपालिका तथा फतुवा विजयपूर नगरपालिकाका सबै स्थानमा ग्यास सिलिन्डर तथा चुल्हो वितरण भई धुवाँमुक्त नगर घोषणा भईसकेको छ । त्यस्तै गुजरा नगरपालिका, कटहरीया नगरपालिका तथा देवाही गोनाही नगरपालिकाका अधिकांस गाउँमा ग्यास सिलिन्डर वितरण भइसकेको छ । कार्यक्रममा प्रदेश सांसद मा. कुन्दन कुशवाहासहित मौलापुर नगरपालिकाकी मेयर रीनाकुमारी साह, नेकपाको प्रदेश कमिटी सदस्य त्रिभूवन साह, नेता चन्देश्वर बैठालगायत जनप्रतिनिधि तथा नेताहरुको उपस्तिथिमा चुल्हो र ग्यास सिलिन्डर वितरण कार्यक्रम गरिएको हो ।

### सर्लाहीमा नागरिकता बनाउनेको संख्या बढ्यो

सर्लाही । सर्लाहीमा नागरिकता बनाउनेको संख्या बढेको छ । सरकारले राष्ट्रिय परिचय पत्र बनाउन विवरण संकलन सुरु गरेसँगै नागरिकता बनाउनेको भिड बढेको हो । अहिले दैनिक जिल्ला प्रशासन कार्यालय मलंगवाबाट १ सयजनाको हाराहारी र ईलाका प्रशासन कार्यालय हरिवन र बरहथवामाबाट दैनिक ५०-५० जनाको दरले नयाँ तथा प्रतिलिपी बनाइ रहेको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए । सिमित कर्मचारी तथा धेरै सेवाग्राही भएकालेसमेत सहज रुपमा नागरिकता दिलाउन कठिनाइ भएको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ ।

16-44, Madheshvani, Fagun-7, 2077.pmd 4 2/19/2021, 9:53 AM

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# मधेश लुप्त, गुप्त मधेशी



ध्रुवकुमार मण्डल

मान्छे जन्म लिन्छ, ठूलो हुन्छ र एक दिन यसै धरतीमा आफ्ना प्राण त्याग गर्दछ । यो ध्रुव सत्य हो । यसलाई कसैले नाई भन्न सकेन न त यसको प्रतिकार गर्न सके न त यसलाई परिवर्तन गर्न सके । यो धरतीमा जन्म लिने मानिसको पनि आफ्नो पहिचान, सम्मान आत्मसम्मान, चिन्तन र आफ्नो स्वभिमानको साथै जन्मेको ठाउँ र जगत जीवनलाई सार्थकता प्रदान गर्दछ । वर्तमान अवस्थामा नेपालको इतिहासमा नेपाललाई हाम्रा पूर्खाले तीन भागमा विभाजन गरेको पाइन्छ पहाड, हिमाल र तराई । सन्दर्भ तराईको आउँछ तराईलाई इतिहासले मधेश भनेको छ कि मध्य देशको अपभ्रंश मधेश र हो । नेपालको संविधान र नेपाली राजनेताहरु त स्विकार गरी सके तर मधेशको नाममा राजनीति गर्ने मधेशवादीहरु खोक्रो मधेशी दल भइ सकेको स्पष्ट देखिन थालेको छ । वरु मधेश विरोधी भनिनेहरुले मधेश शब्ददेखि मधेशीको हितमा काम गरेको र गरिरहेको देखिन थालेको छ । उहाँको भाव नबुझ्केको जस्तो लागि रहेको छ तर एक दिन मधेशले पनि साथ दिने छ । किनभने मधेश भनेको गरिब, अल्पसंख्यक, पिछडिएको, जनजाती, आदिवासी र कमजोर वर्गका मानिसको बाहुल्यता रहेको क्षेत्र हो तर यहाँको शासन भने केहीं मुठी भरको सामन्तहरुले गरेको छ र त्यसलाई सच्याई हाम्रा देशका सरकार र बरु मधेश विरोधीहरुले नै मधेश र मधेशीको हितमा काम गरेको र मधेशका ति वर्गलाई अगाडी बढाउन लाग्दा यी मधेशवादी भनाउँदाहरुलाई कचोट हुने गरेको छ । मध्यदेशको अपभ्रश हो मधेश र वर्तमान अवस्थामा स्थापित भइ सकेको यो मधेश शब्द र मधेशवादलाई केही मधेशी तत्वदेखि नै खतरा देखिन थाल्दा मधेशमा आक्रोश र वैकल्पिक शक्तिको खोजी भइ रहेको छ ।

पहिला बृटिश इष्ट इण्डिया कम्पनीलाई तराईको कुत बुझ्काउने गरेको इतिहास छ । पछि पृथ्वीनारायण साहले मकवानपुर र उपत्यका विजय गरे । सैन्य बलको मद्दतले मकवानपुरवाट तिरहुतिया सेनालाई हटाई तराईका जनतालाई उपत्यका निषेध गराए त्यसपछि तराईका उर्वर-भूमि राजपरिवारका सदस्यहरु, भारदारहरु, सैनिक उच्चअधिकारीहरु, उच्च पदस्थ कर्मचारीहरु, राजगुरु, राजपुरोहितलाई बक्सिस, विर्ता, जमिन्दारी, जागीरदारी, तालुकदारी, गुठी आदिको रुपमा वितरण गरिदिए । १८१४ई. देखि १८१६ ई. सम्म बृटिश ईष्ट इण्डिया कम्पनी सरकार र नेपाल सरकारबीच भएको युद्धको परिणामवाट निर्मित क्षेत्र हो तराई ।

जब नेपालमा मुलुकी ऐन आए त्यसमा कर सम्बन्धी व्यवस्था गरियो । र मुलुकी ऐनको अदालती बन्दोवस्त २०१२ को ज्यानसम्बन्धी महलको १५२ को दफा (१) को उपदफा १,२,३ र ४ मा नेपाल र पहाड प्रदेशको बादीबाट १० या १५ रुपैया तथा प्रतिवादी बाट २५ रुपैयाँ जमानत स्वरुप लिने प्रावधान लगाए भने मधेश प्रदेशको बादी र प्रतिबादी दुबै बाट १००-१०० रुपैया जमानतको रुपमा लिने प्रावधान स्थापित गरे । जुन अन्य प्रदेश भन्दा ४ गुणा बढी भयो तर मधेश नामाकरण भने गरियो ।

त्यसपछि जब देशमा कुरा उठिन थाल्यो र सत्यता पनि हो तराईलाई स्थापित नेपालको शक्तिको श्रोत (कन्स्टिचुयन्ट युनिट) का रुपमा नै राखे किनकी यस क्षेत्रमा कृषि उत्पादन र भारतको खुला सिमानाको कारण आर्थिक उत्पादन बढी रहे र यस क्षेत्रमा आएपछि ठूलो धनराशि जोड्न मिल्छ भने भावना पलायो र मधेशमा जाउँ भन्ने कर्मचारी पनि उत्सुक भए र फलस्वरुप मधेशको नामको शिलशिलामा थप बल भेटेको देखिन्छ । हुनत यसक्षेत्रलाई सन १८४६ देखि नै उपनिवेशको रुपमा परिभाषित गरेको विभिन्न श्रोतवाट देखिन्छ । तत्कालिन राजा महेन्द्रको सवारी अछाम हुँदा हुकुम वक्समा तराईको उर्वरा वन जंगल भूमीमा सत्तालाई सहयोग गर्ने परिवारलाई वसाईसराई गराउने भन्ने निर्देशन भएबाट पश्चिम तराईका जिल्लाहरुमा वन फडानी गरि संयुक्त बसोवासको वातावरण बनाइयो ।

त्यसपछि सरकारले मधेसमा पुनर्वास गराउने माध्यमवाट मधेशको जनजातीय र सांस्कृतिक परिवर्तन गराउने हिसाबले क्रमवद्ध प्रयासहरु थाले । तर पनि तराईमा विकासको लागि केहि युवाहरु तात्कालिन अवस्थामा विरोध पनि गरे । सन् १८५७ मा विरोध भए जसमा दुर्गानन्द झा, रघुनाथ ठाकुर जस्ता मधेशका युवाहरु थिए । पछि सन् १९५० को दशकको शुरुमै तराई कांग्रेसले नेपालको राष्ट्रिय संरचनामा मधेशलाई क्षेत्रीय स्वायत्तता दिनु पर्ने माँग उठाए । त्यसपछि सन् १९८३ मा सदभावना काउन्सिल र पछि सदभावना पार्टीको जन्म भएपछि संघीय शासन, सेनामा मधेशीको सहभागिता र मधेशी हितका कुरा उठाइयो र सत्ता स्वार्थ पनि सँगै आएको कारण कतिपय मधेशका नेताहरु समय-समयमा मधेशको साथ पनि छोडे ।

वि.स. २०४३/४४ तिर गजेन्द्रनारायण सिंहले सद्भावना परिषद् गठन गरी २०४७ सालमा पार्टीकै रुप दिए र संस्थागत रुपमा मधेशवादको कुरा अघि सारे । पार्टीको विधान र चुनावी घोषणा पत्रमा समेत मधेश र मधेशीको हितमा काम गर्ने घोषणा गरे । नेपाल सद्भावना पार्टी 'हात' चुनाव चिह्न लिएर २०४८ को चुनाव लड्यो, छ सिट हासिल गरे । २०५२ सालपछि पटक पटक सरकारमा समेत सहभागी भयो । सिंह बितेपछि बद्रीप्रसाद मण्डल नेतृत्वमा रहेको सद्भावनाका मण्डल सहित केही नेता तत्कालीन राजा ज्ञानेन्द्रको मन्त्रिपरिषदमा सामेल भएपछि सदभावना टुक्रियो । सद्भावना पार्टीभित्र पनि टुटफुटको राजनीति सुरु भयो । २०७० असारमा सर्वोच्च अदालतले तत्कालीन सरिता गिरी नेतृत्वको सद्भावनालाई 'हात' चिह्न को फैसला गरिदिए । र सदभावनाका नेताहरु जताततैं लागे कोहि दल खोले त कोहि कता कोही कता मधेश हराए मधेशी गुप्त वास तिर लागे ।

अब इतिहास हेर्दा २०६२/६३ को जनआन्दोलन पछि मधेशी जनअधिकार फोरम नेपाल नामक गैरसरकारी संस्थासहित केही मधेशवादी नेता कार्यकर्ताले काठमाडौंमा अन्तरिम संविधान जलाएपछि सुरु भएको आन्दोलनका क्रममा तत्कालीन माओवादीका कार्यकर्ताले चलाएको गोली लागि लहानमा रमेश महतोको मृत्यु भयो/ । त्यसपछि आन्दोलन चर्कियो । मधेशभर १९ दिनसम्म चलेको आन्दोलनमा ५४ जना मधेशीको छोरा सहिद भए मधेशले आफ्नो होनहार युवा गुमाए । त्यसपछि २०६२/०६३ को जन आन्दोलनमा मधेश साथ दिए र त्यस पछि मधेश आन्दोलन पनि भए । तत्कालिन सरकारले ८ बुँदे र २२ बुँदे सम्झौता पनि गरे । तात्कालिन प्रधानमन्त्री गिरीजा बाबु पनि स्वीकार गर्नुभयो कि देशको लागि हामी सबै एक हौं भने सब नेपालीलाई महंसुस भए । त्यसबेला पनि मधेशका नेताहरु मधेशमा कुनै पनि समस्या छैन भनेर सार्वजनिक भाषण गरे र मधेशका समस्या नदेखेर आफ्नो पदीय लिप्सामा लागे । जब आफ्नो कुर्सी गए त्यसपछि मधेशी नेताहरु मधेश झरे ।

कुर्सीमा पदमा हुँदा मात्तिने र पद खुस्किदा आत्तिने मधेशका नेताहरु अब होसियार मधेशलाई ठगेर भावनात्मक कुरा गरेर केहीं दिन ठग्न सकिन्छ र स्वार्थपूर्ति गर्न सकिन्छ । मधेशमा मधेशी दलमा मात्र मधेशी सामन्ती संस्कारका र संभ्रान्त वर्ग किन अगुवाइ गरिहेको छ । सहिदको नाममा मात्र अल्पसंख्यक, गरिब, निमुखा राजनीतिबाट टाढा रहेकाहरु छन् भने राजनीतिमा मात्र सिमित अनुहारहरु किन ? यसको न त जवाफ छ तिमीहरुसँग न त यसलाई परिवर्तन गर्न सक्छौं । परिवर्तन त नाम मात्र गर्ने र त्यो पनि चलखेल युक्त नामहरु दिने गरेका छौं । त्यसैले अबको दिनमा मधेशवादी दलको साख जोगाउन गाह्रो हुने पक्का पक्की छ । मधेश शब्द आफ्नो पार्टीको नाम सम्ममा नराख्नेहरुको चरित्र देखि सके मधेशी जनताले त्यसैले के कुन हक लिएर मधेशमा जाने आफ्ना चुनावी घोषणा पत्रको याद गरेर हेर कहाँ छौं तिमीहरु र के गरेका छौं । सदभावनालाई समाप्त गर्ने र मधेशी र मधेश शब्दलाई समाप्त गर्नेहरु अब मधेशलाई समाप्त गर्ने छैनौं भने के ठेगान ?

संविधान सभाको चुनाव भए दुई दुई पल्ट र नेपालमा युगान्तकारी नेपालको संविधान २०७२ आए । र संविधान जलाउन र मधेशमा भावनाको खेल सुरु गरे । देशलाई विखण्डन गर्ने देशमा मधेशीलाई भगाउन लागेको मधेशको पहुँच सत्तासम्म नभएको कुरा गरेर मधेशलाई आतंकित बनाए र शिकार भए मधेशी जनता सिर्फ मधेशी जनता । त्यसपछि एमालेले मेची महाकाली अभियानअन्तर्गत ०७२ फागुन २३ मा सप्तरीको मलेठमा कार्यक्रम गर्न खोज्यो/ । तर, मधेसवादी दलले कार्यक्रम विथोल्न खोज्दा झडप भयो र पनि सप्तरीका ५ जनाले ज्यानसमेत गुमाए । त्यो पनि समय र आउँदो चुनावको भावनात्मक खेल रहेको सहिद परिवारहरु नै आरोप लगाउँदै आएको छ । किनकी जुन संविधान जलाए सुरुवातमा विरोध गरे अन्ततः संविधानलाई स्वीकारेर निर्वाचनमा भाग लिए यसको अर्थ केलगाउनु ।

त्यस पछि स्थानीय र प्रदेशको चुनाव भयो । प्रदेश २ मा प्रदेश २ सरकार गठन भयो । माघ ५ मा सार्वजनिक बिदा दिने निर्णय गरियो र मधेश आन्दोलनलाई सम्झना गरियो । तर मधेस केन्द्रित दलका नेताहरू पनि जातिय विभेद र भ्रष्टाचारमा लिप्त भए/ । अहिले नेपालमा भ्रष्टाचारको अखडा बनेको प्रदेश २ मा मधेशवादीको मधेशी चरित्र सबैको समक्ष आएको छ । वर्तमान अवस्थामा हेर्दा खेरी राजपा र फोरम एक भए मधेशको विभिन्न पार्टी थिए कसैले जय मधेशको नारा लगाउँदै गरेको थियो भने कसैले जय मातृभूमीको तर सब विलाए लुप्त भए, हराए, कहाँ गए कहाँ अतोपतो छैन् ।

अब विचार गर्नुपर्ने कुरा यो छ भने मधेश त छ नेपाल र नेपालीले स्विकार गरेकै छ यसमा कहिं कतै कसैको दोष देखिएको छैन् तर मधेशवादी दलले जुन मधेशमा विश्वास जितेको थियो । मधेशवादी दलले मधेशको विश्वाससँग किन खेलवाड गरे त ? किन मधेशी र मधेश शब्द आफ्नो पार्टीको नामबाट समेत हटाए त ? किन मधेशको नाममा मधेशीको हक र अधिकारको नाममा आन्दोलन गरे र फेरी आफ्नो सत्ता स्वार्थको लागि समय समयमा सम्झौता गरे त ? र गरे भने पनि मधेशी र मधेशमा बस्ने ति अल्पसंख्य, आदीवासी, जनजाती, थारु, मुस्लिम, महिला, गरिब, दलित, पिछडीएकाहरुको लागि के नयाँ नौलो गरे त ? यो प्रश्नको जवाफ मधेशमा गाँउ घरमा खोजी रहेको छ र जसको जवाफ फेरी पनि छैन यी मधेशी नेताहरुमा । यिनिहरु कतै जातिवाद त कतै नातावाद र कृपावादको भुमरीमा मधेशी जनतालाई पिसी रहेको र आफू सत्ताको राजनीतिमा लागि रहेको छ । देशले मधेशको नाम त दिए मधेशी नाम त दिए पहिचान त दिए तर हामी के गर्यौ यसको हिसाब जनताले लिने कि नलिने ? त्यसैले त अब जति भने पनि मधेशी जनता पनि विकास सोचि रहेको छ मधेशी जनता पनि मधेशको समृद्धि खोजी रहेको छ । अब आन्दोलन हैन देशमा स्थिरता खोजीरहेको छ । अब कसैको लहलहैमा लाग्दैन र मधेशमा काम गर्ने विकास गर्ने पार्टी र दललाई साथ दिने छ जसको उदाहरण अस्तिको सिरहाको प्राधानमन्त्रीको सभालाई लिन सक्छौं । अब मधेश पनि गुमनाम होइन यहाँको हरेक किसिमले दबिएका जनता आफूलाई सक्षम र सबल बनाउन तर्फ लागिरहेको छ र लाग्ने छ अब मधेश लुप्त र मधेशी गुप्त गर्ने पार्टी हैन समृद्धि र विकास दिने पार्टी र नेता चाहिएको छ देशमा मधेशमा ।

*(लेखक मण्डल अधिवक्ता हुन् ।)*


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## उद्योग सञ्चालन गर्न सहुलियतमा जग्गा उपलब्ध गराउन माग

सिमरा । नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय अध्यक्ष शेखर गोल्छाले सरकार र राजनीतिक दलहरुले निजी क्षेत्रलाई खलनायकको रुपमा हेर्ने गरेको गुनासो गरेका छन् ।

बाराको जितपुरस्थित नगर उद्योग वाणिज्य संघको नवनिर्मित भवन उद्घाटनमा अध्यक्ष गोल्छाले सरकार र राजनीतिक पार्टीहरुले नेपालको निजी क्षेत्रलाई नाफाखोरको आरोप लगाउँदै खलनायकको रुपमा हेर्ने गरेको टिप्पणी गरेका हुन् ।

'हामी खलनायक होइनौं हामीले गर्दा देशको अर्थतन्त्र चलेको छ, यो राज्य चलेको छ,' अध्यक्ष गोल्छाले भने, 'त्यसैले सम्पूर्ण निजी क्षेत्रले अव आफूलाई नायकको रुपमा प्रस्तुत गर्न सक्नुपर्छ। जबसम्म हामी नायकको रुपमा अगाडि बढ्न सक्दैनौं तबसम्म रोजगारीको सिर्जना गर्न र राजस्व तिर्न सक्दैनौं ।'

कोभिड १९ मा सरकारले गरेको लकडाउनमा उद्योगहरु चार महिना बन्द हुँदा पनि उद्योगहरुवाट ९० प्रतिशत राजस्व संकलन भएको उनले दाबी गरे। अध्यक्ष गोल्छाले बाराको सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरण (सेज)भित्र उद्योग सञ्चालनका लागि निजी क्षेत्रलाई सहुलियतमा जग्गा उपलब्ध गराउन सरकारसँग माग गरे ।

## संक्षिप्त समाचार

### जसपा नेता हवारी ओली समूहमा प्रवेश

काठमाडौं । जनता समाजवादी पार्टीका नेता इस्लाम हवारी प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको नेकपामा प्रवेश गरेका छन् । पार्टी अध्यक्ष ओलीले शुक्रबार बालुवाटारमा आयोजित कार्यक्रममा उनलाई पार्टी प्रवेश गराएका हुन् । हवारी वीरगन्जका बासिन्दा हुन् । त्यस क्रममा प्रधानमन्त्री ओलीले हवारीलाई उत्कृष्ट ढंगले पार्टीका काम गर्न शुभकामना दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । हवारी जसपामा स्थायी समिति सदस्य एवं पार्टीका युवा इन्चार्जको जिम्मेवारीमा थिए ।

### राजदूत आचार्यले भेटे विहारका मुख्यमन्त्री

काठमाडौं । भारतका लागि नेपाली राजदूत निलाम्बर आचार्यले भारतको विहार राज्यका मुख्यमन्त्री नितिशकुमारसँग भेटघाट गरेका छन् । भेटमा नेपाल र भारत सम्बन्धीलाई सुदृढीकरण गर्ने र अन्य विभिन्न क्षेत्रमा सहकार्य गर्ने विषयमा कुराकानी भएको नयाँ दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ । विहार राज्यसँग बाढी व्यवस्थापन, विजुलीको व्यापार, सीमा व्यवस्थापनलगायतका विभिन्न विषयहरु रहेका छन् ।

### चार केजी गाँजासहित दुई जना पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-१५ हुलास मेटलस्थित सडकबाट करिब ४ केजी अवैध लागूऔषध गाँजा सहित दुई जनालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सुनसरी ईटहरी उपमहानगरपालिका-५ बस्ने ५२ वर्षीय तेज बहादुर राई र सोही ठाउँ बस्ने ४१ बर्षीय पदम बहादुर राई रहेका छन् । भारततर्फ जाँदै गरेको को.२ ह ७२४१ नम्बरको अटोलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा कार्टुनमा लुकाएर लैजाँदै गरेको उक्त गाँजा फेला पारी अटोमा सवार तेज बहादुर र अटो चालक पदम बहादुरलाई अटो सहित पक्राउ गरेको हो ।

### कट्टुवा पेस्तोलसहित एकजना पक्राउ

पर्सा । वीरगन्ज महानगरपालिका-२५ सिर्सिया बस्ने रामा साह भन्ने २४ वर्षीय उपेन्द्र साहलाई १ थान कट्टुवा पेस्तोलसहित प्रहरीले पक्राउ गरेको छ । बिहीबार राति भारतबाट नेपालतर्फ बिआर ५ ए एफ ४६४७ नम्बरको मोटरसाइकलमा आइरहेका साहलाई जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले जाँच गर्दा उक्त पेस्तोल फेला पारी मोटरसाइकल सहित पक्राउ गरेको हो ।

### ट्याक्टर दुर्घटनामा एकको मृत्यु

कपिलवस्तु । विजयनगर गाउँपालिका-६ जुटपानीस्थित सडकमा लु.२ त ५७१७ नम्बरको ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । बिहीबार साँझ ट्याक्टरमा सवार महाराजगंज नगरपालिका-५ बन्जरिया बस्ने २२ वर्षीय कमला प्रसाद मौर्याको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### थप खोप भारतबाट खरिद गरिने

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री नवराज रावतले दुई करोड १६ लाख नागरिकका लागि खोप ल्याउन सरकारले तीव्र तयारी गरिरहेको बताएका छन् । माघ २४ देखि दोस्रो चरणको खोप दिने लक्ष्यसहित सरकारले खरिदको तयारी अगाडि बढाएको राज्यमन्त्री रावतले बताए । थप खोप भारतबाट खरिद गरिने र त्यसका लागि बजेट रकम अभाव नहुनेसमेत मन्त्री रावतले बताए । स्वास्थ पत्रकार मञ्चले काठमाडौंमा सोमबार आयोजना गरेको कोभिड १९ को महामारी र कोभिसिल्ड खोपको प्रभावकारिता विषयक अन्तर्क्रियामा उनले यस्तो बताएका हुन् ।

### नगद तथा सुनको सिक्री लुटपाट गर्ने पक्राउ

बाँके । नशाजन्य पदार्थ खुवाई बेहोस बनाई पीडितको नगद ३ लाख २० हजार रुपैयाँ र २ तोलाको सुनको सिक्री लुटपाट गरेको अभियोगमा कोहलपुर नगरपालिका-२ बस्ने कालीकोट रास्कोट नगरपालिका-१ लहरेला घर भएका ३५ वर्षीय प्रकाश शाहीलाई प्रहरीले पक्राउ गरेको छ । कैलाली चुरे गाउँपालिका-५ खानीडाँडास्थित होटलमा नास्ता खान आएका शाही समेतले माघ २६ गते साँझ होटल संचालक महिलालाई उक्त पदार्थ खुवाई सुनको सिक्री तथा नगद लुटी फरार भएको भन्ने खबर जिल्ला प्रहरी कार्यालय कैलालीबाट प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कोहलपुर बाँकेबाट खटिएको प्रहरीले कोहलपुर नगरपालिका-३ किरणनालामा शाहीलाई फेला पारी पक्राउ गरेको हो ।

### किशोरीलाई जबरजस्ती करणी गर्ने पक्राउ

कपिलवस्तु । १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बिजयनगर गाउँपालिका-४ ईमलिखर्क बस्ने ३२ वर्षीय कर्ण बहादुर मल्ललाई प्रहरीले पक्राउ गरेको छ । मल्लले ती किशोरीलाई सोही गाउँपालिका-२ स्थित गुगौलिस्थित जंगलमा शुक्रबार बिहान जबरजस्ती करणी गरेको भन्ने खबर आइतबार बिहान प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गणेशपुरबाट खटिएको प्रहरीले कर्ण बहादुरलाई पक्राउ गरेको हो ।

### बस दुर्घटनामा नेपाली सेनाका दश जना घाइते

बाँके । बाँके जिल्लाको राप्ती सोनारी गाँउपालिका २ मुगुवा खोलास्थित सोमबार नेपाली सेनाको बस दुर्घटना हुँदा बसमा सवार १० जना गम्भीर घाइते भएका छन् । सोलु नाम्चेबाट कालिकोट संसेर गुल्मको लागि हिडेको ना ५ ख ५९१ नम्बरको बसमा नेपाली सेनाका क्याप्टेन उमेश राईसहित २३ जना सवार मध्ये १० जना घाइते भएका हुन । उक्त बसको गति अनियन्त्रित भई दुर्घटना भएको बताइएको छ । सो दुर्घटनाबारे जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल, नेपाल नम्बर ४२ रिजर्भ गण बाँकेबाट तत्कालै एपीएफ टोली उद्धार कार्यको लागि खटिएको हो । गम्भिर घाइते भएकाहरुलाई उपचारको लागि नेपाली सेनाको अस्पताल नेपालगंज राझ्कातर्फ पठाइएको छ ।

### नियन्त्रित लागूऔषधसहित पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-१६ दक्षिण गेटबाट बेलबारी नगरपालिका(११ बस्ने ४३ वर्षीय प्रकाश बस्नेतलाई नियन्त्रित लागूऔषध १४ एम्पुल लुपिजेसिक, १४ एम्पुल डाईजापाम, १४ एम्पुल एभिल र १४ एम्पुल फेनारगन सहित बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### निल गाई मारेको अभियोगमा पक्राउ

बाँके । डुडुवा गाउँपालिका-२ बाट जंगली जनावर निल गाई मारेको अभियोगमा २ जनालाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्नेहरू ३० वर्षीय बहुर बेहना र २६ वर्षीय साहिद खाँ रहेका छन् । जंगली जनावर निल गाई मारी मासु घरमा ल्याएको भन्ने विशेष सूचनाको आधारमा प्रहरी चौकी बेतहनीबाट खटिएको प्रहरीले निल गाईको मासु सहित उनीहरुलाई पक्राउ गरेको हो । हाल फरार रहेका अर्का एक जनाको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### सवारी दुर्घटनामा परी मृत्यु

रुपन्देही । तिलोत्तमा नगरपालिका-११ कुमारीस्थित सडकबाट लु.१ क ८२४ नम्बरको शान्ती नमूना माध्यामिक विद्यालयको बसले बिहीबार बिहान ठक्कर दिँदा सोही ठाउँ बस्ने पैदलयात्री ३४ वर्षीया सुमन खौसियाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएकी सोही ठाउँ मृगौली बस्ने ३३ वर्षीया आरती थापाको सोही अस्पतालमा उपचार भइरहेको छ । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### चौधरी मृत फेला

कैलाली । धनगढी उपमहानगरपालिका-१६ घसेटा बस्ने ६८ वर्षीय रामफल चौधरी सोही ठाउँस्थित सडक छेउमा बिहीबार मृत अवस्थामा फेला परेका छन् । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# सामाजिक अभियन्ता महतोसहित ९७३ जना कांग्रेसमा प्रवेश



सर्लाही । विगत २० वर्षदेखि जनस्वास्थ्य पेशामा आवद्ध र १५ वर्षदेखि स्वयंसेवी भई सामाजिक सेवामा संलग्न राज कुमार महतो राजनीतिक सेवामा प्रवेश गरेका छन् । समाज र देशमा बृहत सकारात्मक दिगो परिवर्तनका लागि सिस्टम बाहिर बसेर गरेको कार्यले केही हदसम्म परिवर्तन आए पनि समाजमा ल्याउन खोजेको ठूलो परिवर्तनको लागि सिस्टम भित्र नै जानु पर्ने आवश्यकता महसुस गरी राजनीतिक सेवामा प्रवेश गरेको राज कुमार महतो बताउँछन् ।
सर्लाही जिल्लाको चन्द्रनगर गाउँपालिकाको बबरगंजमा नेपाली कांग्रेस गाउँ कार्यसमिति र क्षेत्र १ ले फागुन २ गते आयोजना गरेको बृहत आमसभा तथा पार्टी प्रवेश समारोहमा राज कुमार महतोसँगै चन्द्रनगर गापाका ९७३ जना व्यक्तिहरु विभिन्न पार्टी परित्याग गरेका छन् । नेपाली कांग्रेसका उप सभापति तथा पूर्वउपप्रधानमन्त्री र पूर्वगृहमन्त्री विमलेन्द्र निधिको हातबाट महतो सहित ९७३ जनाले नेपाली कांग्रेसका सदस्यता लिई पार्टी प्रवेश गरेका छन् । उपसभापति निधिले अबिर माला लगाई पार्टी नवप्रवेशीहरुलाई स्वागत गरेका थिए ।
बृहत आम सभा तथा पार्टी प्रवेश समारोह कांग्रेस उपसभापति विमलेन्द्र निधिको प्रमुख आतिथ्य र चन्द्रनगर गापाका नेका कार्यसमिति सभापति जय सिंहको अध्यक्षतामा सम्पन्न भएको थियो ।
नेका सर्लाही जिल्ला सभापति तथा पूर्वमन्त्री नागेन्द्र यादव, सर्लाही क्षेत्र १ का संघीय सांसदका प्रत्यासी तथा पूर्वमन्त्री शम्भुलाल श्रेष्ठ, पूर्वमन्त्री रामकृष्ण यादव, प्रदेशसभा सदस्य उपेन्द्र कुशवाहा, पूर्वमन्त्री डीना उपाध्याय, नेका धनुषा सभापति सरोज राय यादव लगायत विभिन्न विशिष्ट अतिथि तथा अतिथिहरुको उपस्थितीमा पार्टी प्रवेश समारोह संचालन भएको थियो । राजनीति मेरो लागि पेशा होइन सेवा हो, राजनीति क्षेत्रमा नवप्रवेश गरेका महतो बताउँछन् । राजनीतिलाई कमाई खाने भाँडो बनाएको र परिवारवादमा सीमित राखेकोले गर्दा वर्तमान समयमा राजनीतिमाथि जनताको भरोसा कम हुँदै गएको कुरा महतो भन्छन् ।
अर्निङभन्दा पनि सर्भिङको सोच र व्यवहारले मात्रै राजनीतिप्रति जनताको मन जित्न सकिने र समाज तथा देशको समतामूलक उन्नति सम्भव हुने दाबी महतो गर्छन् । शिक्षा, स्वास्थ्य, समृद्धि, समानता, सम्मान, सुसंस्कृत समाज र शान्तिसहित एकीकृत दिगो विकास आफ्नो प्रमुख ध्येय रहेको महतो बताए । विगतका दशकहरुमा देशमा व्यवस्था परिवर्तन भए पनि प्रणाली सुधार हुन सकेको छैन । प्रणाली सुधार भए मात्रै देशमा समृद्धि, सम्मान र समानता आउने विश्वास महतोको छ । महतोसँगै पचुलाल माझी, उमेश कुमार साह, राजेश महतो, नवीन साह, राम ईश्वर महतो, रविन्द्र महतो, रामपरि देवि माझी, सरोज कुमार महतो, जोगेन्द्र ठाकुर, सत्रोहन महतो, राम केवल महतो, रितिकराज ऋषि, उपेन्द्र महतोले पनि नेपाली कांग्रेस पार्टी प्रवेश गरे ।
महतोसँगै पार्टी प्रवेश गर्नेमा वडा ५ का राम विश्वास राय, फरिद्टोलका विद्यानन्द महतो, वरकुर्वा टोलका आनन्दी महतो, कामद्का कापर लगायतका व्यक्तिहरु नेकपा र जसपा पार्टी परित्याग गरि राज कुमार महतोसँगै नेपाली कांग्रेसमा प्रवेश गरेका हुन् । पार्टी प्रवेश कार्यक्रमको संयोजन सर्लाही प्रदेश १क सभापति अनिल कर्ण र गापा अध्यक्ष प्रत्याशी श्याम सिंह, जिल्ला शिक्षक महासङ्घका गापा अध्यक्ष सरोज सिंह र नेका जिल्ला समिति सदस्य छविलाल महतो, नेका सद्स्य देव नारायण महतो, मक्सुद आलम, विकाउ मन्सुर, तेज नारायण चौधरी लगायत आयोजना समितिका थुप्रै सदस्यहरुले गरेका थिए ।

# प्रदेश २...

भएका छन् साथै बिपन्न गरीब कृषकहरुलाई स्वरोजगारमूलक विशेष पशुपन्छी पालन कार्यक्रम अन्तर्गत घद्दण् कृषकहरु लाभावित भएका छन्। यसबाटडद्दण् लक्षित बर्गका कृषक परिवारहरुको जीविकोपार्जन, स्वरोजगार र आयआर्जनमा प्रत्यक्ष टेवा पुगेको छ।
(छ) 347 पशुपालक कृषकहरुलाई घाँसरपराल काटने उपकरण (chaff cutter) वितरण गरिएको छ। यस बाट लाभग्राही कृषकहरुको श्रम, समय र लागतमा बचत हुनुको साथै पशुआहारको गुणस्तर र पोषनमा सुधार भएको छ ।
(ज) अन्तराष्ट्रिय श्रम संगठन (ILO) र प्रदेश सरकार बीचयुवा रोजगार, कृषि, पशुपन्छी र मत्स्यजन्य लघु, साना र मध्यम व्यवसाय (MSME) तथा सामाजिक आर्थिक विकास सम्बन्धी कार्यक्रमहरुमा सहकार्य र साझेदारी गर्ने गरी सम्झदारि गरिएको छ।
(झ) निजी तथा सहकारीको साझेदारीमाप्रदेश अन्तर्गत ३२ स्थानमा द्दण्(घण्ण् वर्ग मिटर आकारका Hi-tech Nursery निर्माण गरिएको छ । यस अन्तर्गत वाली अनुसार एउटा नर्सरीबाट प्रत्येक लटमा सरदर 25000-30000f\ सम्म वेर्ना उत्पादन भै 25 देखि 50f\ कठ्ठा सम्म क्षेत्रफलमा बेमौसमी खेती गर्न सकिने अवस्था सिर्जना भएको छ ।
(ञ) 326 वटा क्यबिच पम्प र 956 वटा स्यालो ट्युववेल वितरण गरिएको छ।सोलार पम्पबाट कम्तिमा 435 हे. थप क्षेत्रफलमा सिंचाई सुविधा पुगेको तथा स्यालो ट्युववेल बाट कम्तिमा 2550f\ हे. थप क्षेत्रफलमा सिंचाई सुविधा विस्तार भएको छ ।
(ट) प्रदेशका ८ वटै जिल्लामा सार्वजनिक, निजी तथा सहकारीको साझेदारीमा ८८ वटा कृषि उपज सेड तथा 19 वटा कृषि उपज संकलन केन्द्रको पूर्वाधार निर्माण गरिएको छ । यसबाट कृषकद्वारा उत्पादित कृषि उपजहरुको स्थानीय स्तरमा सहज बजारीकरणमा टेवा पुगी 3750f\ जना कृषकरव्यापारीका लागि भौतिक पूर्वाधार र अन्य सुविधाहरु उपलब्ध भएको छ ।
(ठ) माटोको गुणस्तर सुधार गरी कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न टण्ण् मे टन प्राङ्गारिक तथा जैविक मल, जिंक तथा अन्य सुक्ष्म मल वितरण गरिएको छ ।
(ड) कृषि यान्त्रिकरण मार्फत खेती कार्यमा सहजीकरण गर्न र कार्यक्षमतामा अभिबृद्धि गर्न प्रदेश सरकारले सय थान ट्र्याक्टर वितरण गरिइएको छ ।
(ढ) पशुपन्छी,मत्स्य तथा वाली नालीमा बिभिन्न महामारीका कारण हुने क्षति न्यूनीकरणका लागि महामारी तथा सरुवारोग नियन्त्रण, भ्याक्सिनेशन तथा वाली संरक्षण कार्यलाई अभियानको रुपमा संचालन गरिएको छ ।
(ण) आकास्मिक पशुपन्छी महामारी रोग नियन्त्रण तथा उपचारमा ज्ञण्डछ सेवाग्राहीलाई सेवा उपलब्ध गराइएको छ । पशुपन्छी महामारी तथा सरुवा रोग नियन्त्रणका लागि १९,८४०२० खोप उपलब्ध गराइएको छ । पशुपन्छी रोग उपचारसेवामा २५७,५९२ पशुपन्छीलाई सेवा प्रदान गरिएको छ । यसबाट पशुपन्छीको मृत्यु तथा रोग प्रकोपको जोखिम घटनुको साथै उपचार सेवाबाट पशुपन्छी स्वास्थ्य सुधार मार्फत् उत्पादन र आय बृद्धिमा समेत टेवा पुगेको छ ।
(त) प्रदेशका आठवटै जिल्लामा माटो परीक्षण शिविर, वाली रोग किरा निदान शिविर (plant clinic) ,पशुस्वास्थ्य शिविर संचालन मार्फत वाली एंव पशु स्वास्थ्य निदानरउपचार सेवा फिल्ड स्तरसम्म पुर्याएको छ ।
(थ) कृषक व्यवसायी र उद्यमीहरुलाई हौसला र उत्प्रेरणा बृद्धि गर्न विभिन्न किसिमका कृषक पुरस्कारहरु प्रदान गरिदै आएको छ।
९. पर्यटन, उद्धयोग, वन तथा वातावरण
(क) जानकी मन्दिरको सौन्दर्यीकरणको काम अन्तिम चरणमा पुगेको छ । धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धन गर्ने उद्देश्यले प्रदेश दुईका विभिन्न स्थानमा रहेका सांस्कृतिक सम्पदाहरुको सौन्दर्यीकरण गर्ने कार्य भइरहेको छ ।
(ख) हरित प्रदेश अभियान सञ्चालन गरिएको छ । प्रदेशकाआठवटै जिल्लामा ३७७.४ हे जमीनमा वृक्षारोपणकार्य सम्पन्न भएको छ। साथै प्रत्येक जिल्लामा हाईटेक वन नर्सरी स्थापना गरी १ करोड ४१ लाखगोटाविरुवा उत्पादन गरी वृक्षारोपण तथा निजी जग्गाधनी समेतलाई वितरण गरिएको छ ।
(ग) "संरक्षण हाम्रो मन प्रदेशको वन प्रदेशकै धन" नारा लाई प्रदेश सरकारलेउच्च प्राथमिकतामा राखेको छ । यसबाट ३५१ वटा सामुदायिक वन र १७ वटा साझेदारी वन समेतमा जम्मा ९१४० हेक्टर वन क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापन कार्य हुँदै आएको छ।
(घ) चुरे जोगाउ मधेश वचाउ नीति अनुरुप"समृद्धि का लागि वन परियोजना" स्वीकृत भई प्रदेश भित्रको २५ वटा पालिकामा लागू हुने गरी कार्य अघि बढाइएको छ ।
(ङ) प्रदेशका ८ वटै जिल्लामा १९२ वटा पर्यटकीय संरचनाहरुको निर्माण, मर्मत तथा संरक्षण भइ पर्यटकहरुलाई सहज सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।
(च) अन्तराष्ट्रिय रामायण सर्किट सम्मेलन सम्पन्न भएको छ।यसले रामायणकालीन धार्मिक स्थलहरुको रुट निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ नेपाल र भारतका धार्मिक क्षेत्रका प्रबुद्द व्यक्तित्वहरुको उपस्थितमा जनकपुरधाममा रामायण सर्किटमा (नेपाल भारत बङ्गलादेश र श्रीलङ्का) पर्ने स्थानहरुको पहिचान तथा विकास गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्न आधार सृजना भएको छ ।
(छ) गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम (MEDEP) अन्तरगत ८ वटै जिल्लामा १६ वटा सेवा प्रदायक संघ संस्थावाट सेवा प्रवाह गरी गरिवी न्युनिकरणमा टेवा पुर्याकइएको छ ।
(ज) प्रदेशभित्र प्रत्येक जिल्लामा औद्योगिक ग्राम तथा पर्यटन ग्राम निर्माणको कार्य अगाडि बढेको छ।
(झ) पर्यटन प्रवर्दनलाई संस्थागत सहयोग र सहकार्यको लागिप्रदेश सरकार र नेपाल पर्यटन वोर्ड, भृकुटीमण्डप, काठमाण्डौंबीच समझदारी पत्रमा हस्ताक्षर भई सो अनुरुप कार्य अघि बढाइएको छ ।
१०. शान्ति सुरक्षा, विपद् व्यवस्थापन तथा राहत वितरण
(क) राजमार्गहरुको सुरक्षा व्यवस्थापन तथा आपराधिक कृयाकलापहरुलाई निगरानी तथा नियंत्रण गर्ने उद्धेश्यले डिजिटल सुरक्षा उपकरण स्थापना गर्ने कार्यको थालनी गरिएको छ ।
(ख) विपद व्यवस्थापनमा संलग्न निकायहरुको सुदृढिकरण, क्षमता विकास, उद्धार तथा राहत व्यवस्थापन र पिडित व्यक्ति, परिवारलाई राहत वितरण गर्ने कार्यलाई प्रभावकारी बनाइएको छ ।
(ग) प्रदेशमा समय समयमा आइपर्ने विपद ९वाढी, डुबान, शितलहर, आगलागी लगायत० मा प्रभावित परिवारलाई ८००० थान कम्बल, १००० थान त्रिपाल उपलब्ध गराइएको छ। साथैविपदबाट पिडित व्यक्ति तथा परिवारलाई रु।११ लाख ४० हजार राहत स्वरूप नगद उपलब्ध गराएको छ ।
(घ) प्रदेशमा शान्ति सुरक्षा कायम गरी जनतामा सुरक्षाको अनुभूति दिलाउन प्रदेश प्रहरी ऐन कार्यान्वयनको चरणमा रहेको छ क्ष सुरक्षा निकायहरुको भौतिक पूर्वाधार निर्माणमा प्रदेश सरकारले ३९ करोड रकम उपलब्ध गराएको र यसबाट ८ वटा प्रहरी चौकीहरु निर्माणाधीन अवस्थामा रहेका छन् ।
(ङ) शान्ति सुरक्षामा सुरक्षाकर्मी परिचालन गर्न सहज बनाउने उद्देश्यले प्रदेश सरकारले प्रदेश प्रहरी कार्यालय मार्फत विभिन्न सुरक्षा ग्लष्ट हरुमा ३४ थान सवारीसाधन र अग्नी नियन्त्रणका लागि ९ थान वारुणयन्त्र, १२ थान ड्रोन क्यामेरा उपलब्ध गराएको छ ।
११. कोभिड-१९ माहामारी उपचार, रोकथाम तथा नियन्त्रण
(क) विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ माहामारी रोगबाट १७,१९१ (सत्र हजार एक सय एकान्नवे) व्यक्ति संक्रमित भएकोमा १६,९२६ (सोह्र हजार नौ सय छब्बिस) व्यक्ति उपचार पश्चात निको भएका छन् भने २०९ ( दुई सय नौ) जनाको मृत्यु भएको छ ।
(ख) कोभिड-१९ संक्रमण रोकथाम नियन्त्रण तथा उपचारका लागि कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष स्थापना गरी ५३ करोड ७६ लाख खर्च व्यवस्थापन गरिएको छ ।
(ग) कोभिड-१९ महामारी नियन्त्रण रोकथाम तथा व्यवस्थापनका लागि आठै जिल्लामा आवश्यक जनशक्तिको व्यवस्था गरी पी।सी।आर।ल्याब संचालनमा ल्याइएको छ।
(घ) कोरोना भाइरसको नियन्त्रण गर्न गरिएको लकडाउनका कारण कृषकमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न रु द्दद करोड बराबर ब्याज अनुदान गरिएको छ।सो बाट 48000 कृषक परिवारलाई व्यवसाय संचालनमा राहत पुगेको छ ।
(ङ) कोरोना भाइरस (COVID-19) को सम्भावित संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कार्यमा संलग्न जनशक्तिको लागि जोखिम भत्ता प्रदान गर्नुका साथै रु.५० लाखसम्मको निःशुल्क बीमा र क्षतिपूर्ती दिने व्यवस्था मिलाइएको छ ।
(च) लकडाउनको समयमा उपभोग्य सामान जुटाउन असमर्थ मजदुर, श्रमिक, गरीब तथा आर्थिक रुपमा विपन्नलाई राहत प्याकेज उपलब्ध गराउन महानगरपालिकालाई रु. २५ लाख, उपमहानगरपालिकालाई रु. २० लाख, नगरपालिकालाई रु. १५ लाख र गाउपालिकालाई रु. १० लाखका दरले रकम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट उपलब्ध गराइएको छ ।
(छ) ८ वटै जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयहरुलाई खाद्यान्न खरिद गर्न प्रत्येक जिल्लालाई रु. २ करोडका दरले जम्मा १६ करोडको खाद्य सामग्री खरिद गरी १३६ वटै स्थानीय तहका वडा अध्यक्षहरुलाई हस्तान्तरण गराइएको छ ।
प्रदेश सरकारले स्थापना कालदेखि नै प्रदेशका नागरिकहरुको आवश्यकता, चाहना र भावना अनुरुप कार्य सम्पादन गर्दै आईरहेको छ । संघीय संरचनाको प्रारम्भिक चरणमा कार्य सम्पादनका लागि अत्यावश्यक पर्ने कानूनी संरचनाको अपर्याप्तता, सांगठानिक सक्षमता र प्रर्याप्ततामा कमी, वित्तीय स्रोतसाधनको कमी, संघ, प्रदेश तथा स्थानीय तह बीचको समन्वयात्मक अन्तरसम्बन्धमा स्पष्टताको अभाव लगायतका समस्या एवम् चुनौतीका बाबजुद पनि प्रदेश सरकार समग्र प्रदेशको समृद्धि र विकासका लागि क्रियाशील रहेको छ। यस तीन वर्षको अनुभव र सिकाईको आधारमा आगामी दिनमा समेत आम(नागरिकको भावना बमोजिम प्रभावकारी सेवा प्रवाह गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको छ ।

## स्थानीय सम्वाद

# प्रधानमन्त्री ओलीले आफूलाई नै राज्य ठान्नुभएको छ



**उदयकुमार यादव बरबरिया**
**मेयर, शहीदनगर नगरपालिका, धनुषा**

**० संसद विघटनका कारण स्थानीय तहमा कस्तो प्रभाव पारेको छ ?**
– निश्चय नै अहिले नेपालमा तीन तहको सरकार छ र तीनै सरकारबीच आपसी सहकार्य भइरहेको अवस्था छ । तर अहिले देश र संविधान नै संकटमा छ । यस्तो अवस्थामा देशमा अन्योलता त हुने नै भयो । किनभने त्यहीं संविधानलाई टेकेर मुलुकमा संघीय, प्रादेशिक र स्थानीय सरकारहरु बनेका छन् । अहिलेको महत्वपूर्ण काम भनेको संविधानको रक्षा गर्नुको साथै विभिन्न आन्दोलनहरुबाट प्राप्त उपलब्धिहरुको संस्थागत गर्नु नै हो । त्यसैले हामी स्थानीय तहका जनप्रतिनिधिहरु पनि प्रधानमन्त्री केपी शर्मा ओलीले चाल्नुभएको प्रतिगमनकारी कदमको विरोधमा छौं । प्रधानमन्त्री केपी ओलीले धमाधम संविधानलाई मिचेर विभिन्न कामहरु गरिरहनुभएको छ । पाँच वर्षका लागि जनताले दिएको म्यान्डेटलाई मासेर मध्यावधि निर्वाचनको घोषणा गर्नुभएको छ, यो संविधान र संघीयता विरोधी कदम हो । त्यसैले हामी पनि विरोधमा उत्रिनु परेको छ ।

**० स्थानीय तहका जनप्रतिनिधिलाई के असर गरेको छ त ?**
– देशको संविधान नै खतरामा हुँदा देशका सम्पूर्ण जनतालाई स्वाभाविक रुपमा नै असर गर्छ । स्थानीय तह भनेको एउटा सरकार पनि हो । प्रधानमन्त्रीको असंवैधानिक कामले गर्दा हाम्रो कामहरुमा विभिन्न बाधा अड्चनहरु देखा परिरहेका छन् । यदि सरकारले नै संविधानविपरीत काम गर्न थाल्यो भने यो संविधानको कु हो भन्ने हामीले बुझ्नुपर्छ । हामीले संविधानको मूल मर्म र भावनाअनुसार नै आफ्ना विभिन्न नीति तथा कार्यक्रमहरु एवं विकास निर्माणका कामहरु गरिरहेका हुन्छौं । स्थानीय सरकार सञ्चालन ऐनमाथि नै प्रधानमन्त्री ओलीको कदमले धावा बोलिरहेको अवस्था छ । त्यसैले प्रधानमन्त्रीले नेपाली जनताको बलिदानी र संघर्षबाट आएको संविधानमाथि कुठाराघात गर्नुभएको छ । प्रधानमन्त्रीले संघीयता पनि खारेज गर्दैछ भन्ने चर्चाहरु भइरहेका छन् । प्रधानमन्त्री ओलीको जुन किसिमका अभिव्यक्तिहरु आइरहेका छन्, यसले के देखाउँछ भने वास्तवमा संघीयता धरापमा छ । संघीयता धरापमा हुनु भनेको संविधान धरापमा पर्दै गएको छ । यो संविधानलाई बचाउनका लागि हामी अहिले संघर्ष गरिरहेका छौं । हाम्रो स्थानीय तहको काम कारबाही प्रभावित नहुने गरी जनताको दैनिक कामहरु प्रभावित नहुने प्रधानमन्त्री ओलीको कदमको विरोधमा हामी लागेका छौं । प्रधानमन्त्री ओलीले आफूलाई नै राज्य ठान्नुभएको छ ।

**० स्थानीय जनप्रतिनिधिहरु आफैं सडकमा विरोध प्रदर्शनमा आइरहँदा जनताका काम कारबाही प्रभावित भइरहेको छैन ?**
– जनताको काम नबिग्रिने गरी मैले नेतृत्वको नगरपालिकामा कामहरु भइरहेको नै छ । देशमा अहिले केपी ओलीले अन्योलताको वातावरण सिर्जना गर्नुको छ । पूरा विश्व नै अहिलेसम्म पनि वैश्विक महामारी कोभिड-१९ को प्रकोपबाट बाहिर निस्कन सकेको छैन । मुलुकको आर्थिक अवस्था डमाडोल छ । अहिलेको प्रमुख कार्य भनेको आर्थिक उन्नति र प्रगति कसरी गर्ने । तर प्रधानमन्त्रीले संसद नै भंग गरेर मुलुकमाथि थप आर्थिक भार थोपार्ने कुचेष्टा गर्नुभएको छ । मध्यावधि निर्वाचन अहिले मुलुकको लागि उपयुक्त होइन । निर्वाचनका लागि अर्बौं अर्ब रुपैयाँको खर्च हुन्छ । अहिले निर्वाचनमा पैसा खर्च गर्नुभन्दा आर्थिक अवस्थालाई सुधार्नुपर्ने थियो । तर प्रधानमन्त्री केपी ओलीले मुलुकलाई उल्टो बाटोतिर डोर्‍याउनु भएको छ ।

**० प्रधानमन्त्री ओली यो कदम चाल्नुमा उहाँ मात्रै दोषी हुनुहुन्छ त ?**
– निश्चितरुपमा प्रधानमन्त्री ओलीको मुख्य दोष देखिएको छ । अहिलेको हाम्रो मुख्य संघर्ष भनेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानलाई रक्षा गर्ने हो । अहिले संविधान, संघीयता र लोकतन्त्र विरोधी खेमामा प्रधानमन्त्री ओली देखिनुभएको छ भने ती उपलब्धिहरुको रक्षा गर्ने खेमामा हाम्रो नेकपा नेपाल-दाहाल समूह हो । केपी ओलीको प्रतिगमनकारी कदमलाई हामीले परास्त गरेनौं भने यो संविधान नै खतरामा पर्छ । संविधान खतरामा पर्‍यो भने जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति, थरुहट लगायतका आन्दोलनबाट प्राप्त उपलब्धिहरु गुम्ने निश्चित देखिन्छ । तसर्थ, हामी अहिले सत्यताको लडाइमा छौं र प्रधानमन्त्री ओली समूह प्रतिगमनकारी बाटोमा हुनुहुन्छ । नेकपाका करिब एक तिहाइ सदस्य हाम्रो समूहमा हुनुहुन्छ । हामीले अन्ततः विजय हासिल गर्ने नै छौं । असत्यमाथि जहिले पनि सत्यको विजय हुन्छ । अहिले ओलीको समूहमा अवसरवादीहरु मात्रै देखिएका छन् । जो मान्छेले वडा सदस्यमा समेत जित्न सक्दैनन्, त्यस्ताहरुलाई ओलीले मन्त्री बनाउनुभएको छ । सडकबाट टिपेर केन्द्रीय सदस्य बनाइएको छ । त्यसैले अहिलेको लडाइ भनेको सत्यता र संविधानको रक्षा गर्नेको लडाइ हो । केही न केही कमी कमजोरीहरु प्रचण्ड र माधव नेपालबाट पनि भएको हुन सक्छ ।

**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**

**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारतद्वारा विश्व समुदायलाई दुई करोड २२ लाख खोप हस्तान्तरण

नयाँदिल्ली । कोरोना भाइरसविरुद्धको खोप विकास गरेको भारतले विश्व समुदायलाई दुई करोड २९ लाखभन्दा बढी खोप प्रदान गरेको छ ।
भारतको विदेश मामिला मन्त्रालयले शुक्रबार दिएको जानकारी अनुसार भारतले विभिन्न देशलाई दुई करोड २९ लाख ७० हजारभन्दा बढी खोप प्रदान गरेको हो । 'भारतले आजको मितिसम्म दुई करोड २९ लाख ७० हजारभन्दा बढी खोप विश्व समुदायलाई प्रदान गरेको छ,' विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले भने ।
उनका अनुसार विश्व समुदायलाई दिइएको कुल खोपमध्ये झन्डै ६४ लाख ७० हजार खोप निःशुल्क वितरण गरिएको हो भने एक करोड ६५ लाख खोप आर्थिक कारोबारसहित प्रदान गरिएको हो ।
माग गर्ने अन्य देशहरुलाई पनि आगामी दिनमा समेत खोप उपलब्ध गराउने भारतले योजना बनाएको प्रवक्ता श्रीवास्तवले जानकारी दिए । भारतले अफ्रिका, ल्याटिन अमेरिका र प्रशान्त द्वीपलगायत क्षेत्रका देशहरुलाई खोप प्रदान गर्न चाहेको उनको भनाइ छ ।
भारतमा कोरोना भाइरसको विरुद्धमा कोभिसिल्ड नाम खोप विकास गरी लगाउन थालिएको हो । यो खोप विश्वमा धेरै प्रयोग भएका खोपहरुमध्येमा पर्छ ।

## भारतले इन्डो-प्यासिफिक क्षेत्रमा सुरक्षा दिनुपर्छ, विश्वशक्तिको रुपमा स्वागत गर्छौं: अमेरिका

काठमाडौं । अमेरिकाले भारत इन्डो-प्यासिफिक क्षेत्रको आफ्नो महत्वपूर्ण सहयोगी राष्ट्र भएको बताएको छ ।
भारत यस क्षेत्रमा अग्रणी विश्वशक्तिको रुपमा उपस्थित हुनुपर्ने पनि अमेरिकाको भनाइ छ ।
अमेरिकी विदेशमन्त्रालयका प्रवक्ता नेड प्राइसले भारतको विषयमा मंगलबार भनेका छन्,'भारत अमेरिकाको इन्डो-प्यासिफिक क्षेत्रको महत्वपूर्ण सहयोगी मुलुक हो । हामी भारतलाई एक अग्रणी विश्वशक्तिको रूपमा देखा पर्न र यस क्षेत्रमा सुरक्षा प्रदान गर्न स्वागत गर्दछौं ।'
पत्रकारहरुसँगको कुराकानीमा मंगलबार प्राइसले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्कन र भारतीय समकक्षी एस जयशंकरबीच कुराकानी भएको पनि जानकारी दिए ।
दुईहप्तामा दुईपटक यी दुई देशका विदेशमन्त्रीबीच कुराकानी भएको हो ।
प्राइसले दुई देशबीच सो क्रममा क्वाड र अन्य क्षेत्रीय सहयोग बढाउने विषयमा कुराकानी भएको जानकारी दिए । उनका अनुसार कोरोना भाइरस र जलवायु परिवर्तनजस्ता चुनौतीसँग जुध्ने पनि प्रतिवद्धता भएको छ ।
उनले भनेका छन्,'अमेरिका र भारतबीच रक्षा, इन्डो-प्यासिफिक क्षेत्रीय सहयोग, आतंकवाद, शान्ति, पर्यावरण, स्वास्थ्य, शिक्षा, कृषि, अन्तरिक्षजीता कयौं विस्तृत कूटनीति र सुरक्षा क्षेत्रमा सहकार्य गर्ने सम्झौता भएको छ ।'

## चीनले डब्लुएचओको टोलीलाई कोरोनासम्बन्धी महत्वपूर्ण तथ्यांक दिएन

काठमाडौं । चीनले कोरोना भाइरसको महामारी सम्बन्धी महत्वपूर्ण तथ्यांक विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को अनुसन्धान टोलीलाई हस्तान्तरण गर्न अस्वीकार गरेको छ । कोरोना भाइरसको उद्धगम थलोबारे डब्लुएचओको अन्तर्राष्ट्रिय अनुसन्धान टोलीले चीनमा अध्ययन गरिरहेको छ । सो अनुसन्धान टोलीमा रहेका एक सदस्यका अनुसार चीनले कोभिड-१९ सम्बन्धी महत्वपूर्ण तथ्यांक दिन अस्वीकार गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।
माइक्रोबायोलोजिस्ट डोमिनिक डयरले समाचार संस्था रोयटर्स, द वाल स्ट्रिट जर्नल र द न्यूयोर्क टाइम्सलाई बताए अनुसार उनको टिमले चीनसँग कोरोना भाइरसबाट संक्रमित भएका सुरुका बिरामीहरुको प्रारम्भीक तथ्यांक माग गरेको थियो । तर चीनले पूर्ण प्रारम्भिक तथ्यांकको सट्टा संक्षिप्त विवरण मात्रै दिएको उनले बताएका छन् ।
डब्लुएचओलाई सम्पूर्ण प्रारम्भिक तथ्यांक उपलब्ध नगराएको भन्ने रिपोर्टप्रति आफ्नो गम्भीर चासो रहेको अमेरिकाले जनाएको छ । गएको हप्ता डब्लुएचओको टोलीले कोरोना भाइरस प्रयोगशालाबाट चुहावट भएर मानिसमा फैलिएको सम्भावना नरहेको निष्कर्ष सार्वजनिक गरेको थियो ।

## भारतले कुनै क्षेत्र चीनलाई दिएको छैन : भारतीय रक्षा मन्त्रालय

काठमाण्डौ । भारतको रक्षा मन्त्रालयले भारतले चीनलाई कुनै पनि क्षेत्र नदिएको स्पष्ट पारेको छ । भारतीय कांग्रेस नेता राहुल गान्धीको आरोपपछि त्यहाँको रक्षा मन्त्रालयले एक विज्ञप्ति नै निकाल्दै चीनलाई कुनै पनि क्षेत्र नदिएको र अझै पनि मतभेद हल गर्ने काम भइरहेको बताएको हो ।
राहुल गान्धीले शुक्रवार बिहान पत्रकार सम्मेलन गर्दै लद्दाखमा भारत र चीनका सेनाबीच विच्छेदन प्रक्रियालाई लिएर भएको सम्झौतामाथि प्रश्न उठाका थिए । राहुल गान्धीले प्रधानमन्त्री मोदीले चीनको अघि शिर टेकेको बताएका थिए ।
'लद्दाखमा प्याङगोङ तालमा भारतीय जमिन फिङ्गर-४ सम्म छ जबकि चीनलाई अब फिङ्गर ४ देखि ३ सम्म हिस्सा दिइएको छ', कांग्रेस नेता गान्धीले भनेका थिए । उनको यस बयानपछि रक्षा मन्त्रालयले आफ्नो बयान जारी गरेको हो ।
मन्त्रालयले विज्ञप्ति जारी गर्दै मिडिया र सञ्चारमाध्यममा प्याङगोङ त्सोमा विच्छेदनको प्रक्रियामाथि भ्रामक र गलत सूचना फैलाएको बोध भएको जनाएको छ ।
मन्त्रालयले विज्ञप्तिमा फिङ्गर-४ सम्म भारतीय क्षेत्र भएको भन्दै गरिएको दाबी गलत भएको जनाएको छ ।

# प्रदेश २ मा प्रदेश परिवहन बस संचालनको तयारी

जनकपुरधाम । जनतालाई सरल, सुलभ तथा व्यवस्थित यातायात सेवा प्रदान गर्ने उद्देश्यले प्रदेश २ को भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रदेश परिवहन ल्याएको छ । प्रदेश नम्बर २ का भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले शनिबार पत्रकार सम्मेलनमा बोल्दै कार्यविधि निर्माण कार्य अन्तिम चरणमा रहेको जानकारी गराए । बस चाँडै सञ्चालनमा ल्याउने जानकारी गराउँदै उनले बस सेवा सञ्चालनका लागि एउटा संचालक समितिको गठन गर्ने र बस सेवा संचालनको सम्पूर्ण जिम्मेवारी प्रदान गरिने बताए । संचालक समितिले नै बसको चालक, सहचालक तथा अन्य कर्मचारी भर्ती गर्ने पनि मन्त्री सोनलले जानकारी गराए ।
धनतेरसका दिन पाँच वटा बस ३ करोड ९ लाख ८२ हजार रुपैयाँमा खरिद गरिएको थियो । कार्यविधि अभाव तथा बसको भुक्तानी हुन नसकेकोले बसहरु त्यतिकै थन्काएर राखिएको थियो । ५ वटै बसको भुक्तानी गत पुस महिनामै भइसकेकाले कार्यविधि निर्माणको कार्य सम्पन्न भएलगत्तै बस सेवा सञ्चालनमा आउने मन्त्री सोनलले बताए । जनकपुरधामदेखि वीरगञ्ज, वीरगञ्जदेखि जनकपुरधाम र जनकपुरधामदेखि राजविराजसम्म प्रदेश परिवहन सेवा सञ्चालन गरिने मन्त्रालयले जनाएको छ । प्रदेश परिवहन सेवा सञ्चालन भएपछि यसले प्रदेशको ८ वटै जिल्लाका सदरमुकामलाई जोड्नेगरी सेवा प्रदान गर्ने जानकारी दिइयो । बस ५० सीट क्षमता भएको, सीसीटीभी क्यामेरा, स्वचालित ढोका र वाइफाइको सुविधा समेत रहेको छ । प्रदेश २ मा प्रदेश परिवहन सेवा सञ्चालनमा आएपछि सार्वजनिक यातायातभन्दा सरल, सुलभ, सुरक्षित र व्यवस्थित हुने मन्त्री सोनलले जानकारी गराए। मुलुकमा रहेको सात प्रदेश मध्ये प्रदेश २ मा सबैभन्दा पहिलो प्रदेश परिवहन बस ल्याउने भएको हो । मन्त्रालयद्वारा ०७६/०७७ मा गरिएको प्रगति सार्वजनिक मन्त्री जितेन्द्र सोनलले कोभिड-१९ संकटकाबीच आफ्नो मन्त्रालय योजना अनुरुप काम सम्पन्न गर्न सफल भएकोमा खुशी ब्यक्त गरे ।
त्यस्तै प्रदेश सभा निर्वाचन क्षेत्रमा ३२० किमी पक्की सडक निर्माण गरिएको ,७४.९० किमी पक्की सडक ढलान भएको,१७०.१७ किमी ग्राभेल सडक निर्माण भएको, ३० वटा पुल निर्माण,५.५४ किमी नाला, १४ वटा कल्भट निर्माण भएको, ५९.८१ किमी नयाँ कच्ची सडक र १० वटा झुलगें पुल मध्ये तीनवटा निर्माण कार्य सम्पन्न भइसको मन्त्री सोनलले बताए ।
प्रदेशमा ९३ वटा नयाँ हेडवर्क्सको निर्माण कार्य जारी रहेको जानकारी गराउँदै करिब १६ सय खेतीयोग्य जमिनमा सिंचाइ सुविधा प्रदान गरिएको, २६ वटा धर्मशालाको निर्माण गरिएको ,९ वटा दलित छात्राबास निर्माण गरिएको जानकारी गराए ।

संकटमा लैंगिक हिंसाको रोकथाम : तीन तह सरकारले निर्माण गरौं नयाँ आयाम ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## कोभिड-१९ को संकटबारे छलफल गर्ने

काठमाडौं । भारतले नेपाललगायत छिमेकी मुलुकहरुसँग कोरोना संकट, खोप लगायतका विषयहरुमा छलफल गर्ने भएको छ । सार्कका सबै सदस्य र यस क्षेत्रमा अन्य मुलुकहरु सो छलफलमा सहभागी हुने छन् । बैठकमा खोप लगायत अन्य स्वास्थ्यसँग सम्बन्धित विषयमा समेत छलफल हुनेछ । भारतले नेपाललगायतका छिमेकी मुलुकहरुलाई अनुदानमा कोरोनाविरुद्धको खोप उपलब्ध गराएको छ ।

## जिल्ला समाचार

### प्रथम गणतान्त्रिक शहीद झाकी श्रीमतीलाई सम्मान

जनकपुरधाम । प्रथम गणतान्त्रिक शहीद दुर्गानन्द झाकी श्रीमती काशीदेवीलाई नेपाली कांग्रेस तरुण विभाग प्रदेश २ द्वारा सम्मान गरिएको छ । कांग्रेसका केन्द्रीय सदस्य एवं कांग्रेस तरुण विभागका सभापति शङ्कर भण्डारीले शहीद झाको पैतृक गाउँ जटहीमा उनलाई सम्मानका साथै शहीद झाको गणतान्त्रिक योगदानको सम्मानपत्र हस्तान्तरण गरे । सम्मानपत्रमा लोकतन्त्र, गणतन्त्र, सङ्घीयता, बहुलवाद, धर्मनिरपेक्षतासहितको लोकतान्त्रिक व्यवस्था ल्याउन आफ्नो अमूल्य जीवन न्यौछावर गर्ने अमर शहीद झाप्रति श्रद्धासुमन अर्पण र परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्न पाउँदा गर्वको अनुभूति भएको उल्लेख छ । सो अवसरमा विभागका केन्द्रीय सदस्य एवं प्रदेश २ का संयोजक रामपल्टन साह, कांग्रेस धनुषा कार्य समिति सदस्य प्रवेश चौधरीले शहीद झाको नेपालमा गणतान्त्रिक शासन पद्धतिको स्थापनाको सङ्कल्प, योगदान र राजा महेन्द्रमाथि बम प्रहार प्रसङ्गको चर्चा गरे ।

### प्रदेश २ मा ३५६ किलोमिटर पक्की सडक निर्माण

जनकपुरधाम । प्रदेश २ को भौतिक पूर्वाधार विकास मन्त्रालयले आर्थिक वर्ष २०७५-७६ देखि हालसम्म प्रदेशसभा निर्वाचन क्षेत्रमा ३५६ किलोमिटर पक्की सडकको निर्माण कार्य सम्पन्न गरेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा आयोजित वार्षिक प्रगतिसम्बन्धी पत्रकार सम्मेलनमा सो जानकारी दिइएको हो । प्रदेशमा कालोपत्र सडक ५०.९५ किलोमिटर, पक्की सडक ढलान ७४.९० किलोमिटर र ग्राभेल सडक १७०.१७ किलोमिटर निर्माण सम्पन्न भएको जनाइएको छ । सोही क्रममा ३० वटा पुल निर्माणका क्रममा रहेको, ५.५४ किलोमिटर नाला, १४ वटा कल्भर्ट र ५९.८१ किलोमिटर नयाँ कच्ची सडक निर्माणकार्य सम्पन्न भएको छ । नीति तथा कार्यक्रममा रहेको १० वटा झोलुङ्गे पुलमध्ये तीनवटाको निर्माण कार्य सम्पन्न भएको छ । सिँचाइतर्फ १६५ वटा नहर प्रणालीको मर्मतसम्भार गरी पानी सञ्चालन, प्रदेशका आठवटै जिल्लामा दुई क्लस्टर सिँचाइअन्तर्गत पावर ड्रिल टयुबवेल निर्माणबाट प्रदेशका १६ हजार खेतीयोग्य जमीनमा सिँचाइ सुविधा प्रदान गरिने योजनाको शुरूआत गरिएको छ । सो अवधिमा २४० वटा डिप टयुबवेल तथा ३३ वटा पावर ड्रिल टयुबवेल निर्माण, प्रदेशका पाँच हजार ४३० हेक्टर थप जग्गाको सिञ्चित क्षेत्रफलमा वृद्धि भएको बताइएको छ । नदी कटान र डुबानबाट एक हजार ५०० हेक्टर खेतीयोग्य जग्गा संरक्षण र २० वटा जोखिमयुक्त बस्तीलाई संरक्षण गरिएको छ ।

### पर्सा र बाराका चार उद्योगमाथि मुद्दा दायर

पर्सा । खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय वीरगञ्जले गुणस्तरहीन सामान उत्पादन गरी उपभोक्तालाई ठग्ने बारा जिल्लाको चारवटा उद्योगमाथि जिल्ला प्रशासन कार्यालय बारामा मुद्दा दायर गरेको छ । बारा जिल्लाका विभिन्न ठाउँमा सञ्चालनमा रहेको कामधेनु डेरी उद्योग, लक्ष्मी डेरी उद्योग, गणपति वनस्पति उद्योग र कुसुम आयल प्रालिले विगत लामो समयदेखि गुणस्तरहीन सामान उत्पादन गरी उपभोक्ता ठग्दै आइरहेकाले खाद्य ऐन २०२३ र दाना ऐन २०३३ अन्तर्गत ती उद्योगमाथि मुद्दा चलाइएको कार्यालयका खाद्य अनुसन्धान अधिकृत विक्की राउतले बताए । ती उद्योगको उत्पादन गर्ने वस्तुको नमूना सङ्कलन गरी प्रयोगशालामा परीक्षण गर्दा अखाद्य वस्तु भेटिएकाले ती उद्योगलाई हदैसम्मको कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय बारामा मुद्दा दायर गरिएको प्रमुख राउतले बताए । अहिले कार्यालयमा नयाँ तथा पुराना गरी ६० मुद्दा अनुसन्धानको क्रममा रहेको छ । ती मुद्दाअन्तर्गत तेल, घ्यू र मसलाजन्य पदार्थको मुद्दा बढी रहेको छ । कार्यालयले बारा र पर्साका उद्योग तथा बजारको अनुगमन गरी खाद्य नमूना ५५ वटा र दाना नमूना १० वटा सङ्कलन गरी परीक्षणको लागि जनकपुरस्थित प्रयोगशालामा पठाएको छ । यसैगरी कार्यालयले खाद्य उत्पादन गर्ने उद्योग तथा दाना उत्पादन गर्ने करीब एक सय उद्योगमा स्थलगत निरीक्षण गरेको छ । पर्सा र बारामा रहेका दूध, तेल, मसला र डेरीजन्य उद्योगमा बढी मिसावट देखिएकाले ती उद्योगमाथि निगरानी बढाएको छ । सो कार्यालयले हालसम्म आठपटक संयुक्त अनुगमन तथा १२० पटक एकल अनुगमन गरेको छ । पर्सा र बारामा १२ वटाभन्दा बढी डेरी उद्योग रहेको र ती उद्योगले पाउडर मिसाएर दूध बनाउने गरेको, नक्कली घ्यू उत्पादन गर्ने जानकारी आएकाले ती उद्योगमा निगरानी बढाएको छ । करिब २० वटा पानी उद्योग रहेको र तीमध्ये अधिकांश उद्योग नेपाल सरकारको मापदण्डविपरीत सञ्चालनमा रहेको बताइएको छ । उद्योगी फरार रहेकाले कार्यालयसँग भएको पुराना मुद्दा टुङ्गिन नसकेको हो । पर्सा र बारा दुई जिल्ला हेर्ने सो कार्यालयमा एक कार्यालय प्रमुखसहित दुई कर्मचारी मात्र भएको र सवारी साधनको अभावमा नियमित रुपमा अनुगमन हुन नसकेकाले प्राविधिक काम प्रभावित भएको छ ।

### रौतहटमा २५ लाख बराबरको घडी बरामद

रौतहट । रौतहटस्थित सशस्त्र प्रहरीको गस्ती टोलीले २५ लाख मूल्य बराबरको विददेशी घडीसहित एक व्यक्तिलाई पक्राउ गरेको छ । बोर्डर आउटपोष्ट रामपुरका सशस्त्र प्रहरी हवल्दार विनोद बुढाथोकीको कमान्डमा गएको गस्ति टोलीले ईशनाथ नगरपालिका ४ बाट गौर नपा ५ पोखरियाका १९ वर्षीय निजामुदिन खानलाई पक्राउ गरेको हो । ना ३९ प ६७८३ नम्बरको स्पलेण्डर मोटरसाइकलमा भारतबाट नेपाल आउने क्रममा शंका लागेर खानमाथि चेकजाँच गर्दा १४ थान घडी बरामद भएको सशस्त्र प्रहरी ११ नम्बर हेक्वा गौरका डिएसपी प्रमोद भारतीले जानकारी दिए । बरामद घडीको मूल्य २४ लाख ६३ हजार ३ सय र मोटरसाइकलको मूल्य ७५ हजार गरी कूल २५ लाख ४८ हजार ३ सय रुपैयाँ पर्न जान्छ । खानलाई कार्वाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको डिएसपी भारतीले जानकारी दिए ।

### प्रहरीलाई दुर्व्यवहार आरोपमा पक्राउ

मोरङ । प्रहरीलाई दूर्व्यवहार गरेको अभियोगमा विराटनगर महानरपालिका-१८ रेलवे स्टेसनबाट सोही ठाउँ बस्ने १९ वर्षीय सन्जिब कुमार यादब समेत ३ जनालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । बिशेष कामले को.२३ प २११६ नम्बरको मोटरसाइकलमा सवार २ जना प्रहरी कर्मचारीहरुलाई स्थानीय केटाहरुले सरस्वतीको मूर्ति बिसर्जन गर्दै गरेको अवस्थामा उक्त मोटरसाइकल रोकी चाबी खोसी कुटपिट गरी दूर्व्यवहार गरेपछि ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

### ट्रकको ठक्करबाट दुईको मृत्यु

कैलाली । लम्कीचुहा नगरपालिका-१० स्थित सडकमा ना.५ ख ८४०६ नम्बरको ट्रकले अनटेष्ट लेखिएको मोटरसाइकललाई बुधबार दिउँसो ठक्कर दिँदा २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरुमा मोटरसाइकल चालक लम्कीचुहा नगरपालिका-४ बस्ने २४ वर्षीय दिनेश चौधरी र मोटरसाइकलमा सवार जानकी गाउँपालिका-१ बस्ने १८ वर्षीया सन्ध्या चौधरी रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका दिनेशको स्थानीय लालरत्न अस्पतालमा र सन्ध्याको मेडिकल कलेज कोहल्पुरमा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### आगलागीबाट धनमाल जलेर नष्ट

कैलाली । बर्दगोरिया गाउँपालिका-३ बुटकौवा बस्ने शेर बहादुर बिकको घरमा पूजा कोठामा बालेको दियोबाट आइतबार राति आगलागी हुँदा घर, नगद ६० हजार रुपैयाँ, लत्ताकपडा, अन्नपात लगायत विभिन्न सामान जलेर करिब ८ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । ईलाका प्रहरी कार्यालय सडकपुरबाट खटिएको प्रहरीले स्थानीयवासी र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### चोरीपैठारीको सामान बरामद

रौतहट । रौटहट जिल्लाको गौर नगरपालिका २ महादेवपट्टिस्थित सीमा ईलाकाबाट फागुन २ गते एपीएफ टोलीले करीब १ लाख ६१ हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा तथा कस्मेटिक सामान बरामद गरेको छ । अवैध रुपले भन्सार छली ल्याउँदै गरेको अवस्थामा उक्त सामान सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट गौरबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । बरामद सामान स्थानीय भन्सार कार्यालयमा बुझाइएको छ ।

## कला/साहित्य

कमल मण्डल 

# स्थापित हुँदै गायिका अञ्जली पटेल

मलिउड गीत संगीतको क्षेत्रमा एउटा चर्चित नाम हो अञ्जली पटेल। उनले मैथिली तथा भोजपुरी भाषाको विभिन्न एल्बमहरुमा सुमधुर आवाज दिएर निकै चर्चा कमाइसकेकी छिन्। उनले आफ्नो पहिलो एकल स्वरमा मैथिली भाषाको एल्बम सजनाके अंगना निकालेकी छिन्। जम्मा आठ वटा गीत रहेको यस एल्बममा सम्पूर्ण गीतको रचना चर्चित कलाकार बि.एन. पटेलले गरेका थिए।

देह छै देहाती हमर, चुल्ही पर करब नै, गे बहिन कोनाक, प्रेम करब कोई, हे रौ सबरका, पियवा पढबो नै, दारु नै छोडै पियवा, बन्हकी मे परल छैथ राम लगायतका गीत रहेको यस एल्बमको गीत अहिले स्थानीय रेडियो एफ.एम.हरुमा चर्चित भएकी थिइन्। सैयौंको संख्यामा



स्टेज कार्यक्रमहरुमा आफ्नो प्रस्तुति देखाएकी अञ्जलीको गीत सामाजिक संजाल तथा यूट्यूबहरुमा लाखौं जनाले हेर्ने गरेका छन्।

शास्त्रीय संगीत गुरु गुरुदेव कामतसँग गुरुकुल संगीत विद्यालयमा संगीतको विशेष ज्ञान लिइरहेकी गायिका पटेल साइन्स विषयमा एम.ए.सँगै संगीत विषयमा पनि एम.ए. सम्मको अध्ययन पूरा गरेकी छिन्। राजधानी काठमाडौंमा

विगत केही वर्षदेखि अध्यापनसँग कला संस्कृति तथा गीत संगीत सम्बन्धी लेख रचनाहरु पनि नियमित रुपमा लेख्दै आएकी छिन्।

काठमाडौंमा हुने सांस्कृतिक कार्यक्रमहरुमा प्रायः मैथिली र भोजपुरी गीत प्रस्तुत गरेर लाखौंको संख्यामा आफ्ना स्रोता तथा दर्शकहरु कमाइसकेकी छिन्। काठमाडौंको रेडियो उपत्यकामा गीत संगीत सम्बन्धी कार्यक्रम संचालिकाको रुपमा पनि अनुभव बटुली सकेकी छिन्।

सामाजिक कार्यमा विशेष रुचि राख्ने गायिका अञ्जली अहिलेसम्म तीन दर्जनभन्दा गीतमा आफ्नो सुमधुर आवाज दिन सफल भएकी छिन्। दर्जनौं सम्मान तथा प्रशंसा पत्रहरु पाउन सफल गायिका पटेल काठमाडौंदेखि मुम्बईसम्मको अनुभव बटुलीसकेकी छन्।

# नाका नखुल्दा सीमा क्षेत्रका व्यवसायी संकटमा

झापा। कोभिड-१९ को महामारी नियन्त्रणका लागि खोप लगाउन शुरु भइसक्यो। तर सरकारले भारतसँगका सीमा नाका खुला गरेको छैन। नाका बन्द हुँदा सीमा वरपरका ठूला बजार र होटेल व्यवसाय सङ्कटग्रस्त बनेका छन्। झापाको काँकडभिट्टा, धुलाबारी, भद्रपुर, गौरीगञ्जलगायत सीमावर्ती बजार खुलेका छन् तर चहलपहल छैन।

सरकारले गत वर्षको चैत ११ गते बन्दाबन्दी घोषणा गरेसँगै सीमा नाका बन्द भए। त्यसको तीन महिनापछि बन्दाबन्दी खुल्यो, तर नाका खुलेन। एघार महिनादेखिको लगातार नाका बन्दले सीमा क्षेत्रको होटेल र अरू व्यवसाय चौपट भएको होटेल व्यवसायी सङ्घ मेचीनगरका अध्यक्ष सुरेशकुमार श्रेष्ठले बताए। उनका अनुसार पूर्वीद्वार काँकडभिट्टामा मात्र चार सयभन्दा साना ठूला होटेल सञ्चालनमा छन्। यसै वर्ष मेचीनगरमा खुलेको पाँचतारे होटेल मेची क्राउन पनि नाका नखुल्दा पर्यटक अभावमा सङ्कट झेलिरहेको छ।

होटेल व्यवसायी सङ्घ मेचीनगरका अध्यक्ष श्रेष्ठका अनुसार बन्दाबन्दी यता काँकडभिट्टाका थुप्रै होटेल व्यवसायी पलायन भइसकेका छन्। कतिले घरधनीको भाडा तिर्न नसक्दा होटेलको तालाचाबीसँगै फर्निचरलगायत सामान घरधनीलाई बुझाएर व्यवसाय त्यागेका छन्।

काँकडभिट्टामा व्यवसायीहरुले सङ्घर्ष समिति गठन गरेर एक महिना निरन्तर आन्दोलन सञ्चालन गरे। नाराजुलुस, धर्ना र सभाको बाक्लै कार्यक्रम आयोजना गर्दासमेत सरकारले व्यवसायीको पीरमर्का नसुनेको अध्यक्ष श्रेष्ठले गुनासो गरे। धर्नाका क्रममा प्रहरीसँग व्यवसायीको झडप भएको थियो। इलाका प्रहरी कार्यालय काँकडभिट्टाका प्रहरी नायब उपरीक्षक सुनिल दाहालले माथिबाट आदेश नआएसम्म नाका नखुल्ने बताए। तर आवश्यक कामकाजका लागि स्वास्थ्य मापदण्ड पूरा गरेर नाकाबाट दुवै देशका नागरिकले आउजाउ गर्न पाइरहेको उनले बताए।

भारतबाट आँखाको उपचारका लागि काँकडभिट्टा हुँदै दिनहुँ सयौं भारतीय नागरिक नेपाल आउने गर्छन्। उपचारका लागि नेपाल आउने र नेपालबाट भारत जानेलाई अवरोध नगरिएको प्रहरीको भनाइ छ। विगतको तुलनामा हाल नाकामा आवतजावत खुकुलो बनाइए तापनि पर्याप्त नभएको व्यवसायीहरुको भनाइ छ।

काँकडभिट्टा नाकाबाट आउजाउ गर्नका लागि मोटरसाइकल र सिटी रिक्साहरुलाई पुलसम्म जान दिइएको छ। बिरामी बोकेका एम्बुलेन्सहरु नाका पार भएर जाने गरेका छन्। पैदल यात्रीको भीड चाहिँ बढिरहेको छ। भारतीय नाका पानीट्याङ्कीमा नेपालीहरुलाई सीमा पार गर्न नागरिकता देखाउनपर्ने हुन्छ।

# नेपालमा २७५० भारतीय विद्यार्थी अध्ययनरत

काठमाडौं। नेपालमा अध्ययन गर्ने भारतीय विद्यार्थीहरुको संख्या २७५० रहेको एक अध्ययनले देखाएको छ।

भारतीय विदेश मन्त्रालयले त्यहाँको माथिल्लो संसद राज्य सभालाई गराएको जानकारी अनुसार १० लाख भन्दा बढी भारतीय विद्यार्थी विभिन्न मुलुकमा अध्ययन गरिरहेका छन्।

धेरै भारतीय विद्यार्थीहरु अमेरिका, अष्ट्रेलिया, चीन, जर्मनीलगायतका मुलुकमा अध्ययनरत छन्।

# निकासका...

जनताको मात्रै प्रतिनिधित्व गर्छ, यसमा एकल जातीय प्रतिनिधित्व मात्रै छ। ७२ प्रतिशत जनता जसमा मधेशी, दलित, थारु, आदिवासी जनजाति, मुस्लिम र पिछडावर्ग लगायतलाई यो संविधानले प्रतिनिधित्व गरेको छैन। यसकारणले अवसम्भावी छ कि अब यो संविधान अब टिक्न सक्दैन। यो ७० वर्षमा सातौं संविधान पनि जाने निश्चित नै छ। अब आठौं संविधानको परिकल्पना गरे हुन्छ।

नेपाली जनताको लामो संघर्ष र बलिदानीबाट आएको अपूर्ण संविधानलाई सबैको संविधान बनाउने हो भने सर्वदलीय गोलमेच सम्मेलन गरी एउटा समझदारी बनाउनुपर्छ। त्यो समझदारीअनुसार संविधानलाई संशोधन गरी सर्वमान्य बनाउँदे मुलुकलाई प्रगतिको दिशामा बढाउनुपर्ने हुन्छ। नभए अब आठौं संविधानको परिकल्पना गरे हुन्छ।

*(लेखक मण्डल जनता समाजवादी पार्टी नेपालका नेता हुन।)*

# विद्यालय पुनर्निर्माणका लागि भूमि पुजन



काठमाडौं। काठमाडौंको जिल्लाको कागेश्वरी नगरपालिकास्थित श्री कान्ति भैरव माध्यमिक विद्यालयको पुनर्निर्माण सुरु, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत र भारतीय राजदूतावासका नियोग उप-प्रमुखद्वारा भूमि पूजन कार्यक्रम सम्पन्न भएको छ। भारतीय राजदूतावासका नियोग उप-प्रमुख नामग्य सी. खम्पा तथा नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले काठमाडौंको कागेश्वरी नगरपालिकास्थित कान्ति भैरव माध्यमिक विद्यालयको पुनर्निर्माण कार्यका लागि आयोजित भूमि पूजन कार्यक्रममा सहभागी थिए। उक्त समारोहमा कागेश्वरी नगरपालिकाका मेयर, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव तथा श्री कान्ति भैरव विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरुको पनि उपस्थिति थियो।

शिक्षा, स्वास्थ्य, सांस्कृतिक सम्पदा तथा आवास क्षेत्रमा पुनर्निर्माण परियोजनाका लागि भारत सरकारले कूल २५० मिलियन अमेरिकी डलर आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। शिक्षा क्षेत्रका लागि भारतको ५० मिलियन अमेरिकी डलर प्रतिबद्धता रहेको छ। यस सहयोग अन्तर्गत नेपालका आठ जिल्लामा २०७२ सालको भूकम्पले क्षति पुर्याएका ७१ वटा शैक्षिक संस्थाहरुको पुनर्निर्माण भइरहेको छ। गोरखा र नुवाकोट जिल्लामा ८ वटा विद्यालयहरुको निर्माण कार्य सम्पन्न भइसकेको छ भने ५६ वटा विद्यालयहरु निर्माणाधीन अवस्थामा छन्। त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालयको पुनर्निर्माणका लागि बोलपत्र आव्हान सम्बन्धी कार्य पनि अघि बढाइएको छ।

नेरु. २६.६ करोडको लागतमा पुनर्निर्माण भइरहेको श्री कान्ति भैरव माध्यमिक विद्यालय नेपाल सरकारले तोकेको भूकम्प प्रतिरोधी मापदण्ड अनुरुप निर्माण हुनेछ। यस नवनिर्मित तीन तल्ले भवनमा ३० वटा कक्षा कोठा, पुस्तकालय र प्रयोगशाला/अभ्यास कक्षका साथै छात्र तथा छात्राका लागि छुट्टै सरसफाई संरचना तथा फर्निचरको व्यवस्था हुनेछ। यी विद्यालयहरुको निर्माणका लागि केन्द्री यभवन अनुसन्धान संस्थान (सीबीआरआई), रुड्कीले प्राविधिक सहयोग प्रदान गर्नेछ। केन्द्रीय भवन अनुसन्धान संस्थान (सीबीआरआई) भूकम्प प्रतिरोधी पुनर्निर्माण क्षेत्रमा भारतकै शीर्ष संस्थानमा पर्दछ।

सोही अवसरमा नेरु. ५१.८ करोडको लागतमा ६ वटा माध्यमिक विद्यालयको निर्माणका लागि भारतीय राजदूतावास र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) बीच एक सम्झौतापत्रमा हस्ताक्षर भएको छ। ६ वटा विद्यालय मध्ये कान्ति भैरव माध्यमिक विद्यालय, चम्पादेवी माध्यमिक विद्यालय, धापासी माध्यमिक विद्यालय, विष्णुदेवी माध्यमिक विद्यालय गरी चारवटा विद्यालयहरु काठमाडौं जिल्लामा पर्दछन् भने बाँकी दुईवटा सिद्धेश्वर माध्यमिक विद्यालय र हरिसिद्धि माध्यमिक विद्यालय काभ्रे जिल्लामा पर्दछन्।

कार्यक्रममा बोल्दै नियोग उप-प्रमुख नामग्य सी. खम्पाले भारत र नेपालबीचको बलियो र सशक्त विकास साझेदारी यस परियोजना शुभारम्भ कार्यक्रमले चरितार्थ गरेको बताएकी छन्। नेपालमा भूकम्पपश्चातको पुनर्निर्माण परियोजना लगायत नेपालको सामाजिक-आर्थिक विकासमा नेपाल सरकार तथा यसका निकायहरुसँग हातेमालो गर्दै दुई देशबीचको सहकार्यलाई अघि बढाउन भारत सदैव प्रतिबद्ध रहेको जानकारी नियोग उप-प्रमुखले गराइन्।

# सडकले जोडियो नेपाल र सिक्किम

पाँचथर। भारतको सिक्किम राज्य सडक मार्गबाट नेपालसँग जोडिएको छ। पाँचथरको याङवरक गाउँपालिका-२ चिवाभञ्ज्याङस्थित नेपाल-भारत सीमा क्षेत्रसम्म सिक्किम राज्य सरकारले सडक विस्तार गरेको हो। पुष्पलाल (मध्यपहाडी) लोकमार्गको उद्गम विन्दु चिवाभञ्ज्याङमा सिक्किमबाट समेत सडक विस्तार भएपछि सडक मार्गबाट आवतजावत सम्भव भएको छ। सिक्किम राज्य सरकारले नेपालको सीमासम्म सडक विस्तार गर्ने कार्यलाई प्राथमिकतामा राखेको थियो।

सोहीअनुसार सिक्किम पहिलोपटक सडक मार्गले नेपालसँग जोडिएको हो। सिक्किम (भारत)ले करीब दुई हप्ताअघि सडकको ट्र्याक चिवाभञ्ज्याङमा दशगजासम्म विस्तार गरेको हो। सडकको ट्र्याक खोलिएपछि सिक्किमका स्थानीय सरकारी अधिकारी, जनप्रतिनिधिहरू तथा निर्माण व्यवसायीहरूले चिवाञ्ज्याङ क्षेत्रको अवलोकनसमेत गरेका थिए।

नेपालले २०७० सालमा चिवाभञ्ज्याङसम्म सडकको ट्र्याक विस्तार गरेको थियो। भारततर्फ पश्चिम सिक्किमको उत्तरे बजारसम्म वर्षौं अघि सडक आइपुगेको थियो। सिक्किमले सन् २०१९ मै चिवाभञ्ज्याङसम्म सडक विस्तार गर्ने चर्चा चले पनि निर्माणले गति लिन सकेको थिएन। भौगोलिक कठिनाइका कारण उत्तरेबाट सीमा क्षेत्रसम्म सडक विस्तार कार्यमा ढिलाइ हुँदै आएको थियो।

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह गोलेको सरकारले सीमासम्म सडक विस्तार गर्ने तथा उत्तरे बजारलाई व्यापारिकरूपमा विकास कार्यलाई प्राथमिकता राखेअनुसार पछिल्लो पटक निकै द्रूत गतिमा सडक निर्माण भएको सीमा क्षेत्रका नेपालीको भनाइ छ।

विगतमा चिवाभञ्ज्याङबाट करीब चार घण्टा पैदल यात्रापछि उत्तरे पुग्न सकिन्थ्यो। सडक विस्तारपछि करीब डेढ घण्टामा चिवाभञ्ज्याङ-उत्तरे यात्रा हुनसक्ने सिक्किमको 'सिक्किम न्यूज' ले जनाएको छ। उत्तरे बजारबाट सोकपाखा, जरिबुटे, भालुवाले हुँदै सडकको ट्र्याक सीमासम्म विस्तार गरिएको हो। पछिल्ला केही वर्षमा निकै दुर्गम भूगोलमा करीब २५ किलोमिटर नयाँ ट्र्याक खोलिएको हो।

नेपालले चिवाभञ्ज्याङसम्म सडक पुर्‍याएपछि पनि भारततर्फ सडक विस्तार नहुँदा सीमा क्षेत्रका नेपाली चिन्तित थिए। तर सीमासम्म भारतले सडक ल्याएपछि उनीहरु खुसी देखिन्छन्। अब चिवाभञ्ज्याङमा व्यापारिक नाका खोलिनुपर्ने तथा व्यापारिक सम्बन्ध स्थापित हुनुपर्ने उनीहरूको माग छ।

## आर्थिक समाचार

# ग्लोबल आइएमई बैंकको नयाँ शाखा सिरहाको सुखीपुरमा

सिरहा। ग्लोबल आइएमई बैंक लिमिटेडले जिल्लाको सुखीपुर नगरपालिका वडा नं. ८, सुखीपुर बजारमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ। नयाँ शाखाको शुरुवातसँगै बैंकको शाखा कार्यालयहरुको संख्या २६९ पुगेको छ। ग्लोबल आइएमई बैंकले मुलुकभर तथा मुलुक बाहिर गरी सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुर्‍याउने उद्देश्यले ७ वटै प्रदेश तथा ७४ जिल्लामा २६९ शाखा, २४२ एटीएम, २४५ शाखारहित बैंकिङ्ग सेवा, ४७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी करिब ८०० सेवा केन्द्रबाट ग्राहकवर्गलाई सेवा प्रदान गरिरहेको छ। त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको छ।

# महिला ट्रेकिङ्ग उद्यमीहरूलाई प्रभु बैंकद्वारा सहुलियतपूर्ण कर्जा प्रदान

काठमाडौं। प्रभु बैंक लिमिटेडले आइडिया स्टुडियो नेपालसूगको सहकार्यमा सहयात्रा समृद्धिको कर्जा योजनाअन्तर्गत सोलुखुम्बु जिल्ला, खुम्बु पासाङ्गल्हामु गाउँपालिका, वार्ड नं ३, फाकदिङमा विभिन्न २४ महिला ट्रेकिङ्ग उद्यमीहरुलाई सहुलियतपूर्ण कर्जा प्रदान गरेको छ। बुधबार सम्पन्न एक कार्यक्रममा प्रभु बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले महिला ट्रेकिङ्ग उद्यमीहरुलाई कर्जा प्रमाणपत्र हस्तान्तरण गरी उक्त सहुलियतपूर्ण कर्जा प्रदान गरेको बैंकले जानकारी दिएको छ। कोभिड-१९ को मारमा परेको ट्रेकिङ्ग व्यवसाय र नियमित आयआर्जनबाट बिमुख हुन पुगेका महिला ट्रेकिङ्ग उद्यमीहरुलाई ट्रेकिङ्गका लागि चाहिने बन्दोबस्तिका समानहरुको जोहो गरी आरुनो उद्यमव्यवसायलाई पूनः सुचारु गर्दै जीवनस्तर सुदृढ पार्न यस कर्जाले सहयोग गर्ने बिश्वास बैंकले लिएको छ।

# अशोक लेलैण्डका बसहरूको च्यासिस हस्तान्तरण

काठमाडौं। आइएमई ग्रुपअन्तर्गत संचालित आइएमई मोटर्स प्रा. लिद्धारा प्रवर्द्धित अशोक लेलैण्डले काठमाडौंमा एक कार्यक्रम गरी Viking 222 मोडल बसका ग्राहकहरुलाई च्यासिसहरु हस्तान्तरण गरेको छ। व्यावसायिक भ्रमणका लागि नेपाल आउनुभएका प्रेसिडेन्ट इन्टरनेशनल अपरेशन संजय सारस्वतर सार्क राष्ट्रका रिजनल म्यानेजर तन्मय मित्रबाट संयूक्त रूपमाउक्त च्यासिसहरू हस्तान्तरण गरिएको हो। च्यासिस हस्तान्तरण कार्यक्रममा संक्षिप्त मन्तब्य दिँदै प्रेसिडेन्ट संजय सारस्वतले १० वटा बस एकै साथ हस्तान्तरण गर्न पाउँदा ज्यादै खुशी लागेको बताउँदै आफ्ना ग्राहकहरुसँग प्रत्यक्ष अन्तरक्रिया गर्न पाउनु कम्पनीका लागि अर्को महत्त्वपूर्ण प्रगती भएको उल्लेख गर्नुभयो। नेपालमा VIKING 222 को बजारलाई अझै बिकास गर्दै आक्रमक बनाउन सहयोग गर्नु भएकोमा ग्राहकहरुलाई प्रेसिडेन्ट संजयले धन्यवाद दिएका छन्। साथै आगामी दिनहरुमा VIKING 222 लाई अझै बढी प्रवर्द्धन गरी सहयोग गरिदिनुहुन प्रेसिडेन्ट संजयले अनुरोध गर्नुभयो।

# नेपाल र श्रीलंकामा पनि पार्टी विस्तार गर्ने भाजपाको तयारी

काठमाडौं। भारतको सत्तारूढ दल भारतीय जनता पार्टी छिमेकी मुलुक नेपाल र श्रीलंकामा पनि पार्टी विस्तारको योजनामा रहेको त्यहींका एक नेताले बताएका गरेका छन्। त्रिपुरा राज्यका मुख्यमन्त्री विप्लवकुमार देवले राजधानी अगरतालमा आयोजित कार्यक्रममा पार्टी कार्यकर्तामाझ गृहमन्त्री तथा भाजपाका वरिष्ठ नेता अमित शाहलाई सम्बोधन गर्दै यस्तो बताएका हुन्। देवका अनुसार केही समयअघि भ्रमणका क्रममा शाहले भारतका अधिकांश राज्यमा जित हासिल गर्ने र त्यसपछि छिमेकी मुलुकमा पनि पार्टीलाई स्थापित गरेर सरकार बनाउने बताएका थिए। 'राज्य सरकारको गेस्ट हाउसमा चलेको छलफलमा अजय जमवाल (भाजपाको उत्तरपूर्व क्षेत्र सचिव) ले आफ्नो पार्टी भारतका धेरै राज्यमा सरकार बनाउन सफल भएको बताएपछि त्यसको जवाफमा शाहले अब श्रीलंका र नेपाल मात्र बाँकी रहेको हुँदा ती दुई देशमा पनि पार्टी विस्तार गरेर सरकार बनाउन जित्नुपर्छ भन्ने योजना सुनाउनुभयो,' देवलाई उद्धृत गर्दै त्रिपुराको अंग्रेजी अनलाइन इस्ट मोजोले लेखेको छ।

# कोरोना नहटेसम्म नेपाल-चीन नाका नखुल्ने चीनको संकेत

काठमाडौं। गत डेढ वर्षदेखि सीमा नाकामा देखिएको अवरोध हटाउन नेपालले पटक-पटक आग्रह गरे पनि चीनले कोभिड-१९ को महामारी नियन्त्रणमा नआएसम्म दुई पक्षीय व्यापार सहज नहुने जवाफ दिँदै आएको छ। बेइजिङस्थित नेपाली दूतावासले चिनियाँ पक्षसँग कुराकानी गरिरहेको जानकारी दिएको छ। यता परराष्ट्र मन्त्रालयले पनि चिनियाँ पक्षलाई लिखित आग्रह गरेको छ। नेपाली दूतावासका एक अधिकारीले कोभिड-१९ नियन्त्रण आएपछि मात्रै दुईपक्षीय व्यापार सहज हुने जवाफ चिनियाँ पक्षले दिएको बताए। चिनियाँ अधिकारीहरुले कोरोना संक्रमणको हिसाबले तिब्बत एकदमै संवेदनशील स्थानमा रहेकाले नियन्त्रणका लागि विभिन्न कदम चालेको जानकारी गराएका छन्। यसको अर्थ हो, चीन तिब्बतमा महामारी फैलन सक्ने वहानामा नेपालसंगको व्यापार नाका सहज पार्न तयार छैन।





मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **राम** ... **ल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madhes ... ail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं